# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

वि.सं. २०१० साल पौष १९ गतेका दिन पिता हरिप्रसाद पुडासैनी र माता तुलसा पुडासैनीको प्रथम पुत्रका रूपमा काठमाडौँ जिल्लाको तारकेश्वर नगरपालिका वडा नं. ३ गैरी गाउँमा जन्मिएका घनश्याम पुडासैनी आधुनिक नेपाली साहित्यका साहित्यकार हुन् । उनी नेपाली साहित्य जगतमा कवि, गजलकार, आख्यानकार निबन्धकार, यात्रा नियात्राकार तथा समालोचकककका रूपमा चिनिन्छन् । वाल्यकालदेखि नै नेपाली भषा र साहित्यमा चासो राख्ने साहित्यकार पुडासैनीले २०३१ सालमा नेपाल सरकारको हुलाक प्रशिक्षण केन्द्रद्वारा प्रकाशित **हुलाक** पत्रिकामा **चिठी** शीर्षकको कविता प्रकाशन गरेर साहित्यिक यात्राको प्रारम्भ गरेका हुन् । उनका थुप्रै फुटकर रचना कृतिहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन भएका छन् । उनले २०४७ सालमा त्रिभुवन विश्वविद्यालयकाट नेपाली भाषा साहित्यमा स्नातकोत्तर गरेका र हाल विद्यावारिधि प्राप्तिको उत्तरार्द्धमा पुगेका छन् । वाल्यकालदेखि हालसम्म साहित्यमा निरन्तर कलम चलाइरहेका पुडासैनीका विभिन्न कृतिहरू प्रकाशित भएका छन् । उनको हालसम्म दुईओटा साहित्यिक कृति र दुईओटा शैक्षिक पुस्तक प्रकाशन भएका छन् । उनले **ज्ञानशक्ति** (२०५२) सामान्यज्ञान सङ्ग्रह लेखन तथा सम्पादन गरेका छन् । उनका पहिलो साहित्यिक पुस्तकका रूपमा **अचूक अस्मिता** (२०६३) कवितासङ्ग्रह प्रकाशित भएको र यसैगरी **आत्मघातपछिको अभिव्यक्ति** (२०७२) कथासङ्ग्रह प्रकाशित भएको छ । यसका साथै विभिन्न विधाका पुस्तकहरूको अध्ययन, विश्लेषण, समीक्षा एवम् समालोचना लेखन कार्यमा पनि सक्रिय हुने गरेका पुडासैनीका यी बाहेक विभिन्न पत्रपत्रिकामा साहित्यिक स्तम्भहरूका साथै प्रशस्त लेखरचनाहरू पनि प्रकाशित भएका छन् ।

## १.२ समस्याकथन

नेपाली साहित्यमा २०३१ सालदेखि अनवरत साधनारत साहित्यकार पुडासैनीले भाषा र साहित्यको क्षेत्रमा योगदान दिएका छन् । नेपाली समाजको

यथार्थतालाई साहित्यको माध्यमबाट सार्वजनिक गर्न रुचाउने पुडासैनी साहित्यद्वारा वर्तमान समाजलाई दर्शाउने देशप्रेमी तथा राष्ट्रसेवक प्रवृत्तिका छन् । उनी रचना कर्ममा मात्र नभै साहित्यक जागरणका लागि पनि सक्रिय छन् । राजधानीमा रहेर केन्द्रीय प्रतिभा समान साहित्यको सेवामा महत्त्वपूर्ण योगदान गर्नुभएका साहित्यकार पुडासैनीका बारेमा विभिन्न पत्रपत्रिकामा सामान्य चर्चा र अन्तर्वार्ता बाहेक गहन रूपमा अध्ययन भएको पाइँदैन । त्यसैले घनश्याम पुडासैनीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत अध्ययन गरिनुपर्ने आवश्यकता देखिन्छ । यसर्थ प्रस्तुत शोधकार्य पुडासैनीका बारेमा निम्नलिखित समस्याहरूसँग सम्बद्ध भएर गरिने छ :

(१) घनश्याम पुडासैनीको जीवन के-कस्तो रहेको छ ?

(२) घनश्याम पुडासैनीको व्यक्तित्व के-कस्तो रहेको छ ?

(३) घनश्याम पुडासैनीको साहित्यिक यात्रा के-कस्तो रहेको छ ?

(४) घनश्याम पुडासैनीको कृतिहरू के-कति र के-कस्ता रहेका छन् ?

## १.३ शोधकार्यका उद्देश्यहरू

विशेषः समस्यामा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य हो । समस्याको सुव्यवस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्याविश्लेषण र समाधान के कसरी गर्ने ? भन्ने कुरामा केन्द्रित रहेर गरिने यस अध्ययनका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(१) घनश्याम पुडासैनीको जीवनीको अध्ययन गर्नु,

(२) घनश्याम पुडासैनीको व्यक्तिका विविध पाटाहरू केलाउनु,

(३) घनश्याम पुडासैनीको साहित्यक पक्षको निरूपण गर्नु,

(४) घनश्याम पुडासैनीको कृतिहरूको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा २०३१ सालमा **चिठी** शीर्षकको कविता लेखन तथा प्रकाशनबाट सुरु भएको उनको साहित्यिक यात्रा अहिले कथा, कविता, गीत, नियात्रा, लेख, समालोचनासम्म पुगेको छ । उनी नेपाली साहित्यमा कवि,

आख्यानकार र समालोचकका रूपमा चिनिन्छन् । बाल्यकालदेखि हालसम्म साहित्मा निरन्तर कलम चलाइरहेका पुडासैनीका हालसम्म विभिन्न कृतिहरू प्रकाशित भएका छन् । **ज्ञानशक्ति** (सामान्यज्ञान सङ्ग्रह), **अचूक अस्मिता** (कवितासङ्ग्रह) र **आत्मघातपछिको अभिव्यक्ति** (कथासङ्ग्रह) प्रकाशन भएका छन् । यी बाहेक पुडासैनीका विभिन्न पत्रिकामा साहित्यिक स्तम्भहरूका साथै प्रशस्त लेखरचनाहरू पनि प्रकाशित भएका छन् । पुडासैनीका बारेमा विभिन्न पत्रपत्रिकामा परिचयात्मक तथा समीक्षात्मक लेखहरू प्रकाशन भएका छन् । ती फुटकर समीक्षात्मक टिप्पणीलाई पूर्वकार्य समीक्षाका रूपमा लिन सकिन्छ :

कृष्णप्रसाद पराजुलीले **अचूक अस्मिता** (२०६३) मा *अचक अस्मितामा अचूक निशाना* शीर्षकको लेखमा "उनको यस कविता सङ्ग्रहमा समाज, देश, प्रकृति, गाउँठाउँ, जीवन, मन, सहिद, समय, आशा, आकांक्षा र संकल्प आदि भाववस्तुका चित्र कोरिएको पाइन्छ । त्यस चित्रमा एउटा गोरेटोको निशाना छ । समग्रमा त्यही उनको अचूक अस्मिता हो । उनको कवितामा दम छ र त्यस दमले एकदमै उत्कृट हुन सक्ने छनक देखाएको छ" भनी चर्चा गरेका छन् ।

मोहन दुवालले **अचूक अस्मिता** (२०६३) *प्रकाशकीय* शीर्षकमा "घनश्याम पुडासैनी नेपाली भाषा साहित्यको क्षेत्रमा आफूलाई चिनाउँदै आइरहनु भएका एक साहित्यिक स्रष्टा हुनुहुन्छ" भनी चर्चा गरेका छन् ।

लुमडी आचार्यले **केही समीक्षा केही संस्मरण** (२०६६) समालोचना सङ्ग्रहमा *अचूक अस्मिताको सेरोफोरो* शीर्षकको समालोचनात्मक लेखा "स्रष्टा घनश्याम पुडासैनीको अचुक अस्मिता साहित्यको क्षेत्रमा पहिलो कृति भए पनि यो नै उनबाट सिर्जित पहिलो रचना चाहिँ होइन । उनी साहित्यका धेरै विधामा परिचित व्यक्ति हुन्" भनी चर्चा गरेका छन् ।

दयाराम श्रेष्ठले **आत्मघातपछिको अभिव्यक्ति** (२०७२) कथासङ्ग्रहमा *मन्तव्य* शीर्षकको लेखमा "घनश्याम पुडासैनी सामाजिक यथार्थलाई मनोविज्ञानको सहायताबाट सटिक बनाउ सक्ने क्षमताच भएका हस्क्षताक्षर हुन्" भनी चर्चा गरेका छन् ।

दीपेन्द पुडासैनीले **तारकेश्वर आवाज मासिक पत्रिका**, वर्ष १, अङ्क ६, पूर्णाङ्क ६, पृ. ३४ मा *अचूक अस्मिता कृति समीक्षा* शीर्षकको समालोचनात्मक

लेखमा "घनश्याम पुडासैनी राष्ट्रिय भक्तिभावले ओतप्रोत, देशप्रेम, प्रणय र श्रृङ्गारिक तथा प्राकृतिक यथार्थ प्रस्तुत गर्ने कवि हुन्" भनेर चर्चा गरेका छन् । यसरी घनश्याम पुडासैनीका बारेमा सामान्य चर्चा परिचर्चा भए पनि समग्र अध्ययन नभएको कारण यो शोधकार्य गर्न आवश्यक रहेको छ ।

## १.५ अध्ययनको औचित्य

घनश्याम पुडासैनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई गरिने यस शोधबाट उनका बारेमा विस्तृत जानकारी प्रस्तुत गरिने छ । उनका बारेमा तथा उनका कृतित्वका बारेमा वस्तुगत एवम् प्रमाणिक जानकारी लिन चाहनेहरूका लागि यो शोध उपयोगी हुनेछ । साहित्यकार पुडासैनीको साहित्यिक जीवनलाई वस्तुगत रूपमा प्रस्तुत गरिने भएकोले व्यक्ति तथा संघसंस्था जो कसैलाई पनि उपयोगी हुन सक्छ । यस्तै नेपाली साहित्यको इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा पुडासैनीको स्थान निर्धारण गर्न पनि यस शोधपत्रले सहयोग पुऱ्याउने छ । त्यसले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहने छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

यस अध्ययनमा घनश्याम पुडासैनीको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पाटाहरूलाई समेटिएको छ । उनका कविता, उपन्यास, समालोचना लगायतका विधामा हालसम्म प्रकाशित भएका कृतिहरूको मात्र अध्ययन विश्लेषण यस शोधले गर्ने छ । उनका साहित्यिक व्यक्तित्वको चर्चाको क्रममा भने उनका फुटकर रचनाहरूलाई समेत आधार बनाइने छ । कृतिहरूको अध्ययन गर्दा विधातत्त्वका आधारमा विश्लेषण गरिने छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र लेखनका क्रममा सामग्री सङ्कलनका लागि पुस्तकालयीय पद्धतिको प्रयोग गरिने छ । यसका साथै शोधनायक एवम् उनका आफन्तहरूसँग आवश्यकता अनुसार अन्तर्वार्ता लिइने छ । उनका बारेमा आएका परिचयात्मक लेख तथा उनका कृतिका बारेमा गरिएका फुटकर समालोचनाहरू पनि यस शोधलेखनका

क्रममा प्रयोग गरिने छ । यसका साथै शोधनिर्देशक तथा अन्य विषय विज्ञाहरूसँगको परामर्शबाट सामग्री सङ्कलन गरिने छ । सङ्कलित सामग्रीहरूको अध्ययन विश्लेषण गरी निष्कर्ष तयार पारिने छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्रको सङ्कलित सामग्रीलाई विशेष गरी परम्परित पद्धतिको प्रयोग गरी विश्लेषण गरिने छ । यसका साथै सङ्कलित सामग्रीको अवस्था हेरेर ऐतिहासिक, वर्णनात्मक, तुलनात्मक, विश्लेषणात्मक आदि शोधविधिहरू यथोचित रूपमा प्रयोग गरिनेछ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित तथा व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि तल प्रस्तुत गरिएका छओटा परिच्छेदमा विभाजन गरिएको छ । अध्ययनका क्रममा आवश्यकता अनुसार परिच्छेदहरूमा शीर्षक तथा उपशीर्षकहरू थपघट गरिने छ । प्रस्तुत शोधपत्रको परिच्छेदगत ढाँचा निम्नानुसार रहने छ :

परिच्छेद एक : शोधपत्रको परिचय

परिच्छेद दुई : घनश्याम पुडासैनीको जीवनी

परिच्छेद तीन : घनश्याम पुडासैनीको व्यक्तित्व

परिच्छेद चार : घनश्याम पुडासैनीको कविता कृतिको अध्ययन र विश्लेषण

परिच्छेद पाँच : घनश्याम पुडासैनीको कथा कृतिको अध्ययन र विश्लेषण

परिच्छेद छ : सारांश तथा निष्कर्ष

परिशिष्ट

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# घनश्याम पुडासैनीको जीवनी र व्यक्तित्व

## २.१. घनश्याम पुडासैनीको जीवन

### २.१.१ विषयप्रवेश

मानिसको जीवनमा आउने जन्मदेखि मृत्युसम्मका घटनाक्रमलाई जीवन भनिन्छ । यस जीवनीमा जीवन भोक्ता व्यक्तिको जीवनकै मसग्र कथा प्रस्तुत गरिन्छ । जीवन भोगाइका क्रममा व्यक्तिले फरक-फरक किसिमबाट आफ्नो जीवनको परिचय दिइ विभिन्न कार्य सम्पन्न गरेको हुन्छ र यस्ता जीवनका सन्दर्भहरूलाई नै जीवनी भनिन्छ । कवि कथाकार, निबन्धकार, समलोचक लेख सम्पादक जस्ता विविध बहुमुखी साहित्यिक प्रतिभा भएका घनश्याम पुडासैनीको जीवनलाई यहाँ सन्दर्भअनुसार अध्ययन गरिन्छ ।

घनश्याम पुडासैनीको जीवन, व्यक्तित्व र कृतित्वमा केन्द्रित शोधको यस परिच्छेदमा पुडासैनीको समग्र जीवनको अध्ययन प्रस्तुत गरिएको छ । यिनको जीवनीको चर्चाका क्रममा यिनको वंशगत, पुर्ख्यौली, जन्म र जन्मस्थान, वाल्यकाल, शिक्षादीक्षा, विवाह र सन्तान, संलग्नता, आर्थिक अवस्था, साहित्यिक संलग्नता, कार्यक्षेत्र, जीवनदर्शन, भ्रमण, प्रेरणा र प्रभाव, उनका प्रकाशित अप्रकाशित कृति, लेख र फुटकर रचनाहरूको विभिन्न शीर्षक उपशीर्षकमा चर्चा गर्दै अन्त्यमा जीवनीको समग्र स्वरूपको निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ ।

### २.१.२ वंश परिचय

साहित्यकार घनश्याम पुडासैनीले दिएको जानकारी अनुसार यिनका आफ्ना जीजुबा देवनारायण पुडासैनी हुन् भने उनका दुईजना छोराहरू तारानिधि र तुलसीनारायण पुडासैनी हुन् । यीमध्ये तारानिधिका छोरा हरिचरण पुडासैनी र र बुहारी हरिमाया पुडासैनी हुन् । हरिचरण पुडासैनी र हरिमायाका चारभाइ छोराहरूमा मीत्रलाल, हरिप्रसाद हिरामणि र भीमप्रसाद रहेका छन् । हरिप्रसादका दुइवटी श्रीमती तुलसा पुडासैनी (जेठी) र चन्द्रकुमारी पुडासैनी (कान्छी) हुन् । जेठी तुलना पुडासैनीका छजना छोराछोरीहरू जन्मिएका छन् । जसमध्येका छोराहरू

घनश्याम पुडासैनी (शोधनायक) जेठो, श्रीहरि पुडासैनी, दामोदर पुडासैनी, छोरीहरू सावित्री, कान्छी र कमला हुन् भने कान्छी श्रीमती चन्द्रकुमारीबाट स्व. रामहरि पुडासैनी र छोरीहरू रमा र अम्बिका हुन् ।

### २.१.३ पुर्ख्यौली

कुनै पनि स्रष्टाको जीवनीको पृष्ठभूमिका क्रममा पुर्ख्यौलीको अध्ययन अपेक्षित हुन्छ भने यस क्रममा शोधनायक घनश्याम पुडासैनीको पुर्ख्यौली थलोलाई हेर्दा सर्वप्रथम नुवाकोट जिल्लाको भ्याङ्ली कुमरी (पोखरी) मा यिनका पुर्खा बसेका थिए । यसपछि पुडासैनीको जिजुहजुरबुबा भ्याङ्ली कुमरीबाट काठमाडौँ बसाइसराइँ गरी आउनु भएको र उहाँका हजुरबुबा तथा बुबाहरू काठमाडौँ जिल्लाको तीजपुर फेदीस्थित पाँचमानेमा बसोवास गर्नुभएकोले उहाँहरूलाई पाँचमानेका पुडासैनी भनेर पनि चिनिन्छ भने हाल शोधनायक पुडासैनी काठमाडौँ नगरपालिका वडा नं. १६ नयाँबजारमा आफ्ना सपरिवार बसोवास गर्दै आएका काठमाडौँ बसाइँ सर्ने वासिन्दा भएको देख्न सकिन्छ ।

### २.१.४ जन्म र जन्मस्थान

घनश्याम पुडासैनीको जन्म वि.सं. २०१० पैष १९ गते (२ जनवरी, १९९४) का दिन पिता स्व. हरिप्रसाद पुडासैनी र माता तुलसा पुडासैनीको तीन दिदीहरू पछि पहिलो छोराको रूपमा भएको देखिन्छ भने पुडासैनी पछि पनि दुई भाइहरू श्रीहरि पुडासैनी र दामोदर पुडासैनीको जन्म भएको देख्न पाइन्छ ।

पुडासैनीको जन्म तारकेश्वर नगरपालिका वडा नं. ३ फेदी गैरीगाउँमा भएको थियो । उनको न्वारनको नाम घनश्याम पुडासैनी हो भने उनलाई बोलाउने नाम र साहित्यिक फाँटमा पनि घनश्याम पुडासैनीकै नामले सुपरिचित छन् ।

पुडासैनी थर भएका ब्राह्मण वंशका पुडासैनी गोत्रका हिसाबले ‘कौशिकी’ गोत्रका ब्राह्मण रहेको तथ्य फेला पर्दछ (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.१.५ बाल्यकाल

घनश्याम पुडासैनीको वाल्यकाललाई हेर्दा यिनका पिताले दुई विवाह गरेका कारण दुई गुणका सन्तानहरू धेरै थिए । जसका कारण घरमा सानो उमेरदेखि नै

आर्थिक अवस्था कमजोर भएको थियो फलस्वरूप भाइबहिनीहरू धेरै भएका कारण भाइबहिनीसँग नै रमाउने, खेल्ने र चल्ने गरेर दिनहरू वित्दथ्यो । यति हुँदाहुँदै पनि पुडासैनी भने वाल्यकालदेखि नै जिज्ञासु, उत्सुक, तीष्ण वुद्धि र गम्भीर स्वभावका रहेका थिए । उनले सानै उमेरदेखि नै मेलापातमा जाने र आफ्नो खेतीपातीमा काम गर्नुपर्ने यथार्थता थियो (शोधनायकबाट प्राप्त जानकारी) घरमा पिताले वेद, उपनिषद, गीता, महाभारत, रामायण जस्ता ग्रन्थहरू पढ्ने हुनाले उनी वाल्यकालदेखि नै आध्यात्मिक ज्ञानतर्फ आकर्षित भएका थिए ।

### २.१.६ शिक्षादीक्षा

मानसिको पहिले पाठसाला घरपरिवार हो भने झैं घनश्याम पुडासैनीले आफ्नै पिताबाट अक्षर चिन्ने काम गरेका थिए (शोधनायकबाट प्राप्त जानकारी) । पुडासैनीको प्रारम्भिक शिक्षा खड्वालकोट प्रा.वि. फेदी वजारमा कक्षा १ देखि ५ सम्म भयो । पुडासैनीले कक्षा ६ नपढिकन कक्षा ७ देखि कक्षा १० सम्म ग्रामसेवा मा.वि. धर्मस्थलीबाट भएको थियो । त्यस समयमा ग्रामसेवा मा.वि.मा प्रवीणता प्रमाणपत्र नभएका कारण पाटन संयुक्त क्याम्पसबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेका थिए । २०३६ सालको जनआन्दोलनका कारण लामो समयसम्म क्याम्पसहरू बन्द रहेको थियो (शोधनायकबाट प्राप्त जानकारी) । त्यसभन्दा पछिको पढाइ पुडासैनीले स्नातकोत्तर तह तथा स्नातकोत्तर तह पद्मोय विस्तार क्याम्पस (प्रभाइभेट) बाट स्नातक तह र त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट स्नातकोत्तर तह उत्तीर्ण गरी हाल नेपाल संस्कृत विश्वविद्यालयबाट 'गुरुप्रसाद मैनालीका कथामा पूर्वीय आदर्श चेन' विषयमा विद्यावारिधि उपाधि आर्जनको अन्तिम चरणमा पुगेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.१.७ विवाह र सन्तान

#### २.१.७.१ विवाह

जब मानिस जन्मिन्छ उसले वाल्यकाललाई पार गर्दै यौवन अवस्थामा पुगेपछि आफूलाई व्यवहारिकतामा ढाल्नको निम्ति विवाह वन्धनमा वाँधिन पुग्छ ।

घनश्याम पुडासैनी पनि किशोर अवस्थामा प्रवेश गरेपछि २०३० साल फागुन महिनामा काभेपलञ्चोक जिल्ला हनुमान खर्क गा.वि.स. निवासी पिता यज्ञ

निधि गौरीपिप्ले र माता दोलकुमारी गैरीपिप्लेका पाँचजना छोराछोरीमध्ये दुईजना दाजुहरू पछि जेठी छोरी भगवती गैरीपिप्ले गैरेसँग विवाह वन्धनमा बाँधिए भगवती पछि दुईजना बहिनीहरू रहेका छन् । उनी विवाह हुँदा सामान्य पढलेख गर्न सक्ने अवस्थाकी मात्र रहेको देखिन्छ ।

### २.१.७.२ सन्तान

घनश्याम पुडासैनीको विवाह २० वर्षको उमेरमा भएको पाइन्छ । विवाह भएको करिब चार वर्ष पछि वि.सं. २०३४ सालमा पहिलो छोरा दीपक पुडासैनीको जन्म भएको थियो । त्यसको चार वर्षपछि वि.सं. २०३८ सालमा दोस्रो सन्तानको रूपमा छोरा दीपेन्दको जन्म भयो । त्यसैगरी वि.सं. २०४ सालमा छोरी दीपशिखाको जन्म भयो । यसैगरी उनको सन्तानका रूपमा दीपक, दीपेन्द र दीपशिखा गरी तीन सन्तानको जन्म भएको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.१.८ संस्थागत संलग्नता

साहित्य र शिक्षणलाई आफ्नो जीवनको सहयात्री मान्ने पुडासैनी समाजका विभिन्न संघसंस्थामा संलग्न रहेका छन् अध्यक्ष : हरिप्रसाद पुडासैनी स्मृति अक्षय कोष, आजीवन सदस्य जनमत साहित्यिक पत्रिका, सल्लाहकार : पुडासैनी मैत्री समाज, विष्णु युवा क्लब नयाँबजार तथा दामोदर पुडासैनी प्रतिभा पुरस्कार, अध्यक्ष : सिद्धि गणेश मन्दिर निर्माण कार्यसमिति, सदस्य पाँचमाने ऐतिहासिक स्थल निर्माण सुधार समिति तथा विभिन्न सामाजिक संस्थाहरूमा अबद्ध रहेका पाइन्छन् ।

### २.१.९ राजनीतिक संलग्नता

घनश्याम पुडासैनी समाजमा भएको राजनीतिक खेलमा त्यति सहजै मिसिन मन नपराए तापनि २०४७ सालमा निजामती संगठनले वैधानिकता पाएपछि कर्मचारी माफबाट 'प्रगतिशील युवा पार्टी' बाट सचिव समेत हुन पुगेका थिए  पछि प्राध्यापन कार्यमा संलग्न हुँदा प्राध्यापक संघको सभापति समेत भई कार्यकाल पूरा गरेका थिए । उनमा पेशागत प्रतिनिधित्व भने भएको देखिन्छ । हाल अहिले कुनै पनि पार्टीमा आबद्ध नरहेको देखिन्छ ।

### २.१.१० आर्थिक अवस्था

घनश्याम पुडासैनीले सानो उमेरदेखि नै आर्थिक अभाव भेल्नु परेको थियो । दुई गुणका सन्तानहरू धेरै भएका कारण खान लाउन पनि अभाव भएको थियो । केटाकेटी उमेरमा आर्थिक अभाव भएका पुडासैनी अर्काको मेलापातमा गएर पैसा कमाइ आफ्नो पढाइलाई निरन्तरता दिएका थिए । विवाह हुँदा पनि उनको आर्थिक अवस्था अभावै जस्तो थियो । श्रीमतीको माइती पक्ष पनि आर्थिक अवस्था कमजोर भएको देखिन्छ । बालबच्चालाई पढाउन लेखाउन समेत हम्मे-हम्मे परेका पुडासैनीले जब निजामती सेवाका विभिन्न तह पार गर्दै लामो समय अधिकृत स्तरको पदमा रही निवृत्त हुने पुडासैनी हाल निवृत्तिभरण पाइराखेका छन् । भाइ बुहारी, छोरा बुहारी र ज्वाइँ छोरीको परिवारले समेत राम्रो कामकाज गरेका कारण उनको आर्थिक स्थितिले राम्रो रूप लिएको छ । हाल अहिले पनि पुडासैनीले आफूलाई व्यस्त बनाइ जीतपुर उच्च मा.वि. र ग्रामीण आदर्श बहुमुखी क्याम्पसमा प्राध्यापन कार्य गराएबाट पनि उनको आर्थिक अवस्थामा राम्रो भएको देख्न सकिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.१.११ पारिवारिक जीवन

घनश्याम पुडासैनीका हजुरबुबा हरिचरण पुडासैनी र हजुरआमा हरिमाया पुडासैनीका माहिलो छोरा हरिप्रसाद पुडासैनीका दुइवटी श्रीमती थिए । जेठी श्रीमती तुलसा पुडासैनी र कान्छी श्रीमती चन्द्रकुमारी पुडासैनी छन् । तुलसा पुडासैनीका तर्फका छोराहरूमा घनश्याम पुडासैनी प्रथम छोरा हुन् भने घनश्याम पुडासैनीका दुई भाइ र तीन बहिनीहरू रहेका छन् । यसरी शोधनायक पुडासैनीका दुईवटा छोराहरू जेठो डा. दीपक पुडासैनी र कान्छो छोरा दीपेन्द्र पुडासैनी रहेका छन् । उनका एउटी छोरी दीपशिखा छन् । जेठो छोरा डा. दीपककी श्रीमतको नाम अमृता पुडासैनी हो । उनीहरूबाट दुई छोरीहरूको जन्म भएको छ । कान्छो छोरा बुहारीबाट दर्पण र डायना गरी दुई सन्तानहरूको जन्म भएको छ ।

यसरी छोराछोरी र नातीनातिनाबाट हजुरबुवा भएका पुडासैनीले जीवनमा आफू हजुरबुवा हुनेसम्मको सौभाग्य पाएको सुखद अवसरको अवस्था व्यक्त गर्दछन् ।

### २.१.१२ कार्य क्षेत्र

घनश्याम पुडासैनीले लामो समयसम्म निजामती कर्मचारी शाखा अधिकृत भई हाल निवृत्तिभरण पाइ जीवन बिताइरहेका छन् । हाल उनी जीतपुर उच्च मा.वि. र ग्रामीण आदर्श बुहुमुखी क्याम्पसमा प्राध्यापनरत रहेका छन् । जीवनका पूर्वार्धमा जागीरे जीवन र साहित्य सिर्जनामा व्यस्त भएका पुडासैनीले हालसम्म पनि पेशाबाट अवकास पाएपछि पनि जागीरे जीवन र साहित्यिक सिर्जनालाई भने कायमै राखेका देख्न सकिन्छ ।

### २.१.१३ रुचि तथा स्वभाव

रुचि तथा स्वभाव त्यस्तो चिज हो जुन व्यक्तिपिच्छे फरक-फरक हुने गर्दछ । व्यक्तिको रुचि तथा स्वभावको निर्माणलाई घरपरिवार, समाज, प्रकृति, वातावरण तथा कतिपय घटनाक्रमले पनि प्रभाव पारेको हुन्छ ।

घनश्याम पुडासैनीको पनि आफ्नै रुचि तथा स्वभावहरू रहेका छन् । उनको रुचि भनेको साहित्य सम्बन्धी विभिन्न विधाको अध्ययन समीक्षा कथा कविता लेखन एवम् समालोचना र विभिन्न विधामा कलम चलाउनु रहेको छ । पुडासैनी निडर स्वभावका छन् । उनी निर्धन, निमुखा, दीनहीन, दरिद्रताप्रति संवेदनशील रहने र समतामूलक समाज निर्माणका निम्ति अगाडि बढेका देखिन्छन् । शिक्षा क्षेत्रमा आफूले शिक्षा आर्जन गर्नको निम्ति दुःख पाएको अनुभव व्यक्त गर्दै पुडासैनीले जीतपुर उच्च मा.वि., जीतपुर बहुमुखी क्याम्पस तथा ग्रामीण आदर्श बहुमुखी क्याम्पस जस्ता शैक्षिक संस्था स्थापनामा शैक्षिक स्तर उन्नतीका निम्ति शैक्षिक सामाजिक व्यक्तित्वहरूसंग सहभाव राख्दै उनको जीवन शिक्षाप्रति रुचिमूलक रहेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । साथै उनले धार्मिक लेख तथा रचनाहरूको साहित्यिक सिर्जना गरेअनुसार धार्मिक क्षेत्रमा पनि उनको रुचि देख्न सकिन्छ ।

### २.१.१४ जीवन दर्शन

कुनै पनि कार्य गर्दा त्यसलाई पूर्ण रूपमा पूरा गर्नु पर्दछ । मानिसले कहिल्यै पनि आफ्नो कर्तव्यबाट टाढा हुनु हुँदैन जस्तो कठिन परिस्थिति आए तापनि आफ्नो कर्तव्य पूरा गर्नु पर्दछ । विचलित हुनुहुँदैन भाग्यलाई मात्र विश्वास नगरी कर्ममा लगाव दिनुपर्दछ अनि मात्र सफल व्यक्ति हुन सकिन्छ (शोधनायकबाट प्राप्त

जानकारी) । यी र यस्तै जीवनदर्शन बोकेका घनश्याम पुडासैनीले आफ्नो कारण कसैले दु:ख पाउन नपरोस् भन्ने धारणा राख्दछन् । कुनै पनि मानिसको रिस नगरी अगाडि बढेमा अवश्य नै लक्ष्यको बाटोमा पुग्न सकिन्छ भन्ने जीवनदर्शन उनमा रही आएको छ ।

गीता दर्शनका मूल मर्मलाई आत्मसात गर्ने पुडासैनीले भाग्यभन्दा बढी कर्मवादमा विश्वास गर्दछन् । त्यसैले उनी ज्ञान योग, कर्म योग, भक्ति योग तथा समभाव दर्शन आदिलाई केन्द्र मान्दै आदर्श चेतनाप्रति मुखारीत हुन चाहन्छन् । भौतिक वादलाई साथ लिँदै आदर्श मूल्य मान्यतालाई छोड्नु चटक्कै हुँदैन भन्ने धारणा राख्दछन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.१.१५ प्रेरणा र प्रभाव

घनश्याम पुडासैनीको घरमा पिताले वेद, उपनिषद्, गीता, महाभारत, रामायण, विज्ञान सागर जस्ता धार्मिक ग्रन्थहरूको अध्ययन, व्याख्या र विश्लेषण हुने भएकोले उहाँबाट केही कुरा देख्न र पढ्न पर्दछ भन्ने कुराको प्रेरणा प्राप्त भएको थियो । पुडासैनी पाँच छ कक्षामा पढ्दा शिक्षकले 'लियोनार्दो दा भिन्ची' ले झण्डै पाँचसय वर्ष अगाडि धेरै वर्ष लगाएर बनाएको दीव्य दर्शनीय मोनालिसाको चित्र फ्रान्सको पेरिसमा रहेको छ" भनेर भन्दै गर्दा पुडासैनीलाई त्यो मोनालिसाको चित्र हेरेर केही लेख्नु पर्दछ भन्ने प्रभाव विद्यालयका शिक्षकबाट प्राप्त भएको थियो ।

### २.१.१६ भ्रमण

मानिसलाई मनोरञ्जन प्रदान गर्न र ज्ञान हासिल गर्नको निम्ति भ्रमण ज्यादै महत्त्वपूर्ण मानिन्छ । साहित्यकार घनश्याम पुडासैनीले पनि विभिन्न ठाउँमा भ्रमण गरिसकेका छन् । जर्मन, फ्रान्स, स्विट्जरल्याण्ड, निरदल्याण्ड, कतार, कोरिया, सिङ्गापुर, दुवइ तथा चीन र भारतका प्रमुख सहरहरूका साथै नेपालका अधिकांश जिल्लाहरूको भ्रमण गरिसकेका छन् । शोधनायक पुडासैनीले अरू पनि देशहरूको भ्रमण गर्ने प्रवल इच्छा बताएका छन् । उनले आफूले भ्रमण गरेपश्चात विभिन्न तितामीठा यादहरूलाई समेट्दै साहित्यिक सिर्जना गर्दछन् । वि.सं. २०७० सालमा 'मोनालिसाको चित्र पेरिसको यात्रा' नामक यात्रा संस्मरण पेरिसको यात्राका क्रमममा लेखिएको अन्तर्राष्ट्रिय स्तरको संस्मरण हो ।

समग्रमा पुडासैनी भ्रमणमा रुचि लिने भ्रमण गर्न र भ्रमण मार्फत नयाँ-नयाँ ज्ञान र अनुभव पाइ एउटा पाको व्यक्ति बन्ने कुरामा विश्वस्त छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.१.१७ प्रकाशित अप्रकाशित कृति तथा फुटकर रचनाहरू

घनश्याम पुडासैनीका प्रकाशित कृतिहरू दुईवटा रहेका छन् जसमध्ये :

(१) 'अचूक अस्मिता' (२०६३) कवितासङ्ग्रह- जनमत प्रकाशन बनेपा र अर्को

(२) 'आत्मघात पछिको अभिव्यक्ति' (२०७२) कथा/लघुकथा सङ्ग्रह दायित्व वाङ्मय प्रतिष्ठा नेपाल हुन् ।

यी बाहेक यिनका समग्र प्रकाशित फुटकर लेख तथा रचनाहरू यस प्रकार रहेका छन् :

| क्र.सं. | रचना | विद्या | प्रकाशक | मिति |
|---|---|---|---|---|
| १. | चिठी | कविता | हुलाक | २०३१ |
| २. | शक्तिदायक गोरकनाथ एक रोचक चर्चा | लेख | झंकार | २०३५ |
| ३. | नेपालमा हुलाक सेवाको विस्तार | लेख | हुलाक | २०४२ |
| ४. | संयोगको सुरुवात | कथा | लेकाली (सम्पादक पनि) | २०४५ नववर्ष |
| ५. | प्रायश्चित | कथा/ बालकथा | समसामयिक संगालो साहित्य सङ्ग्रह (प्रधान संपादक पनि) | |
| ६. | आजको नारी र तिनको कर्तव्य | लेख | आरोहण साहित्यिक | २०४५, वर्ष ८, अङ्क २ |
| ७. | विभिन्न विशेषता बोकेको पर्व : तिहार | लेख | कान्तिपुर कोशेली | २०५० शनिबार कार्तिक २८ |
| ८. | अशंलग्न आन्दोलन विगतदेखि वर्तमानसम्म | लेख | हिमालय टाईम्स | २०५५ |
| ९. | शैक्षिक विकासमा जीतपुर फेदी | लेख | नेपाल समाचार पत्र | २०६० |
| १०. | काफल डाँडामा साहित्यिक सद्भावना यात्रा | यात्रा संस्मरण | अभिव्यक्ति साहित्यिक पत्रिका | २०६० |
| ११. | बाटो | कविता | चैतन्य ज्योति | २०६१ |
| १२. | अचूक अस्मिता | कविता कृति | जनमत प्रकाशन | २०६३ |
| १३. | त्यो प्रेम | एकाङ्की (सम्पादन) | दामोदर घिमिरे | २०६३ |
| १४. | गीत एक सय एक | कविता (सम्पा.) | दामोदर घिमिरे | २०६३ |

| | | | | |
|---|---|---|---|---|
| १५. | समानान्तर आकाश उपन्यासमा नारी चेतना | समालोचना | Rural Aurora, Vol. 1 | 2012 |
| १६. | गुरुप्रसाद मैनालीको नासो कथामा पूर्वीय संस्कृतिको प्रभाव | समालोचना | Rural Aurora, Vol. 2 | 2013 |
| १७. | शिक्षादीक्षा, शिष्टाचार र व्यक्तित्व विकास | लेख | सिर्नात्मक सौगात | २०६९ |
| १८. | मोनालिसाको चित्र पेरिसको यात्रा (अन्तर्राष्ट्रिय स्तरको) | यात्रबा संस्मरण | सिर्जनात्मक सौगात (सम्पा. सल्लाहकार) | २०७०, वर्ष ४, अङ्क ४ |
| १९. | प्यासा कुल | कविता | सिर्जनात्मक सौगात | २०७१ |
| २०. | पात्रचरित्र चित्रणको परिधिमा मुलुक बाहिर उपन्यास | समीक्षात्मक लेख | जीतपुर दर्पण स्मारिका (प्रधान सम्पा) | २०७४, वर्ष १, अङ्क १ |
| २१. | शिक्षक | कविता | सिर्जनात्मक सौगात | २०७६ |
| २२. | कसरी हुर्कदै छ साहित्यकार र नयाँ प्रतिभाहरू | खोज अनुसन्धानात्मक लेख | मनमैजु सांस्कृतिकसमाज २५ औँ वर्षमा प्रवेश रजत जयन्ती | २०७७ |

अप्रकाशित कृति :

(१) घनश्याम पुडासैनीका कविताहरू

### २.१.१८ सम्मान र पुरस्कारहरू

घनश्याम पुडासैनीले साहित्य तथा सामाजिक सेवामा पुऱ्याएको कदर स्वरूप विभिन्न संघसंस्थाहरूबाट उपाधि, सम्मान तथा कदर पत्रहरू प्राप्त गरेका छन्, ती निम्नानुसार प्रस्तुत गरिएको छ (शोधनायकबाट प्राप्त जानकारी) ।

(१) तन्नेरी द्वैमकासिक पत्रिकाद्वारा 'विशिष्ट तन्नेरी सम्मान- २०६४ भाद्र २४ गते प्राप्त- सार्वजनिक

(२) जनमत साहित्य मासिकको संरक्षक प्रशंसापत्र- २०६४/२/१९ मा प्राप्त

(३) कीर्तिपुर न.पा. समेतबाट आयोजित वक्तृत्वकला प्रतियोगिताको प्रमुख निर्णायक भए वापत प्राप्त प्रशंसापत्र

(४) नेपाल निजामती कर्मचारी सङ्गठनबाट सम्मानपत्र- २०६९ फाल्गुण

(५) जीतपुर फेदी गा.वि.स. बाट प्रशंसापत्र- २०५८/१०/१६

(६) जीतपुर उच्च मा.वि. बाट 'सम्मान पत्र'- २०५८

(७) बोधनाथ स्मृति प्रतिष्ठानबाट सम्मान

(८) श्री कालिकाशरण मा.वि. बाट सम्मानपत्र- २०७६/८/२५

(९) सेमिनार अन मेसेनरी एण्ड इलेक्ट्रोनिक्स इण्डस्ट्रिज फर अफिसियल्स यण्ड इन्टरप्रिनर्स फ्रम डेभलपिङ कन्ट्री विषयको तीन हप्ते सेमिनार- सन् २०११/६/२४ देखि २०११/७/१४ सम्म प्रमाणपत्र प्राप्त २०११ जुलाई ११ मा

(१०) नेशनल मोडल इ. वोर्डिङ स्कूलबाट सम्मान

(११) स्वयंसेवी अभियान नेपाल तथा अन्य विभिन्न संघसंस्था आदिबाट सार्वजनिक सम्मान सहित प्रशंसापत्र प्राप्त

(१२) ओ.भि.ओपी कार्यक्रम थाइल्याण्ड तेल तथा ग्याँस उत्पादन अवलोकन भ्रमण थाइल्याण्ड तालिम प्राप्त गर्नुका साथै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेमिनार संलग्न ।

**२.१.१९ निष्कर्ष**

घनश्याम पुडासैनी नेपाली साहित्यको क्षेत्रमा चर्चित व्यक्ति हुन् । उनले विभिन्न विधामा कलम चलाएर नेपाली साहित्यको फाँटमा छुट्टै अस्तित्व राख्न सफल छन् । काठमाडौँ जिल्लाको जीतपुर फेदी गा.वि.स. वडा नं. २ हालको ता.न.पा. वडा नं. ३ मा २०१० साल पौष १९ गते स्व. हरिप्रसाद पुडासैनी र माता तुलसा पुडासैनीको जेठो छोराका रूपमा जन्मिएका पुडासैनीले दुईवटा साहित्यिक कृतिहरू प्रकाशित गरेका छन् जसमध्ये 'अचूक अस्मिता' (२०६३) कवितासङ्ग्रह जनमत प्रकाशनबाट र 'आत्मघातपछिको अभिव्यक्ति' (२०७२) कथा/लघुकथा दायित्व वाङ्मय प्रतिष्ठान नेपाल प्रकाशनबाट प्रकाशित भएका छन् । पुडासैनीका धेरै फुटकर, लेख, रचना, समालोचनाका साथै यात्रा संस्मरणहरू पनि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भैसकेका छन् । पुडासैनीले साहित्यिक क्षेत्रको अलवा सामाजिक र शैक्षिक क्षेत्रमा पनि अतुलनीय योगदान दिएका छन् ।

समाजमा रहेका सामाजिक राजनैतिक विसंगतिहरूलाई आफ्नो कथा र कविताको विषयवस्तु बनाउने पुडासैनी सरल र सहज ढंगले सामाजिक सुधारको सन्देश प्रस्तुत गर्न सफल देखिन्छन् । जीतपुर बहुमुखी क्याम्पस व्यवस्थापन समितिका सदस्य भइ विभिन्न समयमा विभिन्न संघसंस्थाहरूबाट मान, सम्मान तथा पुरस्कारहरू समेत प्राप्त गरेका छन् ।

वि.सं. २०३१ सालबाट 'चिठी' नामक कविताबाट आरम्भ भएको पुडासैनीको साहित्यिक जीवन हालसम्म पनि निरन्तर रूपमा साहित्यिक, सामाजिक, धार्मिक तथा शैक्षिक क्षेत्रमा उच्च रहेको छ ।

## २.२ घनश्याम पुडासैनीको व्यक्तित्व

### २.२.१ विषयप्रवेश

मानिसको व्यक्तित्व निर्माण उसको जीवनमा घटेका विभिन्न घटना सुख, दुःख, हाँसो, रोदन, पीर र वेदनाबाट निर्धारण गरिएको हुन्छ । व्यक्तिको व्यक्तित्व निर्माणमा पारिवारिक, आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, सांस्कृतिक एवम् त्यस स्थानको वातावरणले प्रभाव पारेको हुन्छ ।

यस परिच्छेदमा घनश्याम पुडासैनीको व्यक्तित्व शीर्षक अन्तर्गत शारीरिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व र साहित्येत्तर व्यक्तित्वलाई अध्ययन गरिएको छ । पुडासैनीको बाह्यक व्यक्तित्व अन्तर्गत शारीरिक व्यक्तिव्य, स्वभाव, खानपिन, व्यवहार जस्ता कुराहरू समेटिएको छ । उनको आन्तरिक व्यक्तित्व अन्तर्गत साहित्यकार व्यक्तित्व, कथाकार व्यक्तित्व, कवि व्यक्तित्व, समालोचक व्यक्तित्व, सम्पादक व्यक्तित्व, संस्मरणकार व्यक्तित्व, खोज अन्वेषक व्यक्तित्व जस्ता व्यक्तित्वहरू समेट्न सकिन्छ भने साहित्येतर व्यक्तित्व अन्तर्गत धार्मिक एवम् सांस्कृतिक व्यक्तित्व, सामाजिक व्यक्तित्व, प्राध्यापकीय व्यक्तित्व जस्ता व्यक्तित्वहरू महत्त्वपूर्ण रहेकाले यस शोधपत्रमा यी व्यक्तित्वहरूको अध्ययन-अनुसन्धानलाई क्रमशः यसरी प्रस्तुत गरिन्छ :

### २.२.२ बाह्य व्यक्तित्व

घनश्याम पुडासैनीको बाह्य व्यक्तित्व सर्लक्क परेर मिलेको जीउडाल छ । उनको बाह्य व्यक्तित्व अन्तर्गत शारीरिक व्यक्तित्व, स्वभाव, खानपिन, व्यवहार जस्ता कुराहरू पर्दछन् । जुनलाई यहाँ यसरी अध्ययन गरिन्छ :

#### २.२.२.१ शाररिक व्यक्तित्व

घनश्याम पुडासैनीको शरीर गहुँगोरो वर्ण मुहार सँधै प्रसन्न र हँसिलो देखिन्छ । करिब ५ फिट ६ इन्च उचाइ भएका सोही अनुसार तौल पनि रहेको छ । अत्यन्त मिलनसार सबैलाई माया गर्ने, सरल र गम्भीर प्रकृतिका देखिन्छन् ।

#### २.२.२.२ स्वभाव

घनश्याम पुडासैनीको स्वभाव शान्त र भावुक किसिमको छ । सबैलाई माया-ममता गर्ने उनको प्रवृत्ति हो । पुडासैनी अन्यायमा परेकाहरूलाई न्याय दिनु पर्दछ भन्ने स्वभावका छन् । वाल्यकालदेखि नै उनमा जिज्ञासु, उत्सुक, तीक्ष्ण वुद्धि र गम्भीर स्वभाव रहेको देख्न सकिन्छ ।

#### २.२.२.३ खानपिन

जीतपुर फेदी गैरी गाउँमा जन्मिएका पुडासैनीले आफू शाकाहारी खाना खान मन पराउँछन् । उनी आध्यात्मिक भएका कारण हत्या, हिंसा गर्नु हुँदैन भन्नै मान्यता राख्दै साधारण र शाकाहारी खाना खान मन पराउँछन् । सामान्य जीवन उच्च विचार राख्नु पर्दछ भन्ने सिद्धान्तका पनि देखिन्छन् ।

#### २.२.२.४ व्यवहार

घनश्याम पुडासैनी मिलनसार भएका हुँदा उनले आफूभन्दा सानालाई माया गर्ने र आफूभन्दा ठूलालाई आदर र सम्मान गर्नुपर्दछ भन्ने भावना व्यक्त गर्दछन् । पुडासैनीका यस्तै व्यवहारका कारण उनलाई सानादेखि ठूला सबैले मन पराउँछन् । समतामूलक समाजको निर्माण गर्नुपर्दछ भन्ने मान्यता राख्ने पुडासैनी वर्गीय, लैङ्गीय, क्षेत्रीय, जातीय विभेद होइन सबैमा समान व्यवहार गर्नुपर्दछ भन्ने भावना राख्दछन् ।

### २.२.३ आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्वमा व्यक्तिभित्र अन्तर्निर्हित गुण, स्वभाव र समग्रमा उसले जीवनमा गरेका महत्त्वपूर्ण कार्यहरूसँग संबद्ध हुन्छ । आन्तरिक व्यक्तित्व भन्नाले व्यक्तिमा निहीत शील, स्वभाव, आचरण र प्रवृत्तिलाई बुझाउँछ । घनश्याम पुडासैनीको आन्तरिक व्यक्तित्वलाई साहित्यकार व्यक्तित्व, कथाकार व्यक्तित्व, कवि व्यक्तित्व, संस्मरणकार व्यक्तित्व र समालोचक व्यक्तित्वहरू पर्दछन् ।

#### २.२.३.१ साहित्यकार व्यक्तित्व

घनश्याम पुडासैनीले सानै उमेरदेखि कथा र कविता लेखनमा रुचि राखे तापनि २०३१ सालमा प्रकाशित 'चिठी' शीर्षक कविता मार्फत नेपाली साहित्यमा

उदाएका पाइन्छन् । उनको यो फुटकर रचना हुलाक पत्रिकाले प्रकाशन गरेको थियो । उनले यो कविता विधाबाट साहित्यमा प्रवेश गरी हालसम्म पनि साहित्यका विविध विधा सिर्जनामा अनवरत रूपमा लागिरहेका छन् ।

### २.२.३.२ कवि व्यक्तित्व

नेपाली साहित्यमा घनश्याम पुडासैनी कवि व्यक्तित्वका रूपमा सुपरिचित छन् । उनले २०६३ सालमा 'अचूक अस्मिता' कवितासङ्ग्रह प्रकाशित गरी नेपाली साहित्यको फाँटमा अमर कवि बन्न पुगेका छन् ।

पुडासैनीको 'अचूक अस्मिता' (२०६३) कवितासङ्ग्रह पहिलो कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा ४६ वटा शीर्षकका कविताहरू सङ्कलन भएका छन् । पुडासैनीले विभिन्न पत्रिकामा अरू फुटकर कविताहरू पनि सिर्जना गरेका छन् । जसमध्ये 'बाटो' (२०६१) चैतन्य ज्योति पत्रिकामा प्रकाशित भएको, 'प्यासा कुल' (२०७१) सिर्जनात्मक सौगात पत्रिकाबाट, 'शिक्षक' (२०७६) सिर्जनात्मक सौगात धेरै फुटकर कविताहरू प्रकाशन भएका छन् । पुडासैनीका यी कविताहरूमा समाजमा रहेका सामाजिक विकृति, विसङ्गति, शोषण, अन्याय र अत्याचारका विरुद्धमा लेखिएका छन् भने कतिपय कविताहरू सन्देशमूलक रहेका छन् ।

### २.२.३.३ कथाकार व्यक्तित्व

घनश्याम पुडासैनीको कथाकार व्यक्तित्व पनि अर्को महत्त्वपूर्ण व्यक्तित्वका रूपमा लिन सकिन्छ । उनको २०७२ सालमा प्रकाशित अर्को दोस्रो कृति भनेको 'आत्मघातपछिको अभिव्यक्ति' हो । यस कथा सङ्ग्रहमा १५ वटा शीर्षक रहेका कथाहरू समेटिएका छन् । सामाजिक यथार्थको धरातलमा उभिएर यस कथा सङ्ग्रहको रचना गरिएको पाइन्छ ।

पुडासैनीले अरू फुटकर कथाहरू पनि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशन गरेका छन् । जसमध्ये 'संयोगको सुरुवात' (२०४५) लेकाली पत्रिकाले प्रकाश गरेको थियो जुन पत्रिकाको संपादन पुडासैनी आफैले पनि गरेका छन् । 'प्रायश्चित' (२०४५) वालकथा समसामयिक संगालो साहित्य सङ्ग्रहबाट प्रकाशित भएको अर्को कथा हो । यस पत्रिकाको पनि पुडासैनीले प्रधान सम्पादन गरेका थिए । उनका कथाहरूमा वालमनोवैज्ञानिकता, सामाजिक यथार्थताको पूर्ण चित्रण पाइन्छ ।

**२.२.३.४ सम्पादन व्यक्तित्व**

घनश्याम पुडासैनीको साहित्यिक यात्राको क्रममा सम्पदान व्यक्तित्व पनि त्यतिकै सशक्त भएर देखा परेको छ । २०४५ सालबाट लेकाली पत्रिकाको प्रधान सम्पादन गरेसँगै उनले विभिन्न पत्रिकाको संपादन गरेका पाइन्छन् । समसामयिक संगालो 'साहित्य सङ्ग्रह' (२०४५) प्रधान संपादक सिर्जनात्मक 'सौगात' (२०७०), वर्ष ४, अङ्क ४ सम्पादक, दामोदर घिमिरेको 'त्यो प्रेम एकाङ्की' (२०६३) सम्पादक दामोदर घिमिरेको 'एक गीत एक सय एक कवितासङ्ग्रह' (२०६३) सम्पादक जीतपुर दर्पण स्मारिका, वर्ष १, अङ्क १ (२०६४) सम्पादक र मन्थन पत्रिका (२०७७) सम्पादन तथा सहयोगीका रूपमा काम गरेका पाइन्छन् ।

**२.२.३.५ यात्रा संस्मरणकार व्यक्तित्व**

साहित्यिक व्यक्तित्वका धनी घनश्याम पुडासैनी संस्मरणकारका रूपमा पनि उभिन सफल भएका छन् । उनका दुईवटा यात्रा संस्मरण प्रकाशित भएको छ । 'काफ्ले डाँडामा साहित्यिक सद्भावना यात्रा' २०६७ सालमा अभिव्यक्ति साहित्यिक पत्रिका मार्फत प्रकाशित भएको छ भने अर्को 'मोनालिसाको चित्र पेरिसको यात्रा' (२०७०) अन्तर्राष्ट्रिय स्तरको यात्रा संस्मरण मान्न सकिन्छ । यो यात्रा संस्मरण 'सिर्जनात्मक सौगात' (२०७०), वर्ष ४ र अङ्क ४ मा प्रकाशित यात्रा संस्मरण हो ।

**२.२.४ साहित्येतर व्यक्तित्व**

घनश्याम पुडासैनी साहित्यिक व्यक्तित्वका अलावा साहित्येतर व्यक्तित्वका रूपमा पनि परिचित रहेका छन् । पुडासैनीले गरेको साहित्यको सिर्जनाभन्दा वाहेकका अन्य विभिन्न क्रियाकलाप साहित्येतर व्यक्तित्वभित्र पर्दछन् । उनको साहित्येतर व्यक्तित्वलाई धार्मिक एवम् सांस्कृतिक व्यक्तित्व, सामाजिक व्यक्तित्व र प्राध्यापन व्यक्तित्व गरी अध्ययन गर्न सकिन्छ ।

**२.२.४.१ धार्मिक एवम् सांस्कृतिक व्यक्तित्व**

घनश्याम पुडासैनी धर्ममा आस्था राख्ने व्यक्ति हुन् । उनले धर्ममा आस्था राख्दै विभिन्न फुटकर लेखहरू प्रकाशित गरेका छन् 'शक्तिदायक गोरखनाथ एक रोचक चर्चा' झंकार प्रकाशन (२०३९) सालमा प्रकाशन गरिएको थियो । रेडियो नेपालबाट प्रसारण हुने धार्मिक कार्यक्रमबाट पनि उनका 'भक्त हरिका बँचीरहेछ ̈'

बोलको गीत धार्मिक भजनहरू पनि प्रसारण हुने गर्दथ्यो (शोधनायकबाट प्राप्त जानकारी । यसकारण पुडासैनी धार्मिक आस्थाप्रति विश्वास गर्दछन् भन्ने कुरा प्रस्ट देख्न सकिन्छ ।

पुडासैनीले आफ्नो धर्म संस्कृतिलाई पनि ठूलो मान्यता दिन्छन् । 'विभिन्न विशेषता बोकेको पर्व : तिहार" (२०४०) कार्तिक २८ गते कान्तिपुर कोशेलीमा प्रकाशन भएको लेख हो । यस लेखमा आफ्नो पर्वलाई महत्त्व दिएका छन् । त्यसैले पनि उनी संस्कृतिलाई बचाइराख्नु पर्दछ भन्ने मान्यता बोक्ने एक सांस्कृतिक व्यक्तित्व हुन् ।

### २.२.४.२ सामाजिक व्यक्तित्व

कुनै पनि मानिसले समाजमा गरेका विभिन्न क्रियाकलापको आधारमा त्यस व्यक्तिलाई चिन्नु भन्ने हुन्छ । सबै मानिसले सामाजिक दायित्वप्रति आफूलाई समर्पित गरेको हुँदैन । जो मानिसले आफ्नो व्यक्तिगत स्वार्थ छाडेर सामाजिक तथा सामूहिक हितका रूपमा चिनिने विशेषतालाई नै सामाजिक व्यक्तत्व भनिन्छ । समाजका उत्पिडित दुःखी गरीवी आदिको सेवा गर्न रुचाउने घनश्याम पुडासैनी समाजसेवी व्यक्तित्व हुन् । सबैलाई माया प्रेम सम्मान गर्नुपर्दछ, एउटा मानवले अर्को मानवप्रति जहिले पनि सहयोगी व्यवहार देखाउनु पर्छ भन्ने मान्यता वा धारणा पुडासैनीको रहेको छ ।

उनले सामाजिक सेवातर्फ जीतपुर उच्च मा.वि. क्याम्पसमा व्यवस्थापन समितिको सदस्य, जनज्योति यूवा क्लबको संरक्षक, पाँचमाने ऐतिहासिक स्थल निर्माण सुधार समिति तथा विभिन्न सामाजिक सेवामा आबद्ध भइ समाजको हित र भलो हुने कार्यमा पुडासैनी निरन्तर लागेका देखिन्छन् । उनका जन्मथलोदेखि लिएर जागिरे थलोसम्म विभिन्न खालका सहयोग गर्दै आएका पाइन्छन् ।

### २.२.४.३ प्राध्यापन व्यक्तित्व

घनश्याम पुडासैनीले निजामती सेवाबाट अनिवार्य अवकास पश्चात २०५८ सालदेखि जीतपुर उच्च मा.वि. मा प्राध्यापनरत रहेका छन् भने २०५९ सालदेखि हालसम्म ग्रामीण आदर्श बहुमुखी क्याम्पस नेपालटारमा स्नातक र स्नातकोत्तर तहमा ऐतिहासिक नेपाली तथा अनिवार्य नेपाली विषयको प्राध्यापनरत रहेका देखिन्छन् ।

### २.२.४.४ जीवनी, व्यक्तित्व र कृतित्व लेखनबीच अन्त सम्बन्ध

घनश्याम पुडासैनी जीतपुर फेदी गैरी गाउँमा जन्मिभएका एक साहित्यकार हुन् । उनी जन्मिभएको ठाउँ ज्यादै विकट र ग्रामीण इलाका भएको हुँदा उनले आफ्नो पढाइलाई निरन्तरता दिनको लागि विभिन्न संघर्षहरू गर्नुपरेको थियो । आफूले शिक्षा लिने क्रममा भएका विभिन्न आन्दोलनका बाबजुत पनि शिक्षालाई निरन्तरता दिई निजामती सरकारी सेवामा समेत कार्यरत पुडासैनीले अवकास प्राप्त पछि पनि आफूलाई व्यस्त राख्नको निम्ति प्राध्यापन सेवामा निरन्तर रूपमा लागिपरेका छन् । समाजमा भएका विभिन्न घटनाक्रमहरूलाई समेट्दै आफ्नो कृति मार्फत पुडासैनीले राम्रो कामको लागि अघि बढ्ने सन्देश साहित्य मार्फत प्रवाह गरेका छन् ।

पुडासैनीले राष्ट्रिय भक्तिभावले ओतप्रोत, प्रेम प्रणय, श्रृङ्गारिकता, प्राकृतिक यथार्थता, नैतिक दृष्टान्त, उपमा उपमेय, बिम्ब र प्रतिकता राजनैतिक व्यङ्ग्यात्मकता, पीडा, रोदन, चित्कार, अशिक्षा, गरिबी, विकृती, विसंगती स्वार्थ आदि कुराहरूलाई समेट्दै आफ्नो व्यक्तिगत जीवनका यथार्थ घटनाहरूलाई समेट्दै उनले साहित्यिक सिर्जना गरेका छन् । यी सम्पूर्ण विशेषताहरू उनका कविता कृति 'अचूक अस्मिता' मा पाउन सकिन्छ ।

आजका शिक्षित युवाहरूले आफ्नो देशलाई चटक्क माया मारेर किन विदेशतर्फ पलायन हुन पुगेका छन् । मान्छेले आफ्नो अमूल्य जीवन त्यसै खेर फाल्नु हुँदैन भन्ने सामाजिक यथार्थपूर्ण भावनाहरू, आर्थिक सांस्कृतिक, पारिवारिक र शैक्षिक अवस्थाको प्रतिबिम्बका रूपमा उतार्दै सोही अनुरूप कविता रचना गरेकाले पुडासैनीको जीवनी, व्यक्तित्व र कृतित्व लेखनका बीच अन्तर्सबन्ध रहेको छ ।

### २.२.४.५ निष्कर्ष

घनश्याम पुडासैनी कथा, कविता, समालोचना, लेख यात्रा संस्मरण जस्ता विभिन्न विधामा कलम चलाउने साहित्यकार हुन् । काठमाडौं जिल्लाको जीतपुर फेदी गैरी गाउँ वडा नं. २ मा जन्मिएका पुडासैनीले साहित्यिक क्षेत्रका साथै प्राध्यापकीय पेशामा समेत उत्तिकै समाहित भएका देखिन्छन् । २०३१ सालबाट सुरु भएको पुडासैनीको साहित्यिक यात्रा आजसम्म पनि उत्तिकै देख्न सकिन्छ ।

पुडासैनीका साहित्यिक कृतिहरू दुईवटा मात्र प्रकाशित भएका छन् । 'अचूक अस्मिता' कवितासङ्ग्रह (२०६३), 'आत्मघातपछिको अभिव्यक्ति' (२०७२) कथा/ लघुकथा सङ्ग्रह उनका थुप्रै फुटकर रचनाहरू पनि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । पुडासैनी सामाजिक क्षेत्रमा पनि गतिशील रहेका व्यक्तित्व हुन् ।

समाजमा रहेका सामाजिक, राजनैतिक विसंगतिहरूलाई आफ्नो कृतिहरूको विषयवस्तु बनाइ कृत रचना गर्न सक्ने क्षमता पुडासैनीमा रहेको देख्न सकिन्छ । उनले आफ्नो कृतिहरू मार्फत समाजलाई सुधारको बाटोमा ल्याउने सन्देश प्रस्तुत गरेका छन् । यसरी साहित्यकार पुडासैनी नेपाली साहित्यको जगतमा एक प्रख्यात व्यक्तित्वका रूपमा साहित्यिक प्रतिभा हुन् भन्न सकिन्छ ।

## तेस्रो परिच्छेद

# घनश्याम पुडासैनीको साहित्यिक यात्रा चरण विभाजन र प्रवृत्ति

### ३.१ पृष्ठभूमि

वि.सं. २०१० साल पौष १९ गते जीतपुर फेदी गा.वि.स. वडा नं. २ गैरी गाउँमा जन्मिएका घनश्याम पुडासैनी काठमाडौंको विभिन्न शैक्षिक संस्थाहरूबाट अध्ययन पूरा गरी हाल विद्यावारिधि कार्यमा व्यस्त छन् । लामो समयसम्म निजामती सेवामा कार्यरत पुडासैनी २०६८ सालमा निवृत्तिभरण भई अवकास जीवनमा हाल प्राध्यापन कार्यमा लागिरहेका देखिन्छन् । उनले विशेषगरी कविता, कथा, समालोचना, लेख, यात्रा संस्मरण, कृति सम्पादन, विविध सिर्जनात्मक विधामा कलम चलाए तापनि उनलाई कविता र कथा विधाले विशिष्ट परिचय बनाउन सफल तुल्याएका छन् । वि.सं. २०३१ सालमा हुलाक प्रशिक्षण केन्द्रद्वारा प्रकाशित 'हुलाक' पत्रिकामा 'चिठी' कविताबाट आफ्नो साहित्य यात्रा आरम्भ गरेका_पुडासैनीका हालसम्म दुईवटा कृतिहरू प्रकाशित भएको छ । (१) अचूक अस्मिता कवितासङ्ग्रह (२०६३), आत्मघातपछिको अभिव्यक्ति (२०६२) कथा/लघुकथा सङ्ग्रह विभिन्न पत्रपत्रिकाहरूमा उनका फुटकर कृतिहरू प्रकाशन भएका छन् । यसरी वि.सं. २०३१ देखि आरम्भ भएको पुडासैनीको साहित्यिक यात्राले पाँच दशक लामो समय पार गरिसकेको छ । विशेषगरी साहित्यिक यात्राको निर्क्यौल गर्दा परम्परागत सापेक्षतामा लेखन गुणात्मक परिणात्मक स्तर विधागत लेखनमा प्राप्ति-अप्राप्तिले लेखकीय उद्देश्य अनुरूप लेखनमा गुणात्मक रूपमा वृद्धि हुँदै गइरहेको लेखन अवस्था तथा साहित्यिक लेखनको स्वरूपलाई मूल आधारका रूपमा अङ्गीकार गर्नु पर्दछ । यसर्थ यहाँ यिनै केही तथ्यहरूलाई आधार मानेर घनश्याम पुडासैनीको २०३१ सालदेखि हालसम्मको साहित्यिक लेखनलाई तीनवटा चरणमा विभाजन गरेर यिनै समष्टि साहित्यिक यात्रामा देखा परेका प्रमुख समग्र गतिविधिहरूलाई स्पष्ट तथा प्रष्ट्याउन, केलाउन र विवेचना गर्न सकिन्छ ।

## ३.२ चरणगत विभाजन

२०३१ सालमा हुलाक पत्रिकामा सर्वप्रथम 'चिठी' नामक शीर्षकको कविता प्रकाशित गरेपछि घनश्याम पुडासैनीले आफ्नो साहित्यिक यात्राको सुरुवात गर्दै कवि, कथाकार, समालोचक, सम्पादक यात्रा संस्मरणकारका रूपमा परिचित बन्न पुगेका देखिन्छन् । त्यसपछि वर्तमान समयसम्म आइपुग्दा नेपाली साहित्यको क्षेत्रमा उनले लगभग पाँच दशकको समयावधि बिताइसकेका छन् । उनका प्रकाशित दुईवटा कृतिहरू रहेका छन् 'अचुक अस्मिता' कवितासङ्ग्रह (२०६३), 'आत्मघात पछिको अभिव्यक्ति' (२०७२) कथा/लघुकथा सङ्ग्रह रहेका छन् । पुडासैनीले लगभग २१ वटा भन्दा बढी फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गरेका छन् ।

यिनै फुटकर र प्रकाशित रचनाहरू वा कृतिहरूलाई आधार मानेर उनको साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### ३.२.१ पहिलो चरण (२०३१ देखि २०४५ सम्म)

२०३१ सालको हुलाक पत्रिकामा 'चिठी' शीर्षकको कविता प्रकाशित भएपछि घनश्याम पुडासैनी साहित्यिक क्षेत्रमा प्रथमपटक प्रवेश गर्न पुगे । उनको यस चरणमा प्रकाशित भएका फुटकर रचनाहरू शक्तिदायक गोरखनाथ एक रोचक चर्चा लेख झंकार प्रकाशन (२०३९), 'भविष्यका ताराहरू बालक र बालहित केही चर्चा' (२०४१) नियोजन विशेषाङ्क, 'नेपालमा हुलाक सेवाको विस्तार' लेख 'हुलाक प्रकाश' (२०४२), 'संयोगको सुरुवात' कथा लेकाली प्रकाशन (२०४५) 'प्रायश्चित कथा' (२०४५) समसामयिक संगालो जस्ता कविता, धार्मिक लेख र कथाहरू यस चरणमा प्रकाशन भएका थिए ।

यो चरण घनश्याम पुडासैनीको साहित्यिक यात्राको सुरुवाती चरण हो । यस चरणमा उनले कविता धार्मिक लेख र कथाहरूमा आरम्भ र विकासको संज्ञा दिनुपर्दछ ।

### ३.२.२ दोस्रो चरण (२०४५ देखि २०६० सम्म)

यस चरणको प्रथम प्रकाशित रचनाका रूपमा 'आजका नारी र तिनको कर्तव्य' (२४५) आरोहण साहित्यिक वर्ष ८, अङ्क २ विभिन्न विशेषता बोकेको पर्व : तिहार लेख (२०५०) कान्तिपुर कोशेली शनिबार कार्तिक २८, 'अशंलग्न आन्दोलन

विगतदेखि वर्तमानसम्म' लेख (२०४५) हिमालय टाईम्स, शैक्षिक विकासमा जीतपुर फेदी लेख (२०५८) नेपाल समाचारपत्र 'काफल डाँडामा साहित्यिक सद्भावना यात्रा' यात्रा संस्मरण (२०६०) अभिव्यक्ति साहित्यिक पत्रिका जस्ता फुटकर रचनाहरू प्रकाशित भएका छन् ।

यस प्रकार यस द्वितीय चरणमा पुडासैनीका क्रमश: विभिन्न निजात्मक लेखहरू र यात्रा संस्मरणात्मक लेख वा रचना प्रकाशित हुन्छन् । पुडासैनीको साहित्यिक लेखनको यस चरणलाई कलात्मक मूल्य र गुणात्मक प्राप्तिका दृष्टिले उत्कर्षको संज्ञा दिनुपर्छ र यो यिनको लेखनको उत्कृष्ट समयाविन्दु हो भन्नु पर्दछ । विधागत लेखनका दृष्टिले गुणात्मक परिणात्मक दुवै रूपमा उत्कृष्ट लेखन हुन पुगेको छ । यात्रा संस्मरण लेखनका दृष्टिले पनि यो चरणलाई उत्कर्षको संज्ञा दिनुपर्छ ।

### ३.२.३ तृतीय चरण (२०६१ देखि हालसम्म)

यस चरणको पहिलो रचना 'बाटो' शीर्षकको कविता (२०६१) चैतन्य ज्योतिले प्रकाशन गरेको थियो । यस फुटकर रचनालाई 'अचूक अस्मिता' कवितासङ्ग्रहभित्र पनि सङ्ग्रहित गरिएको छ । 'अचूक अस्मिता' कवितासङ्ग्रह (२०६३) जनमत प्रकाशन, त्यो प्रेम एकाङ्की (२०६३) दामोदर घिमिरेको सम्पादन, गीत एक सय एक कवितासङ्ग्रह (२०६३) दामोदर घिमिरेको सम्पादन, 'समानान्तर आकाश उपन्यासमा नारी चेतना Rural Aurora, Vol-1 (2012) समालोचना, 'गुरुप्रसाद मैनालीको नासो कथामा पूर्वीय संस्कृतिको प्रभाव' Rural Aurora, Vol-2 (2013) समालोचना, 'शिक्षादीक्षा, सिष्टाचार र व्यक्तित्व विकास' निजात्मक लेख (२०६९) सिर्जनात्मक सौगात, 'मोनालिसाको चित्र पेरिसको यात्रा' अन्तर्राष्ट्रिय स्तरको यात्रा संस्मरण (२०७०) वर्ष ४, अङ्क ४ सिर्जनात्मक सौगात, आत्मघात पछिको अभिव्यक्ति (२०७२) कथा/लघुकथा सङ्ग्रह दायित्व वाङ्गमय प्रतिष्ठान पात्र चरित्र चित्रणको परिधिमा मुलुक बाहिर उपन्यास समीक्षात्मक लेख २०७४ वर्ष १, अङ्क १ जीतपुर दर्पण स्मारिका 'शिक्षक' कविता (२०७६) सिर्जनात्मक सौगाता, कसरी हुर्कदैछ साहित्य, साहित्यकार र नयाँ प्रतिभाहरू ? (२०७७) खोज अनुसन्धानात्मक लेख मनमैजु सांस्कृतिक समाज २५ औं वर्षमा प्रवेश रजत जयन्ती

. . . . . .

घनश्याम पुडासैनीका साहित्यिक यात्राको यस चरणमा प्रकाशित दुईवटा सङ्ग्रहहरू प्रकाशन भएका छन् । यस चरणमा पुडासैनीको लेखनगत प्राप्तिले अन्त्युत्कृष्ट स्वरूप ग्रहण गरेको छ ।

## ३.३ चरणगत प्रवृत्तिहरू

नेपाली साहित्यलाई दुईवटा पुस्तकाकार प्रकाशित कृति टक्र्याउने घनश्याम पुडासैनीका प्रकाशोन्मुख अवस्था रहेका दुईवटा कृतिहरू छन् । पुडासैनीको साहित्यिक लेखन यात्राको सुरुवात २०३१ सालमा प्रकाशित 'चिठी' कविताबाट सुरु भएको हो । त्यस पछिका यात्राहरूमा लगभग दई दर्जनभन्दा बढी फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । यिनै प्रकाशित कृति र फुटकर लेख तथा रचनाहरूका आधारमा यिनको साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरी अध्ययन गरिएको छ । समग्रमा पाँच दशक लामो साहित्यिक साधनामा समर्पित घनश्याम पुडासैनीको साहित्यिक लेखनले लेखनका विविध घुम्ती र आयाम मात्रै प्राप्त गरेको छैन बरु यी विभिन्न घुम्ती र आयाम ग्रहण गर्ने क्रममा अनेकन विधागत नव्य, नूतन, नवीनतम स्वरूप अङ्गीकार गर्दै आफूलाई अघि बढाएको छ । यी समष्टि लेखनगत प्रवृत्तिलाई यहाँ चरणगत रूपमा यसरी प्रस्तुत गरिन्छ :

### ३.३.१ प्रथम चरणगत प्रवृत्ति

घनश्याम पुडासैनीको साहित्यिक यात्राको प्रथम चरणलाई आरम्भ र विकासको संज्ञा दिनुपर्छ । यस चरणमा पुडासैनेली लेखनीले साहित्यिक लेखनको थालनीका साथै क्रमिक रूपमा यस चरणमा लेखनगत गुणात्मक विकास हासिल गर्न सक्षम भएको छ । यस चरणमा कविता, लेख र कथा प्रथम चरणका उपलब्धि हुन् । यसै चरणमा पुडासैनीको लेखनमा धार्मिक लेखनप्रति झुकाव रहेको देख्न सकिन्छ भने यस चरणमा प्रकाशित भएका कवितामा सामाजिक, राजनैतिक र प्राकृतिक पक्षको चित्रण पाइन्छ । यिनको 'संयोगको सुरुवात' कथाले समाजमा भएको सामाजिक अन्धविश्वासको जालोमा नारी कसरी समर्पित हुन पुग्दछिन् भन्ने यथार्थ चित्रण प्रस्तुत गरिएको छ । 'शक्तिदायक गोरखनाथको चर्चा' गरिएको लेखनबाट धार्मिक भावना ओतप्रोत भएको देख्न सकिन्छ ।

समग्रमा यिनका यतिबेलाका साहित्यिक प्रवृत्तिलाई केलाउँदा निम्न रूपमा यिनको साहित्यिक प्रवृत्ति झुल्किदै अघि बढेको थियो भन्नुपर्दछ :

- यिनका कवितामा सामाजिक राजनैतिक, शैक्षिक, प्राकृतिक पक्षको चित्रण प्रयोगमा प्रवृत्त हुने ।
- समग्रमा समाजमा घटेका घटनालाई टपक्क टिपेर त्यसलाई कथात्मक रूप दिने क्रममा मनोविश्लेषाण्को प्रयोगमा प्रवृत्त हुने ।
- नारी वेदनाप्रतिको यथार्थ घटना समाजमा नारी जातिका समस्या टिपेर कथामा सजाउने ।
- ऐतिहासिक विषयवस्तुको चित्रण साथै धार्मिक रूपमा गोरखनाथ भगवानलाई शक्तिको रूपमा चर्चा
- आध्यात्मिकतालाई अनुसरण गर्दै धार्मिक लेख रचनातर्फ उन्मुख प्रवृत्ति
- समसामयिक तथा जनचेतनामूलक लेख
- यौन मनोविश्लेषण यौनप्रतिको निष्ठा
- गद्य लेखनको आरम्भ
- पर्यावरणीय विश्लेषण ।

समग्रमा साहित्यिक लेखनका बहुविधा फाँटमा यात्रा गर्ने मात्र होइन गुणात्मक परिणति पनि हत्याउन सक्नुपर्छ भन्ने तर्फ सदैव सचेष्ट हुने मुख्यतया केही सफलता र केही अभ्यास लेखन एवम् प्रयासका रूपमा ठडिएको यो चरणमा पुडासैनीलाई कवितामा प्राकृतिक, सामाजिक राज नैतिक पक्षको चित्रण कथामा मनोवैज्ञानिक विश्लेषणको प्रयोग समाजमा नारी जातिका समस्यालाई टिपेर कथामा सजाउने ऐतिहासिक र धार्मिक भावना समसामयिक र जनचेतनामूलक लेखनमा प्राप्त सफलताले यिनलाई साहित्यिक यात्रामा सरीक हुनमा थप आत्मबल प्रदान गर्छ ।

### ३.३.२ द्वितीय चरणगत प्रवृत्ति

घनश्याम पुडासैनीको साहित्यिक लेखनको यो चरणलाई कलात्मक मूल्य र गुणात्मक प्राप्तिका दृष्टिले उत्कर्षको संज्ञा दिनुपर्दछ र यो यिनको लेखनको उत्कृष्ट

रूपमा विन्दु हो भन्नुपर्दछ । आजसम्मकै पुडासैनीको साहित्यिक लेखनको मूल्याङ्कन गर्दा द्वितीय चरण साहित्यिक विधागत लेखनका दृष्टिले गुणात्मक र परिणात्मक दुवै रूपमा उत्कृष्ट लेखन समय हुन पुगेको छ ।

कविता लेखन कथा लेखनका रूपमा मात्र सीमित नभएर नियात्रा वा यात्रा संस्मरणकारका रूपमा यिनको लेखन औधि ओजस्वी बन्न पुगेको छ । समग्रमा छवटा प्रकाशित फुटकर रचनाभित्र उदाएका विविध विधागत प्राप्ति प्रवृत्तिलाई यहाँ यसरी चर्चा गर्नु सान्दर्भिक देखिन्छ :

- दोस्रो चरणको पुडासैनीको समसामयिक लेखनले गुणात्मक उत्कृष्ट स्वरूप आत्मासात गर्दै यात्रा संस्मरणमा ठोस नवीन उपलब्धि हासिल गरेको छ ।
- यस चरणको अर्को उपलब्धि भनेको यिनको निजात्मक लेखनी शैली सशक्त हुँदै अघि बढेको छ ।
- दोस्रो चरणको मुख्य उपलब्धिका रूपमा यात्रा संस्मरणात्मक र्कतिलाई लिन सकिन्छ । नुवाकोटस्थित काफल डाँडामा भएको 'साहित्यिक सद्भावना यात्रा' को क्रममा त्यस ठाउँमा मानिसहरूले अतिथिप्रति गरेको सत्कार र विभिन्न साहित्यकारहरूका रोचक कविता, गीत र गडाल वाचनले उक्त ठाउँमा साहित्यकारहरूको भूमिका ठूलो रहेछ भन्ने कुरा यस यात्रा संस्मरणमा उल्लेख छ । समग्रमा भाषिक मिठासपन र रोचक प्रस्तुतीकरण साथ लेखिएको यस कृतिले नेपाली साहित्यलाई नै भाषिक एवम् कलात्मक मिठासले मधुकर तुल्याउन औधि दरिलो क्षमता हासिल गरेको छ ।
- अन्तर्राष्ट्रिय द्वैत सम्बन्ध स्थापित गर्नमा सहयोग ।

यसप्रकार दोस्रो चरणको पुडासैनीको साहित्यिक प्रवृत्तिको निक्यौंलमा पुग्दा प्रस्ट हुन्छ । यस चरणमा उनका ठोस उपलब्धिका रूपमा यात्रा संस्मरण एवम् विभिन्न समसामयिक लेखनीहरूलाई लिन सकिन्छ ।

### ३.३.३ तृतीय चरणगत प्रवृत्ति

घनश्याम पुडासैनीले साहित्यिक यात्राको यस तृतीय चरणमा प्रकाशित दुईवटा कृतिहरू प्रकाशित भएका छन् । यस चरणमा पुडासैनीको लेखनगत प्राप्तिले

अत्युत्कृष्ट स्वरूप ग्रहण गरेको छ । कलात्मक मूल्यका दृष्टिले अत्युत्कृष्ट कलत्मक मुख्यसहितको निश्चित दिशा र क्षेत्र समेत निर्माण गर्न सफल भएको छ । प्रथम चरणदेखि आरम्भ भएको समसामयिक लेखनले द्वितीय चरणमा आएर कलात्मक विकसित रूप प्राप्त गर्दै तृतीय चरणमा आइपुग्दा सफल कृति स्वरूप दुईवटा सङ्ग्रहहरू प्रकाशित भएका छन् ।

यस चरणमा पुडासैनीको समालोचनात्मक लेखन निकै फस्टाएको छ । मूलतः यस चरणमा अन्तर्राष्ट्रिय स्तरको समालोचनात्मक लेख पनि उपलब्धिका रूपमा लिन सकिन्छ । समग्रमा पुडासैनीका यस चरणमा फुटकर रचना र पुस्तककार कृतिहरू भित्र निम्न प्रवृत्तिहरू भेट्न सकिन्छ :

- कवितामा बिम्ब र प्रतीकता तीव्र रूपमा देखापरेका
- राष्ट्रिय भक्तिभावमा आधारित
- विभिन्न निजात्मक लेखमा नारी सम्मान सशक्त रूपमा देखिनु
- समाजमा भएका विसङ्गति र विकृतिप्रति व्याङ्ग्य प्रहार
- सामाजिक यथार्थ घटनालाई जस्ताको तस्तै उतार्न खोज्नु
- समाजमा भएका अन्याय अत्याचार गरीबी, बेरोजगारी, कुरीती, कुसंस्कार जस्ता समस्याहरू देखाउन खोज्नु
- समाजमा भएका नव साहित्यकारहरूको खोजी गर्नु तथा उनीहरूको प्रतिभाबारे खोज अनुसन्धान गर्नु
- अन्तर्राष्ट्रिय स्तरको यात्रा संस्मरणात्मक लेखनी पनि यस चरणको उपलब्धि मान्न सकिन्छ
- मानवतावादी र समतामूलक समाज निर्माण
- रसमा आधारित कविता रचना गर्नु ।

## ३.४ निष्कर्ष

घनश्याम पुडासैनीले 'चिठी' कविता (२०३१) देखि 'कसरी हुर्कदै छ साहित्य, साहित्यकार र नयाँ प्रतिभाहरू ? (२०७७) नामक अनुसन्धानात्मक लेखसम्म

आइपुग्दा लगभग पाँच दशक लामो साहित्य यात्रालाई पूरा गरिसकेका छन् । आफ्नो पाँच दशक लामो साहित्य यात्रामा उनले विभिन्न चरण र मोडहरू पार गर्दै अगाडि बढिसकेका छन् । विशेषगरी समाजमा भएका गरीबी, वेरोजगारी, विकृति, विसङ्गति, द्वन्द्वकालीन अवस्थाको पीडा, रोचन, चित्कार समस्या एवम् जटिलतालाई समेत कविताका माध्यमबाट सन्देश प्रवाह गर्न खोजेका छन् ।

सुरुमा साहित्यलाई आरम्भ र विकासको संज्ञा दिँदै विधागत लेखनको दृष्टिले गुणात्मक परिणात्मक दुवै रूपमा उत्कृष्ट लेखन हुँदै लेखनगत प्राप्तिले अत्युत्कृष्ट स्वरूप ग्रहण गरेको देखिन्छ । यिनै प्रवृत्तिलाई आत्मसात गर्दै पुडासैनीले साहित्यिक यात्रालाई निरन्तरता दिँदै वर्तमान समयसम्म पनि कथा, कविता समालोचनाका साथै विभिन्न लेख रचनाहरूको रचना र प्रकाशनमा निरन्तरता लागेका छन् ।

# चौथो परिच्छेद

# घनश्याम पुडासैनीको कृतित्वको अध्ययन तथा विश्लेषण

## ४.१ पृष्ठभूमि

२०३१ सालमा 'चिठी' कविताबाट साहित्यिक लेखनमा पाइला चालेका घनश्याम पुडासैनीले झण्डै पाँच दशकभन्दा लामो साहित्यिक यात्रा पूरा गरिसकेका छन् । हालसम्म पनि साहित्यिक गतिविधिमा अग्रसर पुडासैनीले दुईवटा कृतिहरू प्रकाशन गरेका छन् । यीमध्ये 'अचूक अस्मिता कवितासङ्ग्रह (२०६३) र आत्मघातपछिको अभिव्यक्ति कथा/लघु कथा सङ्ग्रह (२०७२) जस्ता दुईवटा कृतिहरू प्रकाशित भएका छन् । उनका धेरै लेख तथा फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा अझ पनि छिरलिएर रहेका छन् । उनका प्रकाशित कृतिहरूको यस परिच्छेदमा अध्ययन तथा विश्लेषण गरिएको छ ।

## ४.२ 'अचूक अस्मिता' कवितासङ्ग्रहको विश्लेषण

### ४.२.१ परिचय

२०६३ सालमा जनमत प्रकाशन बनेपाद्वारा प्रकाशित 'अचूक अस्मिता' पुडासैनीको पहिलो कवितासङ्ग्रह हो । ६१ पृष्ठ रहेको यो सङ्ग्रहमा अग्रिम ५ पृष्ठ समेत समावेश रहेका छन् । गद्य, पद्य दुवै शैलीले गर्दा यो कविता ज्यादै रोचक र घतलाग्दो रहेको छ । यस सङ्ग्रहमा जम्माजम्मी ४६ वटा परिवेशीय कविताहरू समायोजित छन् । जुनमा प्रकृति, संस्कृति, राजनीति, इतिहास धर्म दर्शन प्रेम सामाजिक मनोदशा आदि थुप्रै परिवेशहरू यस कवितामा समेटिएको छ । १९ वटा गद्य र २७ वटा पद्य कवितामा सङ्ग्रहित यस कृतिलाई मोहन दुवाल जनमत प्रकाशन बनेपाद्वारा प्रकाशन गरिएको छ ।

अचूक अस्मिता कवितासङ्ग्रह भित्र रहेका कविताहरूमा राष्टिय भक्तिभाव, नारी सम्मान, सामाजिक, आर्थिक पक्षको व्याङ्ग्य, बिम्ब र प्रतीकता, प्रकृति प्रेमी, प्रेम प्रणय, नैतिक दृष्टान्त श्रृङ्गारिकता, दृष्टान्त, उपमा उपमेय, समसामयिकता, संझोग र वियोगपूर्ण अवस्था, द्वन्द्वकालमा भएका पीडा, रोदन, चित्कार, समस्या एवम् जटिलतालाई समेत यस अचूक अस्मिता कवितासङ्ग्रहमा समेटिएर वर्णन गरिएको पाइन्छ ।

अचूक अस्मिता कवितासङ्ग्रहभित्र कवितालाई विषयसूचीको आधारमा ४६ वटा शीर्षकहरू रहेका छन् । यस अन्तर्गत बाटो, सङ्कल्प, अचूक अस्मिता मेरो देश चम्कियोस, परीक्षा, भक्त बनी, चाहिएन, सम्मोहित भइदिन्छ्यौ मर्नतयार मनहरू, शरदऋतु, प्रितको आयु, मिल्कन्छन् काँडाहरू, आत्मागाथा, इच्छा, जोगाऔँ, सत्कर्ममा लम्कँदै अनुभूति, सुदृष्टि, शहीद, अस्तित्व, सार्थकता, रूपान्तरित सत्यनिष्ठा, अनुकूलताको खोजी, पत्तया, विरह, गाउँ र वस्तीहरू, सिकिरहेको छु, शक्ति सिद्धिदैन, आशामा अडेको स्वकर्म, कुटिल यात्रीहरू, समयका स्वरहरू, मेरी प्रिया वियोग, सर्पको अवसान, जङ्गल, कस्तो-कस्तो कान्छो अद्भूत, घोर वर्षा टुटी फुटे, वीर, वराहक्षेत्र, खोजी निमन्त्रिता, परिवर्तन जस्ता शीर्षकहरू कविता यस सङ्ग्रहभित्र सङ्ग्रहित भएका छन् ।

अचूक अस्मिता कवितासङ्ग्रहमा कविको जीवनका वैयक्तिक उतारचढावका साथै जीवनका भोगाइदेखि, सामाजिक, राजनीतिक साहित्यिक, नारीचेतना, देशप्रेम, प्रकृतिप्रतिको मोह, नैतिकता लगायतका विषयवस्तुलाई समेट्ने प्रयास गरिएको छ । एउटै सङ्ग्रहभित्र छुटाछुटै प्रकृतिका कविता पस्केर सङ्ग्रहलाई रङ्गिन बनाउने प्रयास गरिएको छ ।

४६ वटा शीर्षकहरूमध्ये बाटो, अचूक अस्मिता, परीक्षा सम्मोहित, मर्नतयार मनहरू, अनुभूति, अस्तित्व, इच्छा सार्थकता, रूपान्तरित, अनुकूलताको खोजी, पतया, गाउँघर वस्तीहरू, कुटिल यात्रीहरू, समयका स्वरहरू, खोजी निमन्त्रिता, परिवर्तन आदि १८ वटा कविताहरू गद्यमा र बाँकी २८ वटा कविताहरू पद्यमा सिर्जिएका पाइन्छन् । ६६ छन्दोबद्ध कविताहरूमधये संकल्प, शरदऋतु, मिल्कन्छन् काँडाहरू सत्मार्गमा लम्कदै, शहीद, मेरी प्रिया शार्दुलविक्रीडित छन्दमा व्यक्तिएका कविताहरू हुन् भने बाँकी २२ वटा शीर्षकभित्र मुक्तक, गीति र लोकलयको प्रचूरता भेटिन्छ । लोकछन्दमा अर्थात् मुनामदनमा प्रयुक्त छन्द “मेरो देश चम्कियोस्” यसमा व्यक्तिएका सुरुकै पद्यांशहरू अत्यन्त सुन्दर र भावप्रधान छन् ।

‘अचूक अस्मिता’ कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरू विभिन्न खाले बिम्ब, प्रतीक र अलङ्कारले सुन्दर बनेको छ भने मुक्त छन्द, शार्दूलविक्रीडित छन्द र अनुष्टुप छन्दका प्रयोगले लयात्मक बनाउनुका साथै मिठास थपेको छ ।

अचूक अस्मिता कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरूलाई कविता तत्त्वका आधारमा यहाँ यसरी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.२.२ शीर्षक

कुनै पनि कृतिको मियो भनेको शीर्षक हो । कविले शीर्षकको वरिपरि रहेरै आफ्नो कृतिलाई टुङ्ग्याउँदछ । शीर्षकलाई कृतिको निचोड पनि मान्न सकिन्छ । कृतिभित्रको सम्पूर्ण कुराहरू शीर्षकमा झल्कन्छ । घनश्याम पुडासैनीको 'अचूक अस्मिता" ले पनि कवितासङ्ग्रहको प्रारम्भदेखि अन्त्यसम्मको भाव बोकेका छन् । कविले कवितासङ्ग्रहभित्रको कुनै एउटा कवितालाई शीर्षकको रूपमा दिई सम्पूण कविताको भाव अटाउने गरी शीर्षक चयन गरेका छन् । उनको शीर्षकले महत्त्वपूर्ण अर्थ वहन गरेको छ । सरसर्ती हेर्दा 'अचूक अस्मिता' कवितासङ्ग्रहभित्र द्वन्द्वकालीन अवस्थाको पीडा, रोदन, चित्कार, समस्या एवम् जटिलतालाई समेत कविताका माध्यमबाट सन्देश प्रवाह गर्न खोजेका छन् । मानिसको स्वभावलाई चित्रित गर्न खोजे झैँ देखिए पनि यसमा राष्ट्रिय भक्तिभावले ओतप्रोत, प्रेम प्रणय र श्रङ्गारिकता, नैतिक दृष्टान्त उपमा र उपमेय, बिम्ब र प्रतिकता संयोग र वियोग युक्त अवस्था एवम् राजनैतिक व्याङ्ग्यात्मकता आदि विशेषालाई आत्मासात गर्दै 'अचूक अस्मिता' कवितासङ्ग्रहको शीर्षक चयन गरिएको छ । मानिसको बाहिरी रूप र भित्री व्यवहारमा कतिसम्म फरक छ भन्ने कुरालाई प्रस्ट पार्न शीर्षक सफल छ ।

### ४.२.३ संरचना

'अचूक अस्मिता' कवि घनश्याम पुडासैनीको पहिलो कवितासङ्ग्रह हो । २०६३ मा जनमत प्रकाशन बनेपाद्वारा प्रकाशित कृतिमा ६१ पृष्ठ रहेका छन् । यसभित्र अग्रिम ५ पृष्ठ समेत समावेश छन् । विविधताले भरिपूर्ण यस सङ्ग्रहमा १८ गद्य र २८ पद्य कविताहरू समेटिएका छन् । यो कृति रहेको आवरण पेज नीलो रङ्गको छ । नीलो आकाश, परेवा र लडाकु दीन दुःखी आक्रान्त व्यक्ति आदिको समष्टीगत सेटिङ्मा आवरण पृष्ठ रहेको अचूक अस्मिता मझौला आकारप्रकारमा सजिएको छ । परेवामाथि रहेको आकाशको भागमा कृतिको शीर्षक दिइएको छ भने तल्लो भागमा कविको नाम उल्लेख गरिएको छ । त्यस्तै कृतिको पछिल्लो भागमा परिचय र प्रकाशक त्यसभन्दा पछिल्लो पृष्ठमा वरिष्ठ साहित्यकार प्रा. कृष्णप्रसाद पराजुलीको पुस्तकप्रतिको टिप्पणी राखिएको छ । पिता स्व. हरिप्रसाद पुडासैनी र

माताद्वय तुलसा पुडासैनी र चन्द्रकुमारी पुडासैनीप्रति समर्पित यस सङ्ग्रहको भूमिका मोहन दुवाल 'जनमत प्रकाशन' ले लेख्नुभएको छ भने कवि पुडासैनीले आफ्ना कुरा समेत लेखेका छन् । त्यसैले यस सङ्ग्रहका कविता र भावाव्यक्ति सामग्रीहरूलाई मूल्याङ्कन गर्दा सुन्दर संरचना रहेको मान्न सकिन्छ ।

### ४.२.४ विषयवस्तु/मूलभाव

विषयवस्तु वा भाव कविताको महत्त्वपूर्ण तत्त्व हो । यसमा पनि मूलभाव काव्यको केन्द्रीय रूपमा रहेको छ कुनै पनि कविता कुनै निश्चित विषयवस्तुमा आधारित भएर अगाडि बढेको हुन्छ । आफू जन्मिएको धरातल भोगेको सुख दुःख उकाली ओराली अनि गाउँ राष्ट्र अन्तर्राष्ट्र हुँदै विश्व परिधिसम्म विद्यमान विकृति र विसङ्गति अनि उतारचढावलाई समेटेर कविले कविताको विषयवस्तु बनाएको हुन्छ । समग्र कवितासङ्ग्रहलाई मूल्याङ्कन गर्दा यो सङ्ग्रहका विषयवस्तुमा विविधता पाइन्छ । 'अचूक अस्मिता' कवितासङ्ग्रहको फरक-फरक भाव भएका यी कविताहरूलाई विभिन्न उपशीर्षकमा राखेर यसरी अध्ययन गरिन्छ :

#### ४.२.४.१ राजनीतिक

अचूक अस्मिता कवितासङ्ग्रहमा राजनीतिलाई विषयवस्तु बनाएर लेखिएका कविताहरू प्रशस्त मात्रामा छन् । मर्न तयार मनहरू, परिवर्तन, समयका स्वरहरू, कुटिल यात्रीहरू, रूपान्तरित, गाउँ र वस्तीहरू जस्ता कविताहरू रचना गरिएको छ । मुलुकको राजनीतिक अवस्था, राजनीतिक फोहोरी खेल राजनीतिक उतारचढावको साथै राजनीतिक आन्दोलनबाट प्राप्त परिवर्तन र त्यसले समाजमा पारेको प्रभावलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । कविता मार्फत राजनीतिक खिचातानीको चर्को विरोध, चाकरी र चाप्लुसीवादप्रतिको तीखो व्याङ्ग्य गरिएको छ ।

तत्कालीन राजनीतिक गतिविधिलाई पुडासैनीले यसरी उतारेका छन् :

दिनानुदिन तिमी रङ्ग फेर्दै र जाल वेर्दै
माथि पुग्यौ र विर्स्यौ आफन्तहरू
बरु फेराइका क्रममा रङ्ग
निकै बढ्यो साठगाँठ चमेराहरूसँग पनि
चमेरो आखिर चमेरो न हो . . .

(परिवर्तन, पृ. ६१)

प्रस्तुत कवितामा कविले तत्कालीन आवस्थामा देखिएको राजनीतिकभित्रको वास्तविकतालाई उजागर गरेका छन् । राजनीतिलाई सेवाको रूपमा लिई, देश र जनताप्रति बफादार हुने कसम खाई जनताको माझबाट चुनिएको व्यक्तिले आफू सत्तामा पुगिसके पछि आफन्तहरूलाई नै बिर्सन्छ । स्वार्थी पापीहरूले गर्ने गरेको दल परिवर्तन अनि शत्रुलाई मित्रु र मित्रुलाई सत्रु देख्ने परिपाटीका साथै वाध्यतावस डर र त्रासले गर्दा तल परिवर्तन गर्नुपर्ने स्थितिलाई छर्लङ्ग पारेका छन् ।

नेपालमा प्रजातन्त्र उदयपश्चात कवि पुडासैनीले यसरी पोख्छन् :

नेपाल आमाका तिनै सन्तान
हजारौ हजार शहिदको सपना र
लाखौ लाख जनताको एकताबद्ध आवाजले
कालो युगको अन्त र प्रजातन्त्रको उदय पनि भयो ।

(रूपान्तरित, पृ. २८)

नेपाल आमाका हजारौंहजार शहिदहरूले आफ्नो देशलाई बचाउनको निम्ति र जनताको हक, हित र सुख शान्तिका निम्ति आफ्नो ज्यानलाई आहुति दिई कालो दिनको अन्त्य गर्दै प्रजातन्त्रको उदय भएको कुरा यस कवितामा व्यक्त गरिएको छ ।

तिमीहरूमा गम्भीर
सोच्ने शक्वित छ भने
विराम गर यात्रा
अनि मात्र मुक्त हुनेछौ
सम्भावित भवितव्यबाट

(कुटिल यात्रीहरू, पृ. ४५)

माओवादी द्वन्द्वकालमा भएका हत्या हिंसाका घटनालाई लिएर युद्ध नगरी आफ्नो गन्तव्य के हो त्यसको सहि पहिचान गरी सहि बाटोमा हिँड्न आग्रह गरिएको छ ।

यसरी कवि पुडासैनीले मुलुकमा भएको राजनीतिक खिचातानी, जनप्रतिनिधिहरूको जनविरोध, जनतालाई विकासको प्रलोभनमा पारी जनमतको विपरीत गई राजनीतिलाई पेशाको रूपमा र व्यक्तिगत स्वार्थमा लिप्त हुने राजनीतिकर्मीहरू माथि व्याङ्ग्य प्रहार गरिएको छ ।

#### ४.२.४.२ मानवीय भावना

अचूक अस्मिता कवितासङ्ग्रहमा मानवीय स्वार्थ पूरा गर्ने हेतुले लेखिएका धेरै कविताहरू छन् । समाज र मानिसबीचको घनिष्टता, मानिसले मानिससँग गर्नुपर्ने व्यवहार, सद्भाव, मेलमिलाप अनि भाइचारालाई कविले मिठासपूर्ण तरीकाले प्रस्तुत गरेका छन् । मानवीय भावनालाई कथावस्तु बजाएर लेखिएका कविताहरूमा, मिल्कन्छन् काँडाहरू, सत्कर्ममा लम्कदै, अनुभूति पर्दछन् ।

जे मिल्दछन् घरमा बिहानपखनै मीठो र पीठो जती
बाँडी खाउँ सधै समस्त जनमा आरोग्य औं उन्नति ।
डट्दै पौरखले मिलेर धरती यो उच्च पर्दै रहुँ
माया साटुँ सधै अथाह गरिमा त्यो चित्र कोर्दै रहुँ

(मिल्कन्छन् काँडाहरू, पृ. १५)

मानिसले घरमा मीठोपीठो जे पाक्छ हाँसीखुसी खाएमा सधैंभरि शरीरमा रोग नलागी उन्नती गर्न सकिन्छ र सबै मिले एक आपसमा माया साटासाट गर्ने हो भने युयौ युगसम्म वाट्न सकिन्छ भन्ने मानवीय धारणा गरेका छन् ।

वीहानी पखको सुकोमल रवी फैलन्छ डाँडातिर
गैरो दृष्टि पुगे सबैतिर घुमी के पो नदैख्ने छ र
स्वाभिमानी भै डटौं पलपलै सत्कर्ममा लम्कदै
वाडौं दुःख रमेर वन्धुजनमा शुख शान्तिमा फैलदै ॥

(सत्कर्ममा लम्कदै, पृ. १९)

जसरी बिहानपखको घाम सबैतिर फैलन्छ त्यसैगरी मानिसले पनि आफ्नो स्वाभिमानलाई नछाडी सत्कर्ममा लाग्यो भने आफ्नो र आफन्तमा सधैंभरि सुख, शान्ति र आरोग्य हुन्छ भन्ने मानवीय भाव व्यक्त गरेका छन् ।

यसरी अचूक अस्मिता कवितासङ्ग्रहभित्र मानवीय भावनाले प्रेरित मूलभाव लुकेको प्रस्ट देख्न सकिन्छ ।

#### ४.२.४.३ देशप्रेम

अचूक अस्मिता कवितासङ्ग्रहमा कवि पुडासैनीले राष्ट्र र राष्ट्रियतालाई विषयवस्तु बनाएर देशप्रेमले भरिपूर्ण कविताहरू रचना गरेका छन् । राष्ट्रिय स्वाभिमानलाई बचाउनुपर्छ भन्ने धारणा राख्ने कविले रचना गरेका राष्ट्रसँग समर्पित कविताहरूमा सङ्कल्प, अचूक अस्मिता, मेरो देश चम्कियोस्, भक्त बनी,

सम्मोहित भइदिन्छौ, आत्मागाथा, सुदृष्टि, सत्कर्ममा लम्कदै, जोगाऔं आदि धेरै कविताहरू राष्ट्र प्रेममा आधारित कविताहरू हुन् । युवा, कृषक, विद्यार्थी सबै मिलेर देशको विकास गरौं भन्ने राष्ट्रिय भाव पुडासैनी यसरी व्यक्त गर्दछन् :

हे युवा, कृषक, छात्रछात्राजन हो । सत्कर्ममा लम्कँदै
आफ्नै पौरखले सजाउँ धरती पाखा पखेरा सबै
पोख्दैताललयी प्रकृतिसँगमा संङ्गीत यीनी भर्दछिन्
आफ्नै सन्तति ती सुकर्म धनको रक्षा यिनी गर्दछिन् ॥

(सङ्कल्प, पृ. २)

प्रस्तुत कवितांशमा सबै मिलि सत्कर्ममा लाग्ने हो भने आफ्नो धर्तीलाई विकासको बाटोमा लैजान सकिन्छ । मातृभूमिको पनि चाहना यही छ की आफ्ना सन्तानले प्रकृतिसँग प्रेम गर्दै सत्कर्मको बाटोमा लाग्नु पर्दछ । कवि पुडासैनीले देश विकासको निम्ति सबै एकजुट भएर लाग्न यसरी आब्हान गर्दछन् :

सुनौलो मन्दिर यही धरति हाम्रो श्रेयले गम्भिकयोस्
हिम झै गङ्गा वरदान रहर आमाको बगिदेओस्
पाखुरी साट्ने कर्ममा लाग्ने जाँगर सजिओस्
आजैको श्रम अनन्त याम अटल भैरहोस्

(मेरो देश चम्कियोस्, पृ. ४)

कवि पुडासैनीले राष्ट्र विकास पथमा डटेर अगाडि बढ्न सबैमा आग्रह गरेका छन् । नेपालीहरूले जोस, जाँगर साथ हातमा हात र साथमा साथ गरी आफ्नो कर्ममा लाग्दै जाँगरका साथ देशमा श्रम गर्ने हो भने यो धरती सधैभरि अरू देशको सामू चम्किरहन्छ भन्ने भाव व्यक्त गरेका छन् ।

यसरी कवि पुडासैनीले कविताहरूमा राष्ट्रप्रेम जन्मभूमिप्रतिको आस्था अनि ममता प्रस्तुत भएको देखिन्छ ।

#### ४.२.४.४ प्रकृति प्रेम

अचूक अस्मिता कवितासङ्ग्रहमा प्रकृतिलाई मुख्य विषयवस्तु बनाएर केही कविता रचना गरेका छन् यस्ता कविताहरूमा गाउँ र वस्तीहरू, भक्त बनी, सम्मोहित भइदिन्छौ, शरदऋतु, शक्ति सिद्धिदैन आदि कविताहरू प्रकृति प्रेममा आधारित छन् ।

पाउँछौ कति याँ वनौषीधहरू मिल्कन्न अन्जानमा
धाउँछौं कति कोसि कालिहरूमा थाकिन्न भन्ज्याङमा ।

हाम्रो राष्ट्र त हो कलाकुशलको वीशाल हाम्रो घर
हामी रक्षक हौं सपूत जनहो दायित्व पुरा गर ॥

(शरदऋतु, पृ. १३)

प्रस्तुत कवितामा कविले प्रकृतिमाथि अगाध माया राख्दै आफ्नो प्रकृतिभित्र नै विभिन्न जडिबुटीयुक्त औषधीहरू नचिन्दा फाल्ने गर्दछौ यसलाई सही सदुपयोग गरौं, आफ्नो देशमा भएका कलाकौशलतालाई रक्षा गर्नु पर्दछ भन्ने भावना व्यक्त गरिएको छ ।

प्रकृति प्रेमी पुडासैनीले आफ्नो देशभित्र भएका प्राकृतिक संरचनालाई रक्षा गर्नु पर्ने कुरा यसरी व्यक्त गर्दछन् :

चढ्दैनन् देउरालीमा फूलपाती
र चौतारो भत्केको छ
क्षितिज हेर्ने मान्छेहरू नै नभएपछि
चौतारीको मोहकता पनि
अबोध जीव वाहेक कसले पाउने ?

(गाउँ र वस्तीहरू, पृ. ३७)

प्रस्तुत पंक्तिमा पुडासैनीले प्राकृतिक संरचनाहरूलाई संरक्षण नगरेको अवस्थामा जीर्ण भैसकेको अवस्था व्यक्त गरेका छन् । प्रकृतिले दिएका दिव्य सौन्दर्यहरूलाई मानव जातिले वेवास्ता गर्ने हो भने यस संसारमा निर्जीव जीवहरूको मात्र अस्तित्व रहन सक्छ भन्दै अगाध प्रकृतिको प्रेम प्रकट गरेका छन् ।

### ४.२.४.५ वैयक्तिक भाव

अचूक अस्मिता कवितासङ्ग्रहमा कविले आफ्ना अन्तरमनका भावनालाई छताछुल्ल पारेका छन् । व्यक्तिगत भोगाई, अनुभव, पारिवारिक समस्या, मन दुःखेको कुरा अनि अन्तर्मनमा सल्बलाएका भावनालाई मुख्य विषयवस्तु बनाएर कविताको माध्यमबाट प्रस्तुत गरेका छन् । यस सङ्ग्रहभित्र अनुभूति, मर्न तयार मनहरू सुदृष्टि आदि कविताहरूमा व्यक्तिभाव व्यक्त भएका छन् :

मेरो माया सबैतिर छरिएको हुन्छ
मेरो छाया माटोभरि भरिएको हुन्छ
दुःख पनि सुख मान्ने मेरै अनुभूति
पाखुरीको पौरखीमा हाक्ने जनज्योति

(सुदृष्टि, पृ. २२)

यहाँ कविले आफूले गरेको माया सबैतिर छरिदै दुःख जति परे तापनि माया पाएको खण्डमा त्यो दुःख पनि सुखमा परिणत हुन जान्छ र जे कार्य गर्न पनि अगाडि बढ्न सकिन्छ भन्ने आफ्नो वैयक्तिक धारणा व्यक्त गरेका छन् ।

आफ्ना सन्तानप्रति भएका अन्याय र अत्याचार भएको एउटी आमाले कसरी भविष्यको चिन्ता गर्दछिन् भन्ने भाव पुडासैनीले यसरी व्यक्त गरेका छन् :

अनन्त कालसम्म
नैरास्यको परिवेशमा
सन्तानको भविष्य नियाल्दै
सदैव खुम्चिएर जिउनु पर्दा

(अनुभूति, पृ. २०)

यहाँ कविले आमाको वास्तविक परिभाषा दिन खोजेका छन् । आमाले आफ्ना सन्तानको भविष्यका निम्ति धेरै नै दुःख र सङ्घर्ष गर्नुपर्ने र सोही अनुरूप आफ्नो इच्छा र आकांक्षालाई मार्दै सन्तानलाई सुखी पार्न आफू सदैव खुम्चिनु पर्ने भाव व्यक्त गरेका छन् ।

### ४.२.४.६ अस्तित्वबोध

अचूक अस्मिता कवितासङ्ग्रहमा अस्तित्वबोधलाई पनि मुख्य विषयवस्तु बनाएर लेखिएका कविताहरूमा अस्तित्व, अचूक अस्मिता, मर्न तयार मनहरू जस्ता कविताहरूमा अस्तित्वबोधको छनक पाइन्छ ।

आतिनसम्म आतियौं
दिएर दुःख विरालाले
निराश भएका हामीहरू
सास फेर्न नपाउदै

(अस्तित्व, पृ. २४)

प्रस्तुत कवितामा मान्छेले आफ्नो अस्तित्व खोज्नको निम्ति बिरालारूपी दानवले दुःख दिएको अवस्थामा निरास भएर सास फेर्दै आफ्नो अस्तित्व कायम राख्नको निम्ति लड्नुपर्ने यथार्थलाई कविले छर्लङ्ग पारेका छन् ।

मान्छेको जीवनको मूल्य
वनमाराको पाँजोभित्र छुन सक्छ
सयपत्री सुन्दर थुङ्गा पनि
कृपया नकाटिदिनू
एउटै मेसोमा

(अचूक अस्मिता, पृ. ३)

प्रस्तुत कवितामा कवि पुडासैनीले मानिसको जीवनको अस्तित्व वनमा हुने झारसँग तुलना गरेका र यदि मानिसले सुन्दर रूपी जीवनलाई वनमाराको झार सम्झी अस्तित्व विहीन बनाई दु:ख र दर्द दिन हुँदैन भन्ने भाव व्यक्त गरिएको छ ।

### ४.२.४.७ धार्मिक भावना

आस्तिक स्वभाव भएका कवि पुडासैनी भक्ति भावमा अग्रसर देखिन्छन् आफूलाई ईश्वर भक्तिमा लगाउने रुचाउने कविले भक्तिभावनाले ओतप्रोत कविताहरू लेखेका छन् अचूक अस्मिता कवितासङ्ग्रहमा भक्ति भावना भएका कविताहरू खोजी, वराह क्षेत्र, शक्ति सिद्धिँदैन, सिकिरहेको छु, सत्य निष्ठा जस्ता कविताहरूमा धार्मिक भावना ओतप्रोत भएको देखिन्छ ।

हरितालिका उपवासको दिन
निराहर छन् महिलाहरू
चौतारी, द्यौराली र देवस्थल
रङ्गिएको छ विशेष रमझमले

(खोजी, प. ५८)

नेपाली हिन्दू नारीहरूको महान चाड हरितालिकाको दिनमा महिलाहरू निराहर व्रत वारी विभिन्न तीर्थस्थलहरूमा रमाउँदै र खुसी हुँदै चाड मनाएको धार्मिक भावना यस कवितामा व्यक्त भएका छन् ।

मानिसले धार्मिक भावना मनमा लिनुपर्दछ भन्ने विचारहरू पुडासैनीले यसरी व्यक्त गरेका छन् :

मान्छेको सत्व हो धर्म, भई धार्मिक बाँच्नु छ ।
सत्कर्ममै रमाएर सत् कीर्ति छाड्नु पर्छ ॥
सत्यसीमा ननाघी जो धर्म पालना गर्दछ ।
सम दु:ख सुखी शान्त भई सन्तुष्टि पाउँछ ॥

(सत्य निष्ठा, पृ. ३०)

मानिसको ज्ञान भनेको धर्म हो । मानिसले धार्मिक भावना मनमा लिई बाँच्नु पर्दछ । आफू सत्कर्ममा लागी कुनै पनि कीर्ति राख्नु पर्दछ । दीनहीन, दु:खी गरीवको सेवा गरी शान्त भई सन्तुष्टि पाउने व्यक्तिले धर्मकर्ममा ३६ भन्ने धार्मिक भावना यस कवितामा पाउन सकिन्छ ।

#### ४.२.४.८ स्रष्टाप्रति सम्मान

नेपाली साहित्यलाई तनमन अनि धनले सहयोग गर्ने पुडासैनीले शहिदहरूलाई स्रष्टाको रूपमा सम्मान गर्नु पर्ने भावना व्यक्त गरेका छन् । उनले शहीदहरूले देखाएको बाटोमा लाग्न सबैलाई हौसला प्रदान गरेका छन् । अचूक अस्मिता कवितासङ्ग्रहमा शहीद कविता स्रष्टाप्रति समर्पित कविता हो ।

तीमी हौ यसका शहीद मुटुले हौ देशका सुनचुरा
तिम्रै ज्योति छरिन्छ राष्ट्रभरमा ओडार औ कन्दरा
सुस्त हौ शिरका अदम्य विरका हौ सुरका वांसुरी
नौला ताल तिमी विराट् जनका हौ सिर्जना मञ्जरी

(शहीद, पृ. २३)

प्रस्तुत कवितामा पुडासैनीले शहीदप्रति श्रदाभाव राख्दै शहीलाई देशको अमूल्य गहना मान्दै शहीदलाई विराट् जनका सिर्जना हौ भनिएको छ ।

#### ४.२.४.९ नारीवादी

कवि पुडासैनीले नारीप्रति सम्मान भाव व्यक्त गर्दै कविता सिर्जना गरेका छन् :

सीता जस्ती छोरी दिने नेपाल हो भूमि
भृकुटी झन् स्नेह गर्थिन् माटो चुमीचुमी

(शक्ति सिद्धिदैन, पृ. ४१)

प्रस्तुत कवितामा कवि पुडासैनीले नारीलाई आदर्शका रूपमा चित्रण गर्न खोजेका छन् । सीता जस्ती आदर्श नारीको जन्म नेपालले दिएको छ भने भृकुटीले पनि नेपाललाई ज्यादै माया गर्थिन् यस्ता नारीहरू नेपाल आमाले जन्म दिएकी छन् भनेर कवि आफ्नो कवितामा नारीवादी आदर्श भएको प्रस्तुति दिएका छन् ।

### ४.२.५ भाषाशैली

भाषा विचार विनिमयको साधन हो । कवितामाम विशिष्ट प्रकारको भाषा प्रयोग गरिन्छ । भाषाशैली भनेको भाव प्रकाशनका लागि गरिने अभिव्यक्ति कौशल हो । कृतिका संरचक घटकका सन्दर्भका भाषा (सङ्केतक) शैली अग्रभूमिकरण (विचलन समानान्तरता) बिम्ब, प्रतीक, लय, छन्द, अलङ्कार आदिको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ (लुइटेल, २०६० : १०६) ।

अचूक अस्मिता कविता सङ्ग्रहमा कविले सरल, सहज तथा आकर्षक देखिने मार्मिक भाषाशैलीको प्रयोग गरेका छन् । आफ्ना अमूर्त धारणालाई मूर्त तथा बोधगम्य बनाउने उनको भाषाशैलीगत प्रयास सार्थक देखिन्छ । यहाँ पुडासैनीका कवितामा पाइने बिम्ब, प्रतीक, अलङ्कार, शब्दचयन जस्ता शिल्पगत विशेक्षता प्रस्तुत गरिएको छ । घनश्याम पुडासैनीका यस कवितासङ्ग्रहमा समावेश कविताहरूमा सरल र सुस्पष्ट भाषा तथा गेयात्मक शैलीको चुनाव गरिएको छ । संस्कृतमा तत्सम शब्द तथा केही आगन्तुक शब्द समेत प्रयोग गरिएका कविताहरूमा प्रयुक्त भाषाशैलीले कवितालाई रोचक र स्पष्ट बनाएको छ ।

अचूक अस्मिता कवितासङ्ग्रहभित्र ४६ वटा कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहका कविताहरू सरल, सहज, बोधगम्य र मिठासपूर्ण छन् । यहाँ प्रयोग गरिएका तत्सम शब्दहरूमा हंसमुख, सम्मोहित, सुरम्य, दायिनी, मुग्ध, तुष्ट, पल्लवी, वासन्ती, पवन, तुच्छ, दृष्टि, शङ्खनाद, मञ्जरी, अद्भूत, अस्मिता, द्वन्द्व लगायतका छन् । तत्सम प्रयोग भएको कविताको पंक्ति तल दिइएको छ ।

हाम्रो इच्छा विशालले देश विशाल बन्छ
एकताले जुटी हिड्ने शङ्खनाद खुल्छ

(सुदृष्टि, पृ. २२)

यसैरी यस कवितासङ्ग्रहमा आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको छ ।

बाहिरी भाषाबाट पाहुनाको रूपमा नेपाली भाषामा आएर जनजिब्रोमा भिजेका आगन्तुक शब्दहरूमा होटल, सिल, मसास आदि रहेका छन् । आगन्तुक शब्दहरूलाई कविले अलि बुझिने गरी प्रयोग गरेका छन् ।

कविले आगन्तुक शब्दलाई कवितामा यसरी प्रयोग गरेका छन् :

ग्राहकको खोजीमा छन्
मसाजकर्मीहरू
मसाज गराउन
व्यस्त छन् पर्यटकहरू

(पत्तया, पृ. ३३)

माथि दिइएको कविताशंमा मसाज शब्द आगन्तुक शब्द हो । यसरी कवि पुडासैनीले अचूक अस्मिता कवितासङ्ग्रहभित्र विभिन्न खाले शब्द अनि शैली प्रयोग

गरेका छन् । कतिपय कवितामा केही जटिल शब्दको प्रयोग भए तापनि भावका दृष्टिले सम्पूर्ण कविता बोधगम्य सरल अनि सरस छन् । कवितामा व्यवस्थित रूपमा प्रयोग गरिएका तत्सम् र आगन्तुक शब्दहरूले कवित्व शैलीलाई उचाइमा पुऱ्याउनुका साथै माधुर्यता थपेको छ । यसका आधारमा भाषाशैलीका दृष्टिले कविता बोधगम्य, सरल, सरस र सहज बनेको छ भन्न सकिन्छ ।

### ४.२.६ बिम्ब तथा प्रतीक

मनोरञ्जनात्मक तरिकाले अप्रत्यक्ष प्रस्तुतिका माध्यमबाट केन्द्रीय भावलाई चिनाउने काम बिम्ब र प्रतीकले गर्दछ । सीमित अर्थमा बिम्ब भनेको छाया दर्पण वा प्रतिबिम्ब हो । साहित्यमा बिम्बले काव्य बिम्बलाई जनाउँदछ । सर्जकको मानसपटलमा रहेका मानसिक तस्वीरलाई सम्मूर्तित तुल्याउनु चित्रात्मक भाषा नै बिम्ब हो (गौतम, २०६० : १) ।

प्रतीक भन्नाले कुनै पनि चिजलाई प्रतिनिधित्व गर्ने सजीव वा निर्जीव वस्तु भन्ने बुझिन्छ । अचूक अस्मिता कवितासङ्ग्रहमा पशस्त मात्रामा बिम्ब र प्रतीकको प्रयोग गरिएको छ । यहाँ प्रयोग भएका बिम्बहरू सरल र स्वभाविक छन् । विभिन्न विषयवस्तु समेटेर लेखिएका कविताहरूको संगालो अचूक अस्मितामा विभिन्न बिम्ब तथा प्रतीकहरूको प्रयोग गरिएको छ । कवि पुडासैनीले अचूक अस्मिता कवितासङ्ग्रहमा प्रयोग गरेका प्रतिनिधिमूलक बिम्बको उदाहरण तल प्रस्तुत गरिएको छ ।

अतिक्रमणको मारमा
चिथोरिएको छ बाटोको वक्षस्थल
आलो घाउ छन् उसका अङ्ग-प्रत्यङ्गमा
छन् खाटा बस्तै र पाप्रा उप्कँदै
नितान्त घायत र असाध्य वेदना खप्दा-खप्दै पनि
उद्यत छ बाटो
सृष्टिलाई अग्रगतिमा उँभो सार्न

प्रस्तुत पंक्तिमा चिथोरिएको छ, वक्षस्थल, घाउ, अङ्ग, प्रत्यङ्ग, खाटा वस्तै, पाप्रा, घायल, वेदना खप्दा, उग्रगति लगायतका शब्दहरू बिम्बका रूपमा आएका छन् भने बाटोलाई प्रतीकको रूपमा प्रयोग गरेका छन् ।

यस कवितासङ्ग्रहमा माया पिरती झल्काउने खालको बिम्बको समेत प्रयोग गरिएको छ ।

तारा टिप्न खोजें मैले चन्द्रमालाई भेट्न
जलाधिमा पुगेछु म तिर्खालाइ मेट्न
तिम्रो रूपको सौन्दर्यमा कति न्यानो तापें
तिम्रो प्रीत सम्झेर नै कति डोरी बाटेँ

(प्रीतको आयु, पृ. १४)

प्रस्तुत पंक्तिमा तारा टिप्न खोजें, चन्द्रमालाई, जलाधिमा पुगेछु, तिर्खालाई मेट्न, तिम्रो रूपको, सौन्दर्य, न्यानो जस्ता शब्दहरू बिम्ब हुन् भने प्रीत प्रतीकका रूपमा रहेको छ ।

यसरी प्रयोगमा आइरहेको बिम्ब र प्रतीकले अचूक अस्मिता कवितासङ्ग्रहलाई मिठास थप्ने काम गरेका छन् । यस्ता बिम्ब र प्रतीकले मूल भावको सहयोगीका रूपमा रहेर गहिराइसम्म पुग्न टेवा पुऱ्याएका छन् ।

### ४.२.७ लय विधान

अचूक अस्मिता कवितासङ्ग्रहमा कविताहरू गद्यात्मक, पद्यात्मक वा गीति शैलीका छन् । गद्यात्मक कविता लयात्मक बनाउनु नै उनको कविताको मुख्य विशेषता हो । यस कवितासङ्ग्रहमा समावेश कविताहरू गद्यात्मक, पद्यात्मक वा गीति शैलीका कविताहरू रहेका छन् ।

अचूक अस्मिता कवितासङ्ग्रहमा १८ वटा गद्य कविताहरू रहेका छन् । यहाँ रहेका हरेक गद्य कविताहरू अन्तर्लयात्मक अनि मिठासपूर्ण छन् । गद्य कविताको प्रतिनिधि अंश यसरी प्रस्तुत गरिएको छ :

पहिले बिरालाहरू पालिन्थे
मार्नको लागि मुसा
अहिले मुसा मार्न छाडेका विरालाहरू
दुध चोर्न
र हामीलाई चिथोर्नैमा मस्त छन्
चियो जति गरे पनि
चोर्न नछोड्ने
फेला पारिहाले पनि उम्कन सक्ने
ए विराला हो ! होशियार
तिमीहरूको पिपलपाते रूप
अव धेरै दिनसम्म टिक्नेछैन

(अस्तित्व, पृ. २४)

यहाँ खराब प्रवृत्ति भएको मान्छे असल मान्छेको आगमनबाट उसको सत्ता धेरै दिनसम्म टिक्न नसक्ने अवस्थालाई अति लयात्मक रूपमा प्रस्तुत गरिएको छ ।

अचूक अस्मिता कवितासङ्ग्रहमा २८ वटा पद्य कविताहरू रहेका छन् । यहाँ रहेका हरेक पद्य कविताहरू गेयात्मकपूर्ण रहेका छन् । पद्य कविताको प्रतिनिधि अंश प्रस्तुत गरिएको छ :

चम्कियो अजब बिजुली, धरती फाटे सरी गर्जियो
कालो बादल कुर्लियो, जगत नै पानी खुबै हर्कियो
लप्का बादलका झरे तल तल, भूमी काम्यो थर्थरी
आँधी बेसरी बढ्यो रूख ढले गर्ल्याम गुर्लुम्मै गरी

(घोर वर्षा, पृ. ५४)

यहाँ भयावह अवस्थालाई चित्रण गर्न खोजिएको छ । प्राकृतिक प्रकोपका कारण मानिसले खप्नुपरेको पीर व्यथालाई कवितात्मक माध्यमबाट देखाइएको छ ।

अचूक अस्मिता कवितासङ्ग्रहमा छन्दोबद्ध कविता राख्ने क्रममा यस सङ्ग्रहमा सङ्ग्रहित शार्दूलबिक्रीडित छन्दमा लेखिएको कविताको अंशलाई तल दिएको छ ।

आफ्नो देश बनाउने क्रम सदा टुट्दै नटुट्ने गरी
सिक्दै सीप सिकाउने प्रण गरौं संकल्प आजै गरी

(सङ्कल्प, पृ. २)

यहाँ नेपाली जनताहरूलाई आफ्नो देश बनाउनको निम्ति सीप सिकाउँदै र सीप सिक्दै अगाडि बढ्ने प्रेरणा प्रदान गरेको छ ।

### ४.२.८ अलङ्कार विधान

अलङ्कारले कवितालाई श्रुतिमाधुर्य बनाउनुका साथै मिठास थप्ने काम गर्दछ । जसरी सुन्दरी युवती आभुषणले झकिझकाउँ हुँदा झनै सुन्दर देखिन्छे । त्यस्तै अलङ्कारले काव्यलाई झनै सशक्त बनाउने काम गर्दछ । अचूक अस्मिता कवितासङ्ग्रहमा कविले छन्द अलङ्कारको प्रयोग गरेका छन् । यस सङ्ग्रहमा प्रयोग भएका अलङ्कारमध्ये छन्द अलङ्कारको प्रयोग भएको कवितालाई तल प्रयोग गरिएको छ :

चिल्लो कालो, अजङ्गको फणा फिजाई सर्प सुसायो
मैरै वरिपरि उ घुम्दा थरथर भई होस् मेरो हरायो
गोडा दुवै गलेछन्, मन विचललित भई म ढलें
भागूँ भनी कहिं सोच्दा उठी फेरि डङ्गरङ्ग लडें

(सर्पको अवसान, पृ. ५०)

प्रस्तुत कविता अंशमा भयावह अवस्थाको वर्णन गरिएको छ भने कविलाई टोक्नको निम्ति त्यस सर्पले वरिपरि घुमेको कारण डरले हातखुट्टा कामी थरथर भएको अवस्था प्रस्तुत गरिएको छ। त्यसैले यसलाई छन्द अलङ्कारका रूपमा लिन सकिन्छ।

अचूक अस्मिता कवितासङ्ग्रहभित्र प्रयोग भएका छन्द अलङ्कारले कविताको मूल भावलाई अझ गहिराइसम्म पुग्नको निम्ति ठूलो सहयोग गरेका छन्।

## ४.२.९ रस विधान

रस पनि काव्यको महत्त्वपूर्ण अंग हो। रसको प्रयोगले काव्यमा मिठास थप्ने काम गरेको हुन्छ। जुन काव्यमा रसको प्रयोग हुन्छ। त्यस्ता कविता पढिरहुँ वा सुनिरहुँ झैं लाग्छ। साहित्यमा नौ रसको अस्तित्व पाइन्छ। कवि पुडासैनीले कवितामा मिठास थप्नका लागि नौवटै रसको प्रयोग गरेका छन्। काव्यमा प्रयोग गरिएका यी रसहरूमध्ये शान्त रसको प्रयोग गरिएको छ :

अरुण, वरुण, तमोर, त्रिवेणीतटदेखि तल
सप्तकोसी विशाल, निर्मल ताल झैं जल
उदयपुर सुनसरी, धनकुटाको यो सङ्गम
रुद्राक्षको वाटिका हो कोका नदीको उदगम

(वराह क्षेत्र, पृ. ५७)

प्रस्तुत श्लोकमा शान्तिपूर्ण वातावरणमा रहेको धार्मिक स्थल वराह क्षेत्रका बारेमा उल्लेख छ। यस कवितांशमा शान्त रस प्रयोग गरिएको छ।

कवि घनश्याम पुडासैनीले वीर रसको पनि प्रयोग गरेका छन्। वीर रसको प्रयोग भएको श्लोक यहाँ प्रस्तुत छ :

शत्रु कहीं आइलाग्दा काट्यौं छपाछप
निशा नीछाप छोड्दै पुग्यौं गडवालतक
रातो-रातो रगत हाम्रो डगेन कैल्यै
पराइले राखी गरे कांठी हाल्छौ ऐल्यै

(वीर, पृ. ५६)

यस कवितामा पुडासैनीले वीर रसको प्रयोग गरेका छन् । हामी माथि शत्रु आइलागेको बेलामा छपाछप काटेको र हामी कहिल्यै पछि झुक्न जान्दैनौं भन्ने भाव यस कविताबाट प्राप्त हुन्छ ।

कवितामा श्रृङ्गार रस प्रस्तुत गरिएको एक श्लोक :

देखेको त थिए निमेषभर हा आँखा जुधेकैछिन्
मेरो चित्त पनि अचम्भित भई थाले नसा वल्कन
फूलैमा मह भेट्टिई हरघडी मौरी घुमेझैँ गरी
तिम्रो रूप निहार्छ यो मन पनि सुद्धी हराएसरी

(मेरी प्रिया, पृ. ४८)

यस कवितामा पुडासैनीले श्रृङ्गार रसको प्रयोग गरेका छन् । एकै छिनको हेराईले आँखा जुधेपछि मनले केही सोच्न नसकेको प्रसङ्ग यस कवितामा व्यक्त भएको छ ।

कवि पुडासैनीले हास्य रसको पनि प्रयोग यसरी गरेका छन् :

के हो कान्छा ? भनी सोचे हल्लहल्ल हाँस्थ्यो
छिनमै रुन्थ्यो छिनमै सुन्थ्यो उफ्रीउफ्री नाँच्थ्यो
ढुङ्गा टिप्दै मान्छेलाई जथाभावी हान्थ्यो
पानी खान माग्यो भने नानीलाई तान्थ्यो

(कस्तो कस्तो कान्छो, पृ. ५२)

यस कवितांशमा पुडासैनीले हास्य रसको प्रयोग गरेका छन् । यसमा आफूले सोचेको भन्दा विपरीत काम गर्ने र हांसउठ्दो प्रकृयाको कार्य गरेको हुँदा यसमा हास्य रसको प्रयोग भएको छ ।

यसरी पुडासैनीले आफ्ना कविताहरूमा विभिन्न रसहरूको प्रयोग गरी कवितालाई रसयुक्त र माधुर्य बनाएका छन् ।

## ४.३ निष्कर्ष

कवि घनश्याम पुडासैनीद्वारा रचित ‘अचूक अस्मिता’ कवितासङ्ग्रह मिश्रित कवितासङ्ग्रह हो । यसमा गद्य १८ र पद्य २८ गरी ४६ वटा कविताहरू यसमा सङ्ग्रहित भएका छन् । जनमत प्रकाशन बनेपाद्वारा २०६३ सालमा प्रकाशित अचूक अस्मिता पुडासैनीको पहिलो कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा कविले आफूले

जीवनमा भोगेका अनि देखेजानेका र अनुभूति गरेका कुरालाई कविताको रूपमा प्रस्तुत गरेका छन् । यसभित्र रहेका कवितामा आजका युवा पींढीहरू किन स्वदेशलाई माया मार्दै विदेशतिर आकर्षित भएका छन्, देशमा भएका राजनीतिक विसङ्गति, सामाजिक चेतना, प्रकृति प्रेम नारी सम्मान, धार्मिक भावनालाई कविता मार्फत प्रस्तुत गरिएको छ । यसका साथै समाजमा विद्यमान कुसंस्कार अनि खराब र असल कुरालाई सूक्ष्म रूपमा प्रस्तुत गरी जनमानसले बुझ्ने भाषामा प्रस्तुत गर्ने प्रयास गरिएको छ । भ्रष्ट नेता, अनि स्वार्थी मान्छेहरूलाई पेचिलो प्रहार गरिएको छ । कविले आफ्नो कवित्व क्षमताले भ्याएसम्म जीवनका विभिन्न पाटाहरूलाई अति कलात्मक किसिमबाट उतार्ने प्रयास गरी सफल भएका छन् ।

यसरी घनश्याम पुडासैनीले समाजमा विद्यमान मानवीय स्वभावलाई मीठो शैलीमा प्रस्तुत गर्दै समाज सुधारको सन्देश पनि प्रवाह गरेका छन् । भाषाशैली, लय, बिम्ब, अलङ्कारको व्यवस्थित प्रयोगले कवितासङ्ग्रहलाई आकर्षक बनाउनुका साथै सुमधुर लयात्मक र मिठास थप्ने काम गरेको छ ।

समग्रमा भन्नुपर्दा नेपाली साहित्यका साधक कवि घनश्याम पुडासैनीको यो कवितासङ्ग्रह नेपाली कविताका क्षेत्रमा एक उत्कृष्ट कवितासङ्ग्रहका रूपमा स्थापित एवं प्रतिष्ठित हुनपुगेको देखिन्छ ।

# पाँचौं परिच्छेद

# घनश्याम पुडासैनीका कथाहरूको विश्लेषण

## ५.१ सामान्य परिचय

घनश्याम पुडासैनी बहुमुखी प्रतिभाका धनी हुन् । उनले विशेषगरी कथा, कविता, समालोचना, यात्रा संस्मरण, सम्पादन तथा विभिन्न लेखहरूमा समेत कलम चलाएका छन् । उनको २०७२ सालमा आत्माघातपछिको अभिव्यक्ति कथा/लघुकथा सङ्ग्रह प्रकाशन भएका छन् । सामाजिक विषयवस्तुलाई मुख्य विषय बनाएर लेखिएका उनका कथाहरूमा समाजमा भएका विभिन्न यथार्थ घटनाहरूको चित्रण पाइन्छ । घनश्याम पुडासैनीका कथा सङ्ग्रहमा भएका सत्रवटा कथाहरू प्रकाशित छन् । यिनै कथाहरूलाई कथा तत्त्वका आधारमा यस प्रकार विश्लेषण गर्न सकिन्छ :

## ५.२ 'ऊ मरेको छैन' कथाको विश्लेषण

### (१) कथावस्तु

झमक्क साझ परेको समय साउनको वर्षाका कारण खोलामा बाढी पसेर वर्षाभरि भुत्याहा पाखोमा पैरो जाने कारण त्यस गाउँका मानिस वेचैन हुन्थे ।

भुत्याहा पाखोकै त्यस घरमा खाना खाइवरि बुढाबुढी र केटाकेटी सुतिसकेका थिए भने ठूली आमाले आफ्नो काम सकी सुत्न जाने तरखर गर्दै थिइन् । रामु र रञ्जना पढ्दै थिए । रामु शौच गर्न बाहिर निस्किदा रामुको कानमा एउटा बालक रोएको आवाज कानमा ठोकिन पुग्छ । रामु डरले भूतभूत भन्दै भित्र जाँदै गर्दा रञ्जना र राजु बाहिर निस्किएर सुन्न थाले र यति राती बालक रोएको आवाजले सबै अचम्मित भए ।

सबैले त्यो बालकको आवाज नै हो भनि अड्कल काट्न थाले । त्यसै समयमा ठूली आमाले मनमा गम्दै भनिन् । नौलीको छोरो भुन्टे पर बाटोबाट उँभो लाग्दै थियो । पानी परेकाले ऊ ककरामा परेर रोएको हो की भनेर ठूली आमाले भन्दै गर्दा रामुले दाइ दाजुलाई बोलायो । त्यस बालक रोएको ठाउँतर्फ राजु, रामु, रञ्जना र ठूली आमा गए ।

त्यसै समयमा ढुङ्गाले च्यापिएको अवस्थामा निस्प्राण देखिने बालक भेटियो । रामुलाई त्यो भूत हो की बालक हो भनेर छुट्याउन गाह्रो भयो । रामुले बल

निकालेर ढुङ्गा पन्छाए पछि भुन्टेले टाउको उठायो । ठूली आमाले त्यसलाई घरमा लगि दुध भात खान दिइन् । त्यस वखतमा ठूली आमाले भनिन् भुन्टे अभागी रहेछ । बाबुको अत्तोपत्तो छैन । आमा बल्लतल्ल ज्यान पालेर हिँड्छे । आज त बाँच्यो अब कसले बचाउँछ भुन्दै गर्दा रामुको आँखा आँसले भरियो ।

भुन्टेलाई राम्रो ओछ्यानमा सुताइसकेपछि बेलाबखतमा रामुले भुन्टेलाई हेर्ने गर्दथ्यो । रातभरि निन्द्र नलागेका कारण रामु बिहानीपख व्युझिँदा झलमल घाम लागेको र भुन्टे आफ्नो घर गएको कुरा सुन्दा उसलाई अत्यन्त खुसी लाग्यो ।

पढाइको लिसिलामा सहर गएको रामु तीन महिनापछि घर फर्किएपछि रामुकी आमा देवकीले भुन्टे मरेको कुरा सुनाइन् । रामुलाई भात खान मन नलागी ओछ्यानमा पल्टिदै गर्दा मध्यरातमा ऊ निदायो र क्षणभरमा अत्तालिएर वरवराउन थाल्यो । "भुन्टे मरेको छैन, कहिल्यै मर्दैन, ऊ निर्दोष छ, उसलाई कसले मार्‍यो भन म त्यसलाई मार्छु । भुन्टे कहिल्यै मर्दैन । ऊ अमर छ अमर ऊ आकाशको जनसँग मितेरी लगाउँदै अनगिन्ती ताराको साथमा रमाउँदै छ । ऊ जति रमाउँछ कहिलिकाहिँ विदीर्ण बन्दै यहाँका भुन्टे, पुड्के, काले, हकैविकै तथा काली नेप्टी, भुलु, डल्ली र चिम्सी आदिका करुण कहानी नियाल्दै समवेदनाका स्वरहरू अलाप्दै छ । भुन्टे अमर छौ, तिमी कदापि मर्दैनौ बरु तिम्री आमा मरी, तिम्रो बुवा मर्‍यो तिमी जहा जन्म्यौ त्यहाका सम्पूर्ण मानिस मरे ज्ञानी, धनी इमानी र सरकार पनि . . . . ।"

**(२) पात्र**

प्रस्तुत कथामा रामु, भुन्टे, ठूलीआमा, रामुकी आमा रञ्जना र राजु प्रमुख पात्रहरू हुन् । यस कथामा मुख्य भूमिका रामुको रहेको छ । उसले भुन्टेलाई बचाएको कारण गतिशील पात्रको रूपमा लिन सकिन्छ भने ठूलीआमा रामुकी आमा रञ्जना र राजुलाई सहायक पात्रको रूपमा र भुन्टीकी आमाबालाई गौण पात्रको रूपमा लिन सकिन्छ । उनीहरूको यस कथामा कुनै पनि भूमिका छैन ।

**(३) परिवेश**

ऊ मरेको छैन कथामा भुत्याहा खोलाको पाखो, कुनै एक घर र खोलानालाको प्रसङ्ग आएबाट यस कथामा ग्रामीण क्षेत्रको स्थानगत परिवेश देखिन्छ । अभाव र पीडाका कारण आफ्नो सन्तानको समेत वास्ता नगर्ने बाबु आमाले कस्तो दुर्दशा व्यहोर्नु पर्दछ भन्ने सन्दर्भले पनि ग्रामीण परिवेशलाई देखाइएको छ ।

### (४) भाषाशैली

प्रस्तुत कथाको भाषा निकै नै सरल र सहज रहेको छ । ग्रामीण परिवेशको कथा भएका कारण यस कथामा ग्रामीण जनजीवनमा बोलिने शब्दहरूको प्रयोग गरिएको छ । बितेका कुराको बेलिविस्तार गरिएकाले वर्णनात्मक शैलीको प्रयोग पाइन्छ ।

### (५) दृष्टिबिन्दु

यस कथामा प्रथम र तृतीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । जसका कारण कथा रोचक बन्न पुगेको देखिन्छ ।

### (६) उद्देश्य

गरिबीकै कारण बालकहरूले ठूलो यातना खप्नु पर्दछ र मृत्युको मुखसम्म पनि पुग्न बेर लाग्दैन भन्ने बालबालिकाहरूको दुर्दसाको बारेमा कथा लेखिएको छ र आफ्नी आमाले छोरालाई माया र ममता नदिएको कारणले गर्दा छोराको मृत्यु भएको देखिन्छ ।

## ५.३ 'शङ्काको परिणाम' कथाको विश्लेषण

### (१) कथावस्तु

निलम र विनरोध दाम्पत्य जीवनका लागि एक उत्कृष्ट जोडी हुन् । उनीहरूमा पढाइका साथसाथै शारीरिक सुन्दरता र मानसिक सद्‌गुणमा कुनै कमी थिएन । एक दिन निलमले कोठा सफा पार्दै सम्पूर्ण कोठामा सामानहरू मिलाउँदै कोठालाई आकर्षक बनाउन किन कि भोलिपल्ट निरोधको जन्म दिन थियो ।

सत्र वसन्त पार गरिसकेकी लिमको शारीरिक आकर्षण र लालित्यले पोतिएको मात्र नभई उनीभित्रको सुगन्ध प्रस्फुटन भइहेको देखिन्थ्यो । जसका कारण उनले ऐनामा आफ्नो अङ्ग प्रत्यङ्गको प्रतिबिम्बलाई केलाएर हेर्न लागिन् र मनमा अनेकौं कुराहरू सोच्न थालिन् ।

पतिको जन्मदिनमा उपहार दिनका लागि पसलमा सामान किन्न जाँदा निलमको भेट नितासँग हुन्छ । त्यस समयमा निताले टाई किरे हिँड्न थालेकी हुन्छे । निता दुई वर्ष अगाडि निरोधसँग अध्ययन गर्ने साथी थिइ । निलमले आफूले टाई किन्ने वा नकिन्ने भन्ने कुराको निर्णय लिन सकेकी थिइन् । त्यसै बेलामा निलमले

नितासँग कसको लागि हो भनेर सोद्धा भोलि रमाइलो जन्म दिनको उपहार दिनु छ भनेर, उत्तर दिदै निता हिड्छिन् । त्यस समयमा निलमको मनमा विभिन्न कुराको शङ्का उब्जन थाल्दछ ।

भोलिपल्ट निरोधको जन्मोत्सवको चहलपहलमा शुभकामना दिन आउनेहरूको भीड लाग्दै थियो । निरोधलाई वधाइ दिँदै आफन्तहरू गन्तव्य स्थानतिर जाँदै थिए । उता निता भने पीडाले छटपटिदै प्रत्येक व्यक्तिले ल्याएका उपहारमा आँखा पोखिन थाल्छ । कतिपय उपहारहरू उनी नभएको अवस्थामा आएका थिए । निलमले सौगातहरूलाई नियाल्दै जाँदा उनले टाई भेटिन् । त्यो टाई निताले किनेकी थिइन् । उनले त्यो टाई देखेपछि उनको मन चरमसीमामा पुगेन । निलमले मनमनै सोच्न लागिन् सायद लोग्ने मानिसहरू नारीहृदयलाई कठोर यातना दिएर रमाउन चाहन्छन् । त्यसैले होला निरोधले नितासँग प्रेम गरेर मसाग विवाह भयो । अब मेरो के अस्तित्व हुन्छ र ? यसै समयमा निलमले टाईलाई टुक्राटुक्रा पारेर एउटा कोठाको कुनामा फालिदिन्छे र आफू सन्चो नभएको वाहना गर्दै घोप्टो परेर सुत्छे ।

साथीहरूसँगथ बिदा भएर कोठामा आएको निरोधले आफ्नी पत्नी मरणासन्न अवस्थामा पुगेकी र उपचार गर्नका लागि सोधपुछ गर्दा निलमले कुनै प्रतिक्रिया देखाउछिन् । निलम र निरोधबीच चर्काचर्की परेको कुरा निलमकी बहिनी विनिताले थाहा पाई र दिदीलाई लागेको हृदयरोगको मूल कारण टाई रहेको, त्यो टाई विनिताले बाटोमा भेट्टाएकी र उपहार स्वरूप भिनाजुलाई जन्मदिनको लागि दिएकी कुरो बताई । उता निताको विवाह देवेन्द्रसँग हुने व्यहोरासहित निरोधलाई प्राप्त निम्ताकार्ड आफ्नो पतिको हातमा देख्दा निलम निरोध र आफ्नी बहिनीको भन्दा पनि आफ्नै मनबाट उपहास पाएको आभाष गर्दै नतमस्तक बनिन् ।

**(२) पात्र**

प्रस्तुत कथामा पात्रहरू लिनम, निरोध, निता, विनिता र देवेन्द्र रहेका छन् । यस कथाका मुख्य पात्र निरोध र निलम हुन् । उनीहरू दुवैजना पति पत्नि हुन् । पतिलाई आफूबाट अरू कसैले खोस्ने होकी भन्ने मनमा राख्ने सरल पतिब्रता नारी पात्रका रूपमा देखिएकी छ । निरोधले आफूलाई धोका दिने होकी भनेर मनभित्र

कुराहरू कुण्ठित गर्ने नारी पात्र निलम हो । यस कथामा निता र विनिता सहायक पात्र हुन् भने देवेन्द्र गौण पात्रको रूपमा देखिन्छ ।

**(३) परिवेश**

यस कथामा मूल रूपमा कुनै एक घरको कोठा नै स्थानगत परिवेशका रूपमा आएको छ । जन्मदिनको उपहार किन्नको लागि बजार जानुले कुनै एक सहरीया परिवेशलाई पनि समेटिएको पाइन्छ । निलमको मनभित्र उब्जिएका विभिन्न असामानय अवस्थाहरूलाई पनि यस कथामा देखाउन खोजिएको छ ।

**(४) भाषाशैली**

प्रस्तुत कथाको भाषा सरल किसिमको रहेको छ । विभिन्न घटनाहरूलाई सोझो तरिकाले व्यक्त गरिएकाले कथा जो कोहीले पनि बुझ्न सक्ने खालको छ । यस कथामा सोझासेट, शोकेस, पोशकेश, मनिप्लाण्ट, टाई आदि जस्ता आगन्तुक शब्दका साथै नेपाली भाषाको प्रयोग गरिएको कारण कथामा कलात्मकता थपिएको छ ।

**(५) दृष्टिबिन्दु**

यस कथामा प्रथम तथा तृतीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

**(६) उद्देश्य**

कुनै पनि कुरा राम्रोसँग नबुझी कसैको पनि शङ्का गर्नुहुँदैन भन्ने उद्देश्य यस कथाको रहेको पाइन्छ ।

## ५.४ 'संयोगको सुरुवात' कथाको विश्लेषण

**(१) कथावस्तु**

उमेर पुगेकी छोरी सवितालाई आमाले विवाह गर्नुपर्दछ भन्दै अनेक तरहबाट फकाउँदै गरेकी हुन्छिन् । उता बुवा र काकाहरूले केटाको सबै वास्तविक कुराहरू बुझिसकेका हुन्छन् । आमाका अनेकौँ आख्यानहरूले सविताको मन मडारिन्छ र भूत, वर्तमान र भविष्यका सोचाइलाई एकै पटक नियाल्दै आमासँग नबोली सुखै पाउँदिनन् र बोलिदिन्छिन् ।

सविताको इच्छा विपरीत विवाहको योजना बनाइएको हुँदा सवितालाई पटाङ्गिनीमा जान मन हुँदैन तैपनि बुवाको स्वभावसँग परिचित सविना कसैले शान्ति पटाङ्गिनीतिर लाग्छिन् । पटाङ्गिनीमा सविताले प्रसन्न मुद्रामा बस्ने युवक भूषणलाई देख्छिन् । उनले उसलाई बाटोघाटोमा देखिराखेकै हुन्छिन् । त्यस समयमा सविताले विवाह नगर्ने भनी जुरुक्क उठेर हिड्छिन् तर बुवाले एकान्तमा पारेर सम्झाएपछि स्वकारोक्ति जनाउँछिन् । त्यस समयमा टीका कार्यक्रमको समाप्त हुन्छ ।

विवाहको लगन (लग्न) चाँडो नभएकाले एक डेढ महिना पछि हुने कुराले सविताको बोलचाल, हिँडडुल र हाउभाउमका पनि धेरै परिवर्तन देखिन थाल्छ । सवितामा सबैले विता जस्ती केटी पाउनु अहोभाग्य हो भनी प्रसंसा गर्दछन् ।

विवहको लग्नका दिनहरू आए तापनि केटपट्टिबाट कुनै टुङ्गो आउँदैन । यसै सन्दर्भमा बुवा र काकाले एकान्तमा बसेर केटातर्फबाट दाइजो नभै विवाह नगर्ने कुराहरू गर्दै र्दा सबै कुराहरू सविताले थाहा पाउँछिन् । यी सबै कुराहरू सविताको मनमा टेपरेकर्ड झैं मुटुभरि संगालियो । यसपछि सविताले आफूलाई छुरीमा हराउने फूल झैँ ठान्छिन् ।

आउँदा दिनहरूका अँध्यारा पक्षमा तर्कवितर्क गर्दै सविता त्यस दिन सन्चो नभएको भन्दै खान समेत नखाएको देखिन्छ । समस्या समाधानका लागि सविताले भोलिपल्ट भूषणलाई बोलाउँछे र सम्पूर्ण आफ्ना कुराहरू भनिससके पछि अबका दिनमा कहिल्यै नभेट्ने बाचा गर्दछे ।

सविता हिड्न थालेपछि भूषणले सवितालाई बाटो छेकी आफू पनि अभिभावक र वरपरका आफन्तले उसलाई वन्धनमा पारेको सम्पूर्ण कारण बताएपछि दुवै जनाले यस्ता समस्याहरूलाई सुल्झाउनुपर्छ भन्दै सविताले भूषणसाग आफूले केही नराम्रो बोलेको भए माफी माग्दै भूषणको प्रतिक्षामा बस्छे ।

**(२) पात्र**

संयोगको सुरुवात कथामा आमा, सविता, भुषण, बुबा, काका आदि पात्रहरूको प्रमुख भूमिका रहेको छ । सविता यस कथाकी गतिशील नारी पात्र हुन् । उनले आफूमाथि भएको अन्यायका विरुद्धमा आवाज उठाई भुषणसँग कुरा गर्न पुगेकी छन् । भुषण पनि यस कथाको प्रमुख पुरुष पात्र हो । समाजलाई बदल्नुपर्दछ

भन्ने धारणा भुषणमा पनि रहेको देखिन्छ । आमा, काका, बाबु आदि यस कथाका सहायक पात्रहरू हुन् भने भुषणकी आमा यस कथाकी गौण पात्र हुन् । उनको यस कथामा कुनै पनि भूमिका देखिएको छैन ।

**(३) परिवेश**

यस कथामा कुनै एउटा घरको सेरोफेरोलाई परिवेशको रूपमा लिइएको छ । यो ग्रामीण परिवेशमा आधारित कथा हो । समाजमा भएका अन्धविश्वासलाई यस कथाको विषयवस्तु बनाई तत्कालीन समयको परिवेशलाई समावेश गरिएको छ ।

**(४) भाषाशैली**

प्रस्तुत कथाको भाषा सरल र बोधगम्य रहेको छ । प्रचलित नेपाली शब्दको प्रयोगले भाषाशैली सरल र सरस बनेको पाइन्छ ।

**(५) दृष्टिबिन्दु**

प्रस्तुत कथामा प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

**(६) उद्देश्य**

यस कथामा समाजमा भएको सामाजिक अन्धविश्वासका कारण नारीहरू माथि परेका अन्याय र अत्याचारलाई कसरी नारीले पन्छाउन पुग्छिन् भन्ने उद्देश्य रहेको पाइन्छ ।

## ५.५ 'दिन फेरि फर्कन्छ' कथाको विश्लेषण

**(१) कथावस्तु**

मङ्गले आफू गरीब भएका कारण भैसी बेचेको, बाख्रो बेचेको, गोठ खोर सबै रित्याए पनि बाआमा मङ्ली सबैलाई सुख दिन नसकेको कारण संसारमा सबैभन्दा अभागी आफू मात्र भएको कुरा सम्झन्छ ।

मङ्गलेलाई दुःख र पीडा हुँदाहुँदै पनि दशैमा राम्रो सारी किनिदिन मङ्गलीले भन्छे यस्ता कुराले मङ्गलेलाई झन् पीर पर्न गाल्छ । सबै कुरा समाधान गर्नको निम्ति तीन चार वर्ष विदेशमा सुख, दुःख गरी कमाएर ल्याई आमा र मङ्गली अनि गोरे र गोवर्धनको व्याज तिर्ने निधो गर्न थाल्छ । उता आमा र

मङ्गलीले स्वीकृति नदिने होकी भन्ने कारण सबै कुरा मनमा नै राख्न पुग्छ । गाउँका माझमा पर्ने एउटा सानो घरमा भएकी मङ्गली निन्द्रामा परेको वखतमा मङ्गले विभिन्न आसाहरू समेट्दै राति नै विदेश हिँड्छ । उज्यालो भएपछि उसले आकाशमा एक परेवा भौतारिँदै कता-कता गइरहेको देख्छ । यो कुराले मङ्गले बेचैन देखिन्छ ।

घरबाट हिँडेको पाँच छ दिन पश्चात् मङ्गलेले कुनै पनि काम नपाएको र आफूसँग भएको पैसा जति उल्टै छद्मभेषी व्यक्तिले लुटेको कारण विभिन्न ठक्कर खाँदै एक महाजनका बहादुरीका साथ काम गर्न पुग्छ ।

विदेशमा बसेको तीनचार वर्ष पछि आफ्नो नाममा चिठ्ठी आउँदा घर जाने तरखरमा भएको मङ्गलेलाई महाजनले बिदा नदिने कुरा सुन्दा खुकुरी तेर्साए पछि मात्र स्वदेश फर्कन्छ । आफ्नो देशमा आइपुगे पछि एक अंजुली पानी पिउँछ र प्यास मेटिएको अनुभव गर्छ ।

आफूले बाबुको घरमा अनुपस्थित देख्दा अधेर्य भई काजक्रिया गरिसके । मङ्गले छउ गोवर्धन तेरा बाबुले पराल साल लिएको रुपैया अब तिर्नुपऱ्यो भन्दै आउँछ । गैरी खेत बेचेर तिरेको रकम भए तापनि मङ्गले फेरि दोहोरो रकम नतिरी सुखै पाएन । गोवर्धन एक गाउँको विशालु सर्प जस्तै थियो ।

श्रावण महिनाको समयमा घनघोर पानी परेपछि वाढी पैरोले गोवर्धनको सम्पूण घर परिवार तथा सम्पत्तिलाई पैरोले लान्छ र गोवर्धनलाई पनि पैरोले लगी ढुङ्गाको अन्तरमा च्यापिएर मृत्यु र जीवनको घडीलाई पर्खिरहेको देखिन्छ । गाउँका कयौँ वलिष्ठ व्यक्तिहरूले गोवर्धनलाई च्यापेको ढुङ्गा पल्टाउन कोशिस गरे पछि सफल नभए पछि मङ्गलेले बल र वुद्धि लगाएर ढुङ्गो पल्टाएपछि गोवर्धन बाँच्न तयार हुन्छ । त्यसै समयमा गोवर्धनले आफूले गरेको पापको प्रायश्चित गर्दै गोवर्धनलाई आफूले पाप गरी खाएको गैरीखेत फिर्ता दिने निधो गर्छ ।

**(२) पात्र**

दिन फेरि फर्कन्छ कथामा मङ्गले, मङ्गली, भुन्टेसाहु, बाआमा मुख्य पात्रहरू हुन् । यस कथाको मङ्गले एक आर्थिक अवस्था कमजोर भएको कारण विदेशिन बाध्य भएको युवक हो । मङ्गले यस कथाको मुख्य पात्र हो भने मङ्गली,

भुन्टेसाहु र आमा सहायक पात्र हुन् बा चाहिँ यस कथाको गौण पात्रको रूपमा रहेको देखिन्छ ।

### (३) परिवेश

यस कथामा गाउँले जनजीवन तथा सामाजिक परिवेश रहेको पाइन्छ । यस कथामा आर्थिक अवस्था कमजोर भएको कारण विदेशीनु पर्ने बाध्यतालाई देखाउन खोजिएको छ । विदेशी भूमिभन्दा आफ्नो मातृभूति नै प्यारो हुन्छ भन्ने यथार्थता यस कथामा रहेको देखिन्छ ।

### (४) भाषाशैली

प्रस्तुत कथाको भाषा सबैले सजिलै बुझ्न सकिने खालको सरल रहेको छ । यस कथामा ग्रामीण परिवेशमा आधारित कथा भएका कारण बोलीचाली पनि ग्रामीण भेगमा बोलिने जस्तो रहेको छ र पात्रहरूको नाम पनि सोही अनुसार छनोट गरी लेखिएको छ ।

### (५) दृष्टिबिन्दु

प्रस्तुत कथामा प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । विभिन्न पात्रहरूको प्रयोग गरिएकोले यस कथा रोचक र आकर्षक बन्न पुगेको छ ।

### (६) उद्देश्य

समाजमा मानिसले आफ्नो अस्तित्व जोगाउनको निम्ति र आफ्नो आर्थिक अवस्थालाई मजबुत बनाउनको निम्ति विदेशीनु पर्ने बाध्यता रहेको यस कथाको उद्देश्य रहेको छ ।

## ५.७ 'आत्मघात' कथाको विश्लेषण

### (१) कथावस्तु

काठमाडौँ उपत्यकाकै अत्यन्त रमणीय गाउँ जहाँ धान काट्ने र चुट्ने काममा कृषकहरू तल्लीन रहेका छन् । गाउँको सबभन्दा ठूलो गहरा 'ठूलाघरे' बाको धान काटिरहेको देखिन्छ । त्यसै समयमा 'ठूलाघरे' बा ल वित्यास पऱ्यो भन्ने कङ्कला शब्द फाँटभरि गुञ्जयमान हुन्छ । ठूलाघरे बाको मनमा चिसो पस्छ । किन कि बिहान सासु बुहारीको सामान्य कारण झगडा परेको हुन्छ । खेतमा खेतालाई खाजा लेराउ भन्दा

नमानेकी सुनितालाई सासुले बेलुका तेरो लोग्ने आएपछि देख्लिस भन्नै जस्ता गाली गरेकै कारण सुनिताले विष खाएकी हुन्छे । उसको छातीमा सानी छोरी टाँसिदै गरेकी देखिन्थी । त्यस समयमा हतारिदै सुनिताको लोग्नी सुजनले अस्पताल पुऱ्याउँछ । अस्पताल पुगेको तीन घण्टापछि सुनिताको होस फर्कियो र सँगै बसेका लोग्नी सुजनलाई म पापिनी हो मलाई क्षमा गर्नुस् र स-साना बच्चाहरूलाई राम्रोसँग हेर्नुहोला र उनीहरू बुभ्ने भएपछि म पापिनीको सानो कथा सुनाइदिनु होला र असल केटीसँग विवाह गर्नुहोला भन्दै सुनिताको मृत्यु हुन जान्छ भने सुजन बेहोस हुन्छ ।

**(२) पात्र**

प्रस्तुत कथामा ठूलाघरे बा, सुनिता, सुजन यस कथाका पात्रहरू हुन् । यस कथामा रहेकी प्रमुख पात्र सुनिता एक स्थिर पात्र हुन् । उनले सानोतिनो कुराहरू सहन गर्न नसकी आत्महत्या गर्न पुगेकी हुन् । यस कथामा ठूलाघरे बा, सुजन सहायक पात्र हुन् भने सुनिताकी छोरी गौण पात्रको रूपमा रहेकी छन् ।

**(३) परिवेश**

काठमाडौं उपत्यकाको ग्रामीण परिवेश अत्यन्तै रमणीय रहेको छ । यस कथामा कृषकहरू आफ्ना धानबाली थन्काउने चटारोमा रहेको अवस्थालाई चित्रण गर्न खोजिएको छ ।

**(४) भाषाशैली**

यस कथामा पनि कथाकारले भाषाशैली सरल र सहज ढङ्गबाट प्रस्तुत गरेका छन् । ग्रामीण जनजीवनमा प्रयोग हुने भाषाहरू यस कथामा प्रयोग भएका कारण कथा उत्कृष्ट हुन पुगेको छ ।

**(५) दृष्टिबिन्दु**

प्रस्तुत कथामा प्रथम तथा तृतीय दृष्टिबिन्दुको प्रयोग भएको प्रस्ट देख्न सकिन्छ ।

**(६) उद्देश्य**

यस कथामा मानिसले साना साना कुरामा पनि आफ्नो मनलाई काबुमा राख्न नसकी आत्मालाई त्याग गर्न पुग्दछन् भन्ने कुरा देखाउन खोजिएको छ ।

## ५.८ 'सारी च्यातिएपछि' कथाको विश्लेषण

### (१) कथावस्तु

विदेशबाट फर्केका सुरेशले के-के ल्याए भन्ने कुरा हेर्न सुरेशकी भाउजूलाई आतुर भएको छ । छोराको प्रवेशले आमा ज्यादै हर्षित हुन्छिन् । सुरेशले ल्याएका झोला र सुटकेशहरू नखुलेसम्म भाउजु मीनाको मनमा खुलदुली मच्चिएको छ ।

भोलिपल्ट सुरेशले आफूले ल्याएको झोला खोल्दै राम्रो सारी भाउजूको लागि र आमालाई अर्कै सारी ल्याइदिएको छु भन्दै घरका बाबु, आमा, भाइबुहारी सबैका लागि सामानहरू तोकियो । सुरेशको पवित्रता देखेर दाजु हर्षले विभोर भए । खेतमा काम गर्न गएका मीना र मामया देवरानी, जेठानीलाई आपसी गन्थन गर्ने मौका मिलेसँगै सुरेशले ल्याएका सामानप्रति असन्तुष्टि प्रकट गर्न थाले ।

मिठ्ठुलाई मात्र सामान ल्याइदिएका होलान् हामीलाई त छैन भन्ने जस्ता कुराले चियोचर्चो गर्न थाले र मीनाले आफूलाई त्यो घरको चाला ठिक नभएको कारण भिन्न बस्न मन लागेको कुरा प्रकट गर्न थाल्छे । साँझ परेपछि दुवैजना घरतिर लाग्छन् । मीनाको मनभित्र सारीको विषयमा एकतर्फी शङ्का उत्पन्न भएसँगै देवरानीले राम्रो सारी ल्याएर हिडेको कसरी हेर्नु भन्ने जस्ता कुराहरू मनमा खेलाउँदै क्रोधयुक्त मुद्रामा बस्छे ।

सारीको विषयमा सङ्कीर्ण विचार लिएकी मीना सन्चो नभएको बाहाना पार्दै चोटातिर उक्लिन्छे । सुरेश त्यस दिन घर नफर्कने गरी सहरतिर गएकोले अरू जहान भान्छातिर थिए । त्यस समय देवरानीको कोठामा गई दराजमाथि प्लास्टिकको खाममा राखिएको मूल्यवान सारीलाई भुईमा राखेर हातमा भएको धारिलो हतियारले रेट्दै धुजाधुजा पारि र सारीका टुक्राहरू समेट्दै एकै गुजुल्टो पारेर दराजको पछाडिसम्म लत्रले गरी राखिदिई साडी च्यातिइसकेपछि मीनाको मनमा एउटा विजयको अनुभूति भयो । कसैले थाहा पाइहाले मुसाले च्यातिदिएको भन्दा सबैले पत्याइहाल्छ भने त्यो रात राम्रोसँग निदाई ।

घरमा सबैजना जम्मा भएको बेलामा आमाले सारीको कुरा गर्दा 'आमाले राख्नु भएको सारी मिठ्ठू र मायालाई दिनु र मेरो दराजमाथि भएको सारी

भाउजुलाई नै दिनू" यति कुरा सुन्नेबित्तिकै मीनाको मनमा एउटा भुइँचालो गयो र अन्धकार साँझमा एक्लै घर बाहिर निस्की ।

### (२) पात्र

सारी च्यातिएपछि कथामा सुरेश, आमा, सुरेशकी भाउजू मीना, माया, मिठ्ठु आदि पात्रहरू यस कथामा समावेश भएका छन् । यस कथामा सुरेश, आमा, मीना, माया र मिठ्ठु मुख्य पात्रहरू हुन् भने सुरेशको बा र दाई यस कथाका गौण पात्रहरू हुन् ।

सुरेशले विदेशबाट ल्याएको सारीको विषयलाई लिएर मनमा एक प्रकारको खुल्दुली मच्चाउने स्थिर पात्र मीना हो । उनले परिवारमा बेमेलको सृजना गर्ने अवस्था सिर्जना गरेकी देखिन्छिन् भने सुरेशले परिवार सबै सुखी र खुसी रहुन भन्ने भावना यस कथाको मुख्य पात्र सुरेशको रहेको पाइन्छ ।

### (३) परिवेश

प्रस्तुत कथा ग्रामीण जनजीवनमा आधारित कथा हो । यो कथामा कुनै एउटा घरभित्र भएका सदस्यहरूको बारेमा देखाउन खोजिएको छ र यस कथामा नारी नारी बीचमा एउटा स-सानो कुरामा पनि द्वन्द्व उत्पन्न हुन्छ र त्यसले विकराल रूप लिन सक्छ भन्ने कुरा देखाउन खोजिएको छ ।

### (४) भाषाशैली

प्रस्तुत कथाको भाषा निकै सरल र सहज खालको छ । प्रचलित नेपाली शब्द र घटनाहरूको पनि उचित तारतम्य मिलेको छ । पुडासैनीको अरू कथाहरू भन्दा यो कथा निकै संयमित र उत्कृष्ट पनि छ । यस कथाको शीर्षक पनि निकै नै सार्थक देखिन्छ । समग्रमा कथा जोकसैले पनि बुझ्न सक्ने सरल, सरस र कलात्मक रहेको छ ।

### (५) दृष्टिबिन्दु

प्रस्तुत कथा तृतीय पुरुष दृष्टिबिन्दुमा रचना गरिएको छ । अघिल्ला कथाहरूमा जस्तै यस कथामा पनि विभिन्न पात्रहरूको प्रयोग गरी तिनीहरूका बीचमा संवाद गराइएको छ ।

### (६) उद्देश्य

ग्रामीण परिवेशमा नारी नारीका बिचमा द्वन्द्वको अवस्था र कुनै पनि द्वन्द्व घरबाट नै उत्पन्न हुन्छ भन्ने कुरा देखाउन खोजिएको छ ।

## ५.९ 'गरिमा' कथाको विश्लेषण

### (१) कथावस्तु

एउटा गरीब परिवारमा जन्मिएकी दीपिकाको विवाह गर्नका लागि विष्णुहरिले कुरा गरेका कारण हरिकृष्णले भान्दाइलाई सोधे । विष्णुहरिले हुन्छ भनेपछि विवाहको तयारी गरेका हरिकृष्णले छोरीको विावह मन्दिरबाट गर्ने तयारी गरे तापनि बालकृष्णले छोरा सविनको विवाह घरबाट नै धुमधाम गर्नुपर्छ भनेबाट अन्यौलमा परेकी दीपका कान्लामा अडेस लाग्दै मुटुमा भकानो पार्दै रुँदै म के कारणले अयोग्य भएँ 'मलाई विवाह गरेर त्यस घरमा लानुभयो भने म त्यस घरलाई स्वर्ग बनाउँछु ।" मलाई मन्दिरबाट नै विवाह गर्नु भन्ने कुरा छोरा सविनलाई मन पर्‍यो र सविन र दीपिकाको विवाह मन्दिरबाट नै हुन्छ ।

दीपिका त्यस घरमा दुलही बनेर प्रवेश गरेको दश वर्षको अवधिमा छोराछोरीको जन्म भयो । ससुरा बालकृष्णले पनि बुहारी दीपिकालाई आँखाका पुतली जस्तै गरेर राखेका थिए । त्यस अवधिमा दीपिका बुहारी हैन 'देवी' हो भन्ने धारणा बालकृष्णको रहेको छ । त्यसै समयमा दीपिकाका ससुरा भएको ठाउँमा बालगोपाल उच्च मा.वि. का प्राचार्य दयाराम आइपुगे र धेरै नै खुसी भए र विद्यालयमा भएको बुँदा नं. ३ को निर्णय अत्यन्तै प्रभावकारी रहेकोमा उनी भित्रभित्रै हर्षित बन्न थाले ।

कुरो सात दिन अगाडिको हो । दीपिका घाँस काट्न जाँदा बाटोमा चारपाटे बाक्लो खाममा 'पचास हजार' को बिटो भेट्टाइन् । त्यस नोटलाई जसको हो त्यसलाई नै फिर्ता दिनुपर्दछ भनेर घरमा सुरक्षित राखिन् । पछि त्यो पैसा विद्यालयका एकाउन्टेन्टले खसालेको कुरा थाहा पाएकी दीपिकाले विद्यालयका एकाउन्टेन्ट र प्राचार्यको माझमा पचास हजार फिर्ता दिइन् । यो कुरा गाउँभरि चर्चा परिचर्चा भएपछि विद्यालयले दीपिकालाई सम्मान स्वरूप पाँच हजार दिएकोमा दीपिकाले उल्टै अर्को पाँच हजार थपी दश हजार विद्यालयका गरिब र जेहेन्दार छात्रछात्राहरूका लागि कोषमा राख्न अनुरोध गरिन् । दीपिकाको यस कार्यले

सबैजना आश्चर्यचकित हुन्छन् र गाउँमा भएको महिला समूहले पनि दीपिकालाई उच्च सम्मान गर्दै सबै महिलाहरूले एकै स्वरमा भन्दै थिए 'वधाई' । दीपिका तिमीले हिजो विनामूल्य गहना पायौ । त्यसका लागि वधाइ र धन्यवादकी पात्र बनेकी दीपिकाले सबै महिलाहरूलाई आफू जस्तै बन्न आग्रह गरेकी छन् ।

**(२) पात्र**

प्रस्तुत कथामा प्रमुख चरित्रका रूपमा दीपिका आएकी छ । कथामा ऊ स्वयम् प्रभावकारी रूपमा उपस्थित भई सम्पूर्ण कथावस्तु उसमा नै घुमेको छ । दीपिकाले गरेका प्रसंसनीय कार्यले गर्दा उनलाई एक गतिशील पात्रका रूपमा लिन सकिन्छ । यस कथामा सहायक पात्रका रूपमा ठूलीकान्छी, हरिकृष्ण, बालकृष्ण, विष्णुहरी, प्राचार्य, दयाराम आदि पात्रहरू सहायक पात्रहरू हुन् भने यस कथामा सविनलाई गौण पात्रका रूपमा लिन सकिन्छ ।

**(३) परिवेश**

प्रस्तुत कथामा पनि ग्रामीण परिवेश नै झझल्को देख्न सकिन्छ । समाजमा भएका विभिन्न सामाजिक क्रियाकलापमा भाग लिनु, बुहारी भएर परिवारका निम्ति जे गर्न पनि पछि नहट्नु जस्ता परिवेशहरू यस कथामा चित्रण भएका छन् ।

**(४) भाषाशैली**

प्रस्तुत कथाको भाषाशैली प्रचुर मात्रामा नेपाली ठेट भाषाको प्रयोग गरिनुको साथै आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । पात्र अनुसारको भाषा पनि छनोट गरिएको छ ।

**(५) दृष्टिबिन्दु**

प्रस्तुत कथामा प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । यस कथामा बालकृष्णले आफ्नी बुहारी दीपिकाको बारेमा प्राचार्य दयारामलाई भन्दै गरेको वर्णनात्मक तरिकाले प्रस्तुत भएको हुँदा यस कथामा प्रथम पुरुष दृष्टिबिन्दुको पनि प्रयोग भएको पाइन्छ ।

**(६) उद्देश्य**

प्रस्तुत कथामा पुडासैनीले अवसर पाए भने नारीले जे काम पनि सहज तरिकाले गर्न सक्छिन् भन्ने उद्देश्य रहेको छ ।

## ५.१० 'निर्विवेक रेखाङ्कन' कथाको विश्लेषण

### (१) कथावस्तु

यस कथाकी म पात्र वाइस वर्षकी युवती हुन् । उनले आफूसँग वर्षको उमेरमा 'दुलहीपानी' को बाटो हुँदै 'दमौली' जाँदाको अवस्थामा एक अजय भन्ने केटासँग भेट भई दुवैजना मायामा लिप्त भएको देख्न सकिन्छ । यस समयमा घर पुग्नका लागि लामो यात्रा पार गर्नु परे तापनि छिटो नै घरसम्म आइपुगेका छन् ।

म पात्रकी बहिनी रश्मी पनि अहिले सत्र वर्षकी भएकी छ । ऊ पनि 'दुलहीपानी' को घर हुँदै दमौली जाने तरखरमा दिन् । म पात्रको मनमा आफ्नो त्यस समयमो घटनालाई सम्झदै कतै 'दुलहीपानी' को विश्राम स्थलमा अजय जस्तै नवयुवकसँग उसको भेट भयो भने के होला भन्ने उत्सुकता .. . . . . .

### (२) पात्र

प्रस्तुत कथामा 'म' पात्र, 'म' पात्रकी बहिनी रश्मी र अजय रहेका छन् । यस कथामा 'म' पात्रले आफूले गरेका यात्रामा भएका विभिन्न यौनजन्य कुराहरू प्रस्तुत भएका छन् । यो कथा यौनमनोविज्ञानमा आधारित रहेको छ । यस कथामा रश्मी गौण पात्रका रूपमा रहेकी छ ।

### (३) परिवेश

प्रस्तुत कथा 'म' पात्रले आफूले पहिला गरेका यात्रालाई स्मरण गरिएको कथा हो । यसमा 'हावापानी' र त्यसको आसपासको क्षेत्रलाई परिवेशका रूपमा लिइएको पाइन्छ ।

### (४) भाषाशैली

यस कथाको भाषा अलि जटिल खालको रहेको छ । यौन र जीवनका बारेमा 'म' पात्रले विनयसँग निर्धक्क रूपमा गरेकी यात्रालाई प्रस्तुत गरिएको छ ।

### (५) दृष्टिबिन्दु

प्रस्तुत कथामा प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेको पाइन्छ । 'म' पात्रले गरेका यात्रालाई सम्झिदै गरेको अवस्थामा कथा प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुमा मिश्रित हुन पुगेको छ ।

### (६) उद्देश्य

प्रस्तुत कथामा मानिस एक्लै यात्रा गर्दा उसले विभिन्न किसिमका कुराहरूको सामना गर्नुपर्दछ भन्ने कुरा देखाउन खोजिएको छ र नारीले यौनको घृणा गरे तापनि उनीहरू नै त्यसप्रति बढी आकृष्ट हुन्छन् भन्ने उद्देश्य पनि प्रस्तुत कथाले बोकेको छ ।

## ५.११ 'क्रोधी चट्याङ' कथाको विश्लेषण

### (१) कथावस्तु

हरिले आज भैसी किन्ने ग्राहक आउँछ । घाँस काट्न नजा भनेर पुतलीलाई भन्छ तर पुतलीले हरिलाई आफू भरे पनि भैसी बेच्न नदिने कुरा गरे तापनि पुतली घाँस काट्न गएको मौका पारी भैसी बेचिदिन्छ । ग्राहकले भैंसी पुऱ्याउन अलि परसम्म जाउँ भन्दा हरिले टाढैसम्म भैसी पुऱ्याउन गएको हुन्छ । पुतलीले घाँसको भारी ल्याएपछि भैसीलाई खोज्न थाल्छे तर कतै पनि नेख्दा उसले आफू मर्नु बाहेक अरू कुरा देख्दिन । त्यसै बेलामा पुतलीले नाम्लो लिएर घरको धुरीबलोमा झुन्डिन जान्छे । त्यसबखत छोरोलाई सम्झन्छे तर 'उसको भाग्य उसैले ल्याएको छ ।' म मरेर केही हुँदैन भनेर बुइगलमा झुन्डिएर मर्छे । उता हरिले भैसी पुऱ्याएर आउँदा घरको आँगनभरि हजार-हजारका नोटका टुक्राहरू देख्छ र घरको मटनभरि पनि त्यस्तै रूप देखेपछि छोराले पैसा च्यातेर फाल्यो भनेर मटनबाट तल फालिदिन्छ । छोरो टाउको फुटेर त्यही मऱ्यो ।

छोरो मऱ्यो स्वास्नी आएपछि के बुझाउने भनेर आफू मर्नका लागि डोरी लिएर बुइगलमा गएको तर स्वास्नीको लास देख्दा विष निकालेर खान्छ । हरि छटपटाइरहेको अवस्थामा गाउँलेहरू आउँदा क्षणभरका लागि होस खुलेको हरिले स्वास्नी बुइगलमा झुन्डिएको, आफ्नो छोरो आफैंले मारेको र यी दुवैजनाको मृत्युको कारण स्वयम् आफूनै भएकोले वीष खाएको छ  र उसको मृत्यु हुन गएको छ ।

### (२) पात्र

प्रस्तुत कथामा हरि, पुतली, हरि र पुतलीको छोरो रहेका छन् । यस कथामा प्रमुख पात्रको रूपमा हरि र पुतलीलाई लिन सकिन्छ । हरिले आफ्नो आर्थिक अवस्था कमजोर भएका कारण घरमा भएको भैसीलाई बेच्ने विचार गरी भैसी बेच्न पुग्ने

पात्र हो भने पुतली आफ्नो प्याओ भैसीलाई नबेची घरमा नै पाल्नु पर्दछ भन्ने मान्यता राख्ने नारी पात्र हुन् । यस कथामा दुवैजनाको अहमताले गर्दा मृत्यु हुन पुग्दछ भने उनीहरूको छोरो गौण पात्र भए तापनि बाबुले उसलाई भटनबाट आँगनमा हुत्यादिएको कारण मृत्युवरण हुन पुग्छ । यस कथामा मानवेतर प्राणी भैसीलाई पनि लिइएको पाइन्छ ।

**(३) परिवेश**

प्रस्तुत कथामा पुडासैनीले कुनै एक ग्रामीण क्षेत्रलाई परिवेशका रूपमा लिएका छन् । आफ्नो जीवन निर्वाह गर्नका लागि घास दाउरा गर्दै गरेको अवस्था र आफ्नी पत्नीको कुरा नसुनी क्रोधका कारण सम्पूर्णको हत्या आत्महत्या भएको वातावरणलाई लिइएको छ ।

**(४) भाषाशैली**

प्रस्तुत कथाको भाषा निकै सरल र सहज खालको छ । प्रचलित नेपाली शब्दहरूको प्रयोग भएबाट पनि कथा जो कोहीले पनि सजिलै बुझ्न सक्ने खालको रहेको छ ।

**(५) दृष्टिबिन्दु**

यस कथामा प्रथम र तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

**(६) उद्देश्य**

प्रस्तुत कथामा मानिसले कुनै पनि काम गर्दा अरूलाई हानी नोक्सानी हुने गरी गर्नुहुँदैन यदि अरूको इच्छा विपरित काम गर्ने हो भने कुनै अनिष्ट हुन सक्छ भन्ने उद्देश्य रहेको छ ।

## ५.१२ 'परिस्थितिको दास' कथाको विश्लेषण

**(१) कथावस्तु**

सरोजले आफ्नो विगतका घटनाहरू कोट्याउँदै अजयलाई भन्दै गयो, मैना बज्यैले गर्दा म वर्वाद भए मैले अब बाच्नु धिकार भएकोले मृत्युको साथ लिनुबाहेक अरू केही हुन सक्दैन । यस्तो भन्दै गर्दा अजयलाई सरोजको विगत जान्न मन लाग्यो र उसले कुरा कोट्याउन थाल्यो । घरमा पत्नी नभएको बेलामा धन्दा गर्न

सरोजको डेरामा बूढी आइमाईलाई जिल्लामा मैना बज्यै नामले चिनिन्थ्यो । उनी आएर भात पकाउनेदेखि लिएर भाँडाचुल्हो गर्ने, लताकपडा धोइदिने किनमेल ल्याइदिने काममा समेत मैना बज्यैको सहयोग रहन्थ्यो । काम अनुसारको पारिश्रमिक उनले पाउदथिन् । मैना बज्यैको लोग्ने मरेको पन्ध्र/सोह्र वर्ष भइसकेकोले सुरु-सुरुमा गाह्रो परे पनि अहिले राम्रोसँग उनको व्यवहार चल्दैथ्यो ।

मैना बज्यैकी छोरी एस.एल.सी. परीक्षा नजिक आएकोले साथीकहाँ 'कमाइन्ड स्टडी' गर्न रात बस्तै जाने गरेकीले मैना बज्यैलाई सिङ्गो रात काटन गाह्रो हुन्थ्यो । सरोजकी पत्नीलाई २/४ हप्ताका लागि घर पठाउँदा मैना बज्यैले बससम्म सहायता गरेकी कारण सरोज कोठामा एक्लै छ भन्ने उनलाई थाहा थियो । मैना वज्यै धन्दा गर्ने निहुमा निकै रात छिप्पिए पछि सरोजको कोठामा पुग्छिन् । सरोजले त्यहाँबाट जान आग्रह गर्दा मैना बज्यैले पन्ध्र/सोह्र वर्ष पछिको यौन तृप्ति पूरा गर्ने कुरा सरोजलाई भनिन् तर सरोज सहजै यस कुरालाई स्वीकार गरेन । पछि मैना बज्यैले भनिन् मैले यस अवसरको खोजी धेरै दिनदेखि गरेको छु । यदि तिमी उम्कने प्रयास गर्‍यौ भने मेरो आत्माहत्या, म उम्किन खोजें भने तिम्रो विनाश । यस्तो वाध्यताले गर्दा सरोजको अंगालोमा बाँधिएकी मैना बज्यैले आफ्ना सारा अग्निरूपी कुन्ठाहरूलाई शीतल बनाउने एउटा क्षण हो जुन उनले प्राप्त गरिन् । यो उनका लागि महावरदान हुन पुग्यो भने सरोजका लागि जीवन समाप्तिको एउटा क्षण बन्यो ।

**(२) पात्र**

प्रस्तुत कथामा कथाका लागि उपयुक्त पात्रहरू मैना बज्यै, मैना बज्यैकी छोरी, सरोज, सरोजकी पत्नी, अजय आदि पात्रहरू रहेका छन् । यस कथामा सरोजले आफ्नो साथी अजयलाई आफ्नो विगतका कुराहरू भनेको कारण यो कथा वर्णनात्मक शैलीमा रहेको पाइन्छ । यस कथाको मुख्य पात्रहरूमा मैना बज्यै र सरोज रहेका छन् । मैना बज्यैले आफ्नो यौनइच्छा पूरा गर्नको लागि अनेकौं उपायहरूबाट सरोजलाई सकारात्मक बनाएकी छ भने आफूले यौन कार्य गरिसकेपछि नराम्रो रोगको शिकार हुनुपर्दाको पीडा आफ्नो साथीलाई सरोजले भनिरहेको छ । यस कथामा गौण पात्रका रूपमा मैना बज्यैकी छोरी र सरोजकी पत्नी रहेका छन् ।

### (३) परिवेश

प्रस्तुत कथाको परिवेश कुनै एउटा कोठालाई लिइएको छ । त्यही केठामा मैना बज्यैको प्रवेश भएसँगै सरोजलाई नराम्रो रोगले गृस्थ पारेको वातावरण सिर्जना भएको छ ।

### (४) भाषाशैली

प्रस्तुत कथामा कम्माइण्ड स्टडी, टर्चलाइट जस्ता आगन्तुक शब्दका साथै अत्यधिक नेपाली शब्दको प्रयोग सरल र सह तरिकाबाट गरिएको छ । यो कथा वर्णनात्मक शैलीमा कौतुहल जगाउने खालको छ ।

### (५) दृष्टिबिन्दु

प्रस्तुत कथा वर्णनात्मक शैलीको रहेको र प्रथम र तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरी कथालाई रोचक बनाइएको छ ।

### (६) उद्देश्य

मानिसमा यौन, जीवन र मृत्यु भनेको प्राकृतिक कुरा हुन् । यिनलाई सहज रूपमा लिनुपर्दछ र यौन जुनसुकै उमेर समूहका मानिसमा उत्पन्न हुन सक्छ भन्ने यस कथाको प्रमुख उद्देश्य रहेको छ ।

## ५.१३ 'सङ्कीर्ण चित्त' कथाको विश्लेषण

### (१) कथावस्तु

बुद्ध इअरको वरिष्ट सहायक पदमा जागिर भएको द्वारिकालाई आफ्नी पत्नी रञ्जना पाल्नका लागि कुनै कठिनाई थिएन । हुन त यिनीहरूको जोडी शारीरिक सौन्दर्य, मानसिक समतुल्य, स्नातक शैक्षिक स्तर आदि कुराहरूको एकरूपता मात्र नभई राधा र कृष्णको जस्तो दम्पत्तीको उच्चता देखिन्थ्यो ।

द्वारिकालाई एक दिन एअरलाइन्सको कामले विराटनगर जानुपर्ने भयो । भर्खर विवाह भएकी पत्नीलाई सम्झाइबुझाई चार बजेको फ्लाइटमा त्यसतर्फ लाग्यो । प्राविधिक समस्याका कारण विमान काठमाडौँमा नै फर्कियो । सिनामङ्गलमा भएकी दिदीको घरमा पसेर चियानास्ता खर्ा हतारिँदै अञ्जनालाई सरप्राइज दिने हिसाबले खाना खाइवरी कोठाको सामुन्य पुग्छ । त्यस बखतमा

अञ्जनाले लिनुस् खानुस् अरू पनि .... भन्दै गरेको आवाजमा द्वारिका 'पूर्वपेमीलाई भित्र्याइछ' भनेर रिसको झोकमा सिरानीमा रहेको चम्किलो खुकुरी हातमा लिई ढोकामा लात हान्न पुग्यो । उसले त्यस पुरुषको गर्धन ताक्दै खुकुरी के उदाएको थियो पत्नी अञ्जनाले खुकुरी समाउँदै आफूलाई कन्यादन दिने दादा भने पछि पानी-पानी भएको द्वारिका काम्दै भूइँमा ढल्यो ।

**(२) पात्र**

प्रस्तुत कथामा अञ्जना, द्वारिका, अञ्जनाको दाइ मुख्य पात्र पात्रहरू हुन् । द्वारिका यस कथाको पुरुष पात्र हो । उसले विवाह भइको तीन महिनापछि आफ्नी पत्निलाई घरमै छाडी एअरलाइन्सको कामले विराटनगर हिँडेको तर प्राविधिक समस्याका कारण घरमा फर्किदा आफ्नी पत्नी अञ्जना दाइसँग कुराकानी गरेको सुनी दाइलाई अञ्जनाको पूर्वप्रेमी भण्ठानी रिसाउने व्यक्ति हो भने अञ्जना आफ्नो दाइप्रति सद्भाव राख्दै खाना खुवाउने नारी पात्र हो । यस कथामा द्वारिकाकी दिदी गौण पात्रको रूपमा देखिन्छिन् ।

**(३) परिवेश**

प्रस्तुत कथामा स्थालगत परिवेश काठमाडौँको सिनामङ्गल र कुनै घरको तीन तल्ला माथि सुरक्षित कोठा यस कथाको परिवेशका रूपमा आएका छन् ।

**(४) भाषाशैली**

प्रस्तुत कथाको भाषाशैली सरल र सरस रहेको छ । एअरलाइन्सको फ्लाइट, सरप्राइज जस्ता आगन्तुक शब्दको प्रयोगका साथै अधिकांश नेपाली शब्दको प्रयोग गरिएको छ । यस कथामा कथाकारको साहित्यिक कलात्मकता भने सामान्य खालको रहेको छ ।

**(५) दृष्टिबिन्दु**

प्रस्तुत कथामा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

**(६) उद्देश्य**

कुनै पनि घटनालाई आफूले प्रत्यक्ष देखेपछि मात्र त्यसलाई प्रतिकार गर्नुपर्छ भन्ने यस कथाको उद्देश्य रहेको छ ।

## ५.१४ 'नियत' कथाको विश्लेषण

### (१) कथावस्तु

समाजसुधारकको रूपमा परिचित प्रश्न्नराजको सक्रियतामा धेरै समयदेखि पानीको जटिल अवस्था भोग्नु परेको बेलामा उनकै विशेष सक्रियता र पहुँचले धारो निकासा गरेपश्चात उनकै घर अगाडि धारो जडान गरियो । धेरै समयपछि धारोमा पानी कम भएको कारण धारोमा ठेडी ठोकियो । केही समयपछि प्रशन्नले धारो बङ्ग्याएर घरभित्र छिँडीमा पुऱ्याए । धारो भएको स्थानमा स-सानो गणेशको मन्दिर स्थापना गरे । यस समय पनि प्रसन्नराजलाई विशिष्ट समाजसेवीको उपाधि मिल्यो । मेसिनबाट तानिएको तिरोविनाको पानी मन्दिर सँगैको जग्गामा घरको आड लगाएर स-सानो एउटा पसल कोठा बनाएर त्यहाँ चिया पसल खोले । उनको यो कर्तुतलाई कसै-कसैले थाहा पाए पनि कोही बोल्न भने सकेनन् । लामो अन्तरालमा घर अगाडिको बाटो विस्तारको क्रममा पसलकवल र घरको अघिल्लो भाग समेत भत्किन पुग्यो । गणेश मूर्तिसहितको मन्दिर पुर्लुक्क पल्टियो । वेवारिसे मन्दिरमा रड र काम लाग्ने इँटा केही नभएकाले त्यसलाई कसैले वास्ता गरेनन् र पूजा पनि भएन । डोजरले बाटो पन्छाउने काम प्रायः राति नै हुन्थ्यो । उप्काएको पिचको चपरासँगै ट्रकमा लोड भएको गणेशको भग्नावशेष कहाँ फालियो पत्तै भएन तर प्रशन्नराज सधै खुसी भइरहे ।

### (२) पात्र

प्रस्तुत कथामा एउटा मात्र पात्रको प्रयोग भएको पाइन्छ । जसको नाम प्रसन्नराज हो जसलाई सामाजिक कार्य गरेबापत टोलबासीले प्रसंसापत्र सहित दोसल्ला ओढाएर सम्मान गरेका छन् । ऊ समाजबाट आफूलाई फाइदा लिन खोज्ने चतुर व्यक्ति हो । उसले समाजको नाम गरी आफ्नै पेट भर्ने काम गर्दछ ।

### (३) परिवेश

प्रस्तुत कथाको परिवेशको रूपमा ग्रामीण क्षेत्रलाई लिइएको छ ।

### (४) भाषाशैली

यस कथाको भाषाशैली ज्यादै सरल र सरस रहेको छ । जो कोहीलाई बुझ्न पनि कठिन हुँदैन ।

### (५) दृष्टिबिन्दु

यस कथामा तृतीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### (६) उद्देश्य

समाजसेवीको नाम गरेर सम्पूर्ण बजेट जति आफ्नो पेटमा हाल्ने तत्कालीन अवस्थाको चित्रण गर्न खोजिएको छ ।

## ५.१५ 'रहस्य' कथाको विश्लेषण

### (१) कथावस्तु

सुरजले विनितालाई आफ्नो मोवाइल विनताको भेन्टिलेसन माथि राख्दा तल खस्यो । यो मोवाइल सुजिता वा कसैलाई पनि नदिनु 'मोवाइलमा आएका म्यासेज र कलहरू तुरुन्तै भेटाइदिनु यसमा आपत्तिजनक कुरा हुन सक्ने भएकाले मोवाइल सुरक्षित राख्नु दुई वर्ष पछि म फर्किए भने दिनु म वाहेक अरू कसैको हातमा पऱ्यो भने मेरो जीवन धरासायी बन्नेछ ।'

तर यो पत्र विनिताले सुजितालाई पहिल्यै नै दिइसकेकी थिइन् ।

सुरजको नाममा मोवाइलमा कलहरू पनि धेरै नै आएको र म्यासेजहरूमा पनि तिम्रो धेरै प्रतिक्षा गरे तिम्रो कुनै रिप्लाई म मर्माहित बनेको छु, तिम्रो नासो मेरो पेटको बालकले समेत नपाउने भयो भने केही दिनमा नै मेरो आत्माहत्या हुनेछ जस्ता म्यासेजहरू पढ्दै गरेकी सुजिताका हातहरू थर्थराउन थाल्यो । उता सुजतालाई चाहिँ मोवाइल बाटोमा हरायो, दुई हप्ताभित्रै फर्कनुपर्छ । यसपाला कमाएको पैसा उपचारमा सकियो भन्ने जस्ता कुरा गर्ने सुरजले भित्रभित्रै अरू युवतीहरूसँग लागेर आफूलाई धोका दिएको थाहा पाउन सकिन ।

पत्र पूरा नपढिकन सुजताले विनितालाई मोवाइल दिएकी कारण विनिताले सुरजको सबै रहस्यहरू थाहा पाई ।

### (२) पात्र

प्रस्तुत कथामा प्रमुख चरित्रका रूपमा विनिता, सुजिता र सुरज रहेका छन् । विनिता एउटा घरको डेरामा बसेको पाँच वर्ष भएको छ भने त्यसकै सामुन्ने सुजिताको परिवार पनि वर्षौंदेखि डेरामा बस्दै आएका छन् । यी दुवै नारी पात्रहरू

कोठामा बस्छन् तर यस कथाको पुरुष पत्र सुरजले एउटी पत्नी सुजिता हुँदाहुँदै अर्को दोस्री पत्नीलाई अँगाल्ने प्रतिकूल पात्र हो । उसले आफ्नी पत्नीलाई धोका दिएको छ । यस कथामा सुजिताका दुई सन्तान र सुरजकी दोस्री पत्नी गौण पात्रका रूपमा रहेका देखिन्छन् ।

### (३) परिवेश

प्रस्तुत कथामा मूल रूपमा कुनै एउटा घरको कोठा नै स्थानगत परिवेशका रूपमा आएको छ । विनिताको कोठामा भएको मोबाइल र चिठ्ठी पनि यस कथामा परिवेशका रूपमा देखा परेका छन् ।

### (४) भाषाशैली

प्रस्तुत कथाको भाषा सरल किसिमको रहेको छ । कथाका माध्यमबाट विभिन्न घटनाहरूलाई सान्दर्भिक तरिकाले प्रस्तुत गरिएको छ । यस कथामा आगन्तुक शब्दहरू मोबाइल, भेन्टिलेसन, म्यासेज, रिप्लाई जस्ता कुराहरू प्रकट भएबाट कथा झन रोचक बन्न पुगेको छ ।

### (५) दृष्टिबिन्दु

प्रस्तुत कथामा कथाकारले प्रथम र तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरेका छन् ।

### (६) उद्देश्य

आफूमा जे छ त्यसमा नै रमाउन सक्नु पर्दछ भन्ने उद्देश्य यस कथामा पाउन सकिन्छ ।

## ५.१६ 'अज्ञात अनिष्ट' कथाको विश्लेषण

### (१) कथावस्तु

भर्खरै वैवाहिक सम्बन्ध सूत्रमा बाँधिएकी सुस्मिताले बिहानै सिद्धि गणेशको पूजा गर्न भएकी बेलामा सडकमा नौजबान केटो मोटरसाइकल दुर्घटनामा परेको र उसको शरीरमा रगतहरू लतपतिएको र हरेक तन्तुहरू छटपटाइरहेका देखेकी सुस्मिताले अनुहार चिन्नै नसकेको र बाँच्ने आशा नभएको भन्दै पूजा गर्दागर्दै सुस्मिताले आमालाई आफूले देखेका सम्पूर्ण घटनावृत्तिहरू सुनाई ।

छोरीले सुनाएको दुखद घटनामा व्याकुल भएकी आमा लामो सास फर्दै राति नराम्रो सपना देखेको परिणाम यस्तो घटना सुन्न पो रहेछ भन्दै गर्दा सुस्मिताको सुबोध आत्तिदै घरभित्र पस्यो र भन्न थाल्यो आमा सर्वनास भयो । हामी सकियौँ । अफ सुस्मिता दिदीको जीवन .... । मोटरसाइकल दुर्घटनामा दुर्घटित हुने मान्छे भिनाजु पो हुनुहुँदोरहेछ ।

### (२) पात्र

प्रस्तुत अज्ञात अनिष्ट कथामा आमा, सुस्मिता, सुबोध, सुस्मिताको लोग्ने प्रमुख पात्रहरू हुन् यस कथाकी नारी पात्र सुस्मिताले आफू पूजा गर्न गएको समयमा देखेको मोटरसाइकल दुर्घटनामा कुनै एक मानिस छटपटाइरहेको प्रसङ्ग व्यक्त गरेकी छन् । यो कथा वर्णात्मक अवस्थामा रहेको देखिन्छ । यस कथामा गौण पात्रका रूपमा सुस्मिताको लोग्नेलाई लिन सकिन्छ ।

### (३) परिवेश

प्रस्तुत कथाको परिवेश ग्रामीण क्षेत्रको कुनै एक घरको रहेको छ । बिहान पूजा गर्ने क्रममा मन्दिर जाँदाको अवस्थासम्मको घटनालाई प्रस्तुत कथाको परिवेशका रूपमा चित्रित गरिएको पाइन्छ ।

### (४) भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल र सहज रहेको छ । यस कथामा वर्णात्मक अवस्था रहेको हुँदा जो कोहीले पनि सजिलै बुझ्न सक्ने खालको रहेको छ ।

### (५) दृष्टिबिन्दु

प्रस्तुत कथामा प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

### (६) उद्देश्य

कहिलेकाहीँ हाम्रो जीवनमा अकल्पनीय घटनाहरू पर्न सक्छ भन्ने यस कथाको उद्देश्य रहेको छ ।

## ५.१७ 'अन्योल' कथाको विश्लेषण

### (१) कथावस्तु

असार महिनाको अन्त्यतिरको त्यस रात मुसलधारे पानी बर्सेर भर्खरै रोकिएको बेला थियो । कृष्ण साढे दश बजेको समयमा ओछ्यानबाट जुरुक्क उठ्यो ।

किनभने उसलाई लामखुट्टे र उपियाले टोक्यो सुत्ने बेलामा चकलेट र क्यान्डी चस्नुपर्ने कृष्णले पसलमा गएर केन्डी र ल्वाङको स्वादसँग डेरा घरभित्र पस्यो ।

त्यस समयमा कृष्णले एउटी रूपले धपक्क बलेकी युवतीले आफूलाई दश रुपैयाँ दिनुस् मेरो जीवनको प्यास तपाइसँग भेट्ने छ अनि म सन्तुष्ट हुनेछु भन्दै गर्दा कृष्णका मनमा अनेकौँ कुराहरू खेल्न थाल्छन् र मनमनै कोठामा एक्लै छु मेरो भाग्य र अवसर पनि यही हो ।

कृष्णले त्यस केटीको सम्पूर्ण शरीरलाई नियाल्दा खुट्टा हात्तीपाइले जस्तै उभिएको तर पाउ नभएको देख्नेबित्तिकै ग्रसित बन्यो र क्षणभरमै ती युवतीको काखमा एउटा बालक देख्न पुग्यो । यस्तो अवस्थामा कृष्ण डरले भएभित हुन्छ ।

**(२) पात्र**

अन्योल कथा घनश्याम पुडासैनीको आत्मघातपछिको अभिव्यक्ति कथा सङ्ग्रहभित्र सङ्गृहीत अन्तिम कथा हो । यस कथाभित्र कृष्ण र कुनै एक अन्जान सुन्दरी पात्रका रूपमा देखा परेका छन् । यस कथाको पुरुष पात्र कृष्णलाई राती सुत्ने समयमा क्यान्डी चुस्नु पर्ने हुँदा पसलमा क्यान्डी किन्न गएको अवस्थामा कुनै एक सुन्दरीले दश रूपैयाँ मागेकी छ ।

**(३) परिवेश**

प्रस्तुत कथामा मुसलधारे पानी परेको असार महिनाको रातको समयलाई परिवेशको रूपमा लिइएको छ जुन समयमा कुनै एक अन्जान नारी पात्रले कृष्णलाई “तपाईले रूपैयाँ दिनुभयो भने मेरो भोकमात्रै होइन, मेरो जीवनभरिको प्यास तपाईसँग भेटिने छ अनि म सन्तुष्ट हुनेछु” भन्ने प्रसङ्गको वातावरण यस कथामा देख्न सकिन्छ ।

**(४) भाषाशैली**

प्रस्तुत कथाको भाषाशैली सरल किसिमको रहेको छ । असामान्य स्थितिको चित्रण र कुनै पनि युवती रूपी अदृश्य कुराले त्रसित पारेको अवस्था छ ।

**(५) दृष्टिबिन्दु**

प्रस्तुत कथामा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

### (६) उद्देश्य

अदृश्य कुराले हाम्रो जीवनमा दुःख दिन सक्छ आफू समयमा नै होसियार हुनुपर्दछ भन्ने उद्देश्य यस कथाको रहेको छ ।

## ५.१८ निष्कर्ष

आधुनिक नेपाली कथा परम्परामा घनश्याम पुडासैनीले सामाजिक यथार्थवदी धारालाई विषयवस्तु बनाएर कथाहरू लेखेको पाइन्छ । ग्रामीण समाजमा एउटी नारीले विभिन्न रूपमा भोग्नु परेका समस्याहरू, मान्छेले भोग्नु पर्ने कठिन परिस्थिति, मान्छेको आर्थिक अवस्था कमजोर भएको कारण विदेशिनु पर्ने अवस्था, राजनीतिका कारण उत्पन्न समस्या समाजमा बढेका हत्या, आत्महत्या, हिंसा, झुट, वेइमान आदि पक्षहरू उनका कथामा पाइन्छ ।

घनश्याम पुडासैनीले कथावस्तु अनुरूपकै पात्रहरू प्रयोग गर्न उनको कथागत वैशिष्ट्य हो । उनका कथामा प्रयोग गरिएका पात्रहरू मुख्य रूपमा ग्रामीण तथा न्युन वर्गका छन् भने धनी र सम्भ्रान्त वर्गका पनि छन् । उनीहरू आफ्नै ध्याउन्नमा रहेका हुन्छन् । उनका कथामा विशेषगरी विवाहिता दम्पत्तिहरूको प्रयोग बढी पाइन्छ भने कथाभित्र आफ्नै मानसिक अवस्थाको कारण आत्महत्या गर्ने जस्ता वाध्यताहरू पनि भेट्न सकिन्छ । समग्रमा भन्नुपर्दा पुडासैनीको कथामा बालक, महिला, पुरुष, किशोर, वयस्क, धनी, सम्भ्रान्त, गरीव, किसान जस्ता आर्थिक विपन्नताका पात्रहरू साथै प्रमुख, सहायक, गौण, स्थिर, परिवर्तनशील प्रतिनिधि, व्यक्तिगत अनुकूल प्रतिकुल आदि सम्पूर्ण प्रवृत्तिका पात्रहरूको प्रयोग गरिएको छ ।

घनश्याम पुडासैनीका कथामा नेपाली ग्रामीण वा शहरिया परिवेश वातावरण पाइन्छ । उनका कथामा भाषाशैली सरल र सरस किसिमको रहेको छ । पात्र अनुसारको भाषा प्रयोग गर्नु तथा अति सरल नेपाली भाषाको प्रयोग पाइन्छ

पुडासैनीका कथाहरूमा प्रथम र तृतीय पुरुषका दृष्टिविन्दुमा आधारित रहेका छन् । प्रथम पुरुषको प्रयोग भएका कथामा परिस्थितिको दास, निर्विवेक, रेखाङ्कन जस्ता कथाहरू रहेका छन् भने अरू कथाहरूमा तृतीय पुरुषको प्रयोग पाइन्छ ।

समाजमा भएका यथार्थ घटनालाई र मानिसभित्र रहेको यौन कुन्ठालाई सहज रूपमा देखाउनु पुडासैनीका कथाको प्रमुख उद्देश्य रहेको छ ।

कथाकार घनश्याम पुडासैनी राजधानी काठमाडौँमा रहेर नेपाल र नेपाली साहित्यमा योगदान पुऱ्याउने साहित्यकार हुन् । यिनले नेपाली साहित्यका विविध विधामा कलम चलाएर योगदान दिएका छन् ।

कुनै पनि कथामा कथाकारले कथावस्तुको सुहाउँदो पात्रको प्रयोग गर्नु आवश्यक हुन्छ । कथाकार घनश्याम पुडासैनीका कथाहरूमा समाजका विभिन्न किसिमका पात्रहरूको प्रयोग भएको छ । प्रायःजसो सबै कथामा पात्रहरूको भूमिका प्रमुख रहेको छ । 'ऊ मरेको छैन' कथामा रामुले भुन्टेलाई बचाएको छ । यस कथामा सहायक पात्रहरू ठूली आमा, रामुकी आमा, रञ्जना र राजु छन् भने गौण पत्रका रूपमा भुन्टेकी आमा हुन् । उनको यस कथामा कुनै पनि भूमिका छैन । 'शङ्काको परिणाम कथामा' निलम निरोध, निता, विनिता आदि पात्रहरू प्रमुख छन् भने देवेन्द्र यस कथामा गौण पात्रका रूपमा देखिएको छ । 'संयोगको सुरुवात' कथामा प्रमुख पात्रहरू आमा, सविता, भुषण, बुवा, काका, भुषणकी आमा आदि रहेका छन् । यस कथामा सविता एक क्रियाशील पात्र हुन् । उनी सकारात्मक सोच भएकी एक गतिशील नारी पात्र हुन् भने भुषणकी आमा यस कथाकी गौण पात्र हुन् । 'दिन फेरी फर्कन्छ' कथामा मङ्गले, मङ्गली, बा, आमा, भुन्टे साहु यस कथाका प्रमुख पात्रहरू हुन् । 'आत्माघात' कथामा प्रमुख पात्रहरूमा ठूलाघरे बा, सुनिता, सुजन, सुनिताकी छोरी आदि पात्रहरू रहेका छन् भने सुनिताकी छोरी गौण पत्रको रूपमा प्रयोग भएको देखिन्छ ।

'सारी च्यातिएपछि' कथामा सुरेश, आमा, मीना, सुरेशका दाजु, माया, मिठ्ठु, आदि पात्रहरू रहेका छन् । सुरेशका दाजु गौण पात्र हुन् । 'गरिमा' कथामा ठूली कान्छी, हरिकृष्ण, दीपिका, विष्णुहरि, प्राचार्य, दयाराम, सविन आदि पात्रहरू प्रमुख रहेका छन् भने दीपिका यस कथाकी नायिका हो । उनी यस कथामा समाजलाई परिवर्तन गर्नुपर्दछ भन्ने र सबै लक्षणले युक्त नारी पात्र हुन् । उनी यस कथामा गतिशील पात्रको रूपमा चित्रण हुन पुगेकी छन् । 'निविवेक रेखाङ्कन' कथामा म पात्र, रश्मी र अजय रहेका छन् । म पात्र र अजय यस कथाका प्रमुख पात्र हुन् भने रश्मी गौण पात्र हुन् । 'क्रोधी चट्याङ' कथामा हरि र पुतली प्रभाव पात्र हुन् भने हरि र पुतलीका छोरो गौण पात्रको रूपमा देखिन्छ । 'परिस्थितिको दास' कथामा मैना बज्यै, मैना बज्यैकी छोरी, सरोज र सरोजकी पत्नी रहेका छन्

भने मैना बज्यैकी छोरी र सरोजकी पत्नी यस कथाका गौण पात्रहरू हुन् । 'सङ्कीर्ण चित्त' कथामा अञ्जना, द्वारिका, अञ्जनाको दाई रहेका छन् । अञ्जना र द्वारिका प्रमुख पात्र हुन् भने अञ्जनाको दाजु गौण पत्र हुन् । 'नियत' कथामा प्रशन्नराज एक पात्र हो जो समाजमा चतुऱ्याइँ गरेर सामाजिक प्रतिष्ठा पाउन खोज्छ । 'रहस्य' कथामा विनिता, सुजिता र सुरज यस कथाका प्रमुख पात्रहरू हुन् । 'अज्ञात अनिष्ट' कथामा आमा सुस्मिता, सुस्मिताको लोग्ने र भाई सुबोध रहेका छन् । 'अन्योल' कथामा कृष्ण र नवयौवना पात्रहरू रहेका छन् ।

यसरी घनश्याम पुडासैनीको 'आत्मघात पछिको अभिव्यक्ति कथा सङ्ग्रहमा पात्रहरूको विविधता पाइन्छ ।

यस कथा सङ्ग्रहमा रहेका कथाहरूमा परिवेशगत व्यापकता रहेका छन् । भौगोलिक परिवेशका रूपमा ग्रामीण र शहरी परिवेशको चित्रण पाइन्छ । वर्णात्मक क्रममा डाडा, खोलानाला, हरियो वन, दाइजो, भैसी, बाखो, खेत, पैसा आदि कुराहरू छन् भने पलङ, शोकेस, पोशकेश, मनिप्लान्ट, टेपरेर्कट, एकाउन्टेन्ट, सरप्राइज, एस्क्युजमि जस्ता शब्दहरूले शहरीय परिवेशलाई देखाउन खोजिएको छ । घाँस, दाउरा, पानी, खेत, धान, भैसी, बाखा, नाम्लो, बुइगल जस्ता कुराले ग्रामीण परिवेशको चित्रण पाइन्छ ।

कथाकार घनश्याम पुडासैनीको कथासंग्रह साहित्य यात्राको दोस्रो र्कति हो । विसङ्गत जीवनका दुःख, पीडा, वेदना, दमन, ममाया, स्नेह र सहानुभूति आदिलाई कथाका रूपमा प्रस्तुत गरी सार्थकता प्रदान गर्नु नै मुख्य उद्देश्य रहेको छ । पाठकलाई मनोरञ्जन प्रदान गर्नु तथा कथाकारका नीजि भावना प्रस्तुत गर्नु पनि यस कथा सङ्ग्रहको उद्देश्य रहेको छ । यस कथा सङ्ग्रहमा कथाहरू हाम्रो समाजका यथार्थ घटना हुन् । समाजका विकृति विसङ्गति, शोषण, दमन, अन्याय, अत्याचार आदि सबै विषयलाई कथाकारले समेटेका छन् ।

कथाकार घनश्याम पुडासैनीको यस कथा सङ्ग्रहमा सरल तथा सहज भाषाशैलीको प्रयोग गरेका छन् । पात्र अनुकूलको भाषा प्रयोग भएको यस कथा सङ्ग्रहमा कथाहरूमा धेरै ठाउँमा वर्णनात्मक शैलीको प्रभाव पाइन्छ । प्रयःजसो कथामा ठेट नेपाली तथा आगन्तुक शब्दहरूको पनि प्रयोग भएको छ । समग्रमा यस कथा सङ्ग्रहका कथाहरूमा सरल सहज भाषाशैलीको प्रयोग भएको छ ।

# छैटौँ परिच्छेद

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

काठमाडौँ जिल्लाको जीतपुरफेदी गा.वि.स. वडा नं. ३ मा जन्मिएका र हाल काठमाडौँको नयाँ बजारमा बसोबास गर्दै आएका घनश्याम पुडासैनीले तन, मन र धनले साहित्यिक क्षेत्रमा लागेका व्यक्तित्व हुन् । जीवनको लामो समय निजामती सेवामा लामो समय जागिरे जीवन बिताएका पुडासैनीले कठिन परिस्थितिमा पनि साहित्यलाई मूलमन्त्रको रूपमा लिएको देखिन्छ । आर्थिक अभावमा जन्मिएका र आर्थिक अभावमै हुर्किएका पुडासैनीले पिताको प्रेरणाबाट आफ्नो पढाइलाई निरन्तरता दिएका पाइन्छ ।

२०३१ सालमा 'चिठी' कविताबाट साहित्ययात्रा प्रारम्भ गरेका पुडासैनीले पाँच दशकसम्म साहित्यमा लागिरहे । अहिले पनि युवाजोस र जाँगरका साथ प्राध्यापन कार्य र साहित्यिक सिर्जनामा आफ्नो व्यस्त जीवन बितारहेको देखिन्छ । अचूक अस्मिता (२०६३) कवितासङ्ग्रह र आत्मघात पछिको अभिव्यक्ति (२०७२) कथा/लघुकथासङ्ग्रह जस्ता दुईवटा सङ्ग्रह नेपाली साहित्य आँगनमा पस्केका छन् । हरेक सामाजिक क्रियाकलापमा सक्रियताका साथ संलग्न रहने पुडासैनी धार्मिक क्षेत्रमा पनि त्यत्तिकै क्रियाशील छन् । आस्तिक भावना भएका पुडासैनीले संस्कृतिलाई पनि त्यत्तिकै सम्मान गरेका छन् । आफ्नो कार्यमा व्यस्त रहने पुडासैनीले वैदेशिक भ्रमणमा जाने मौका पनि धेरै नै पाएका छन् । उनले आफ्ना हरेक अवसर अनि मौकालाई साहित्यसँग जोड्न पुग्छन् र साहित्य सिर्जनाकार्य गर्छन् ।

'घनश्याम पुडासैनीको जीवनी, व्यक्तित्व र कृतित्व' विषय राखेर अनुसन्धान गरिएको यस शोधको पहिलो परिच्छेदको शोधपरिचय अन्तर्गत विषयपरिचय, समस्याकथन, शोधकार्यका उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखा रहेको छ ।

त्यस्तै शोधपत्रको दोस्रो परिच्छेदमा घनश्याम पुडासैनीको जीवनी शीर्षकमा विषयप्रवेश, पुर्ख्यौली वंश परिचय, जन्म र जन्मस्थान, बाल्इकाल, शिक्षादीक्षा, विवाह र सन्तान, संस्थागत सङ्कलनता, राजनीतिक संलग्नता, आर्थिक अवस्था, पारिवारिक जीवन, कार्यक्षेत्र, रुचि तथा स्वभाव, जीवनदर्शन, भ्रमण प्रकाशित अप्रकाशित कृति तथा फुटकर रचनाहरू सम्मान र पुरस्कारहरू र निष्कर्ष रहेका छन् ।

तेस्रो परिच्छेदमा घनशयाम पुडासैनीको व्यक्तित्वअन्तर्गत विषयप्रवेश, बाह्य व्यक्तित्वअन्तर्गत शारीरिक व्यक्तित्व, स्वभाव, खानपिन, व्यवहार जस्ता कुराहरू पर्दछन् भने आन्तरिक व्यक्तित्वअन्तर्गत, साहित्यकार व्यक्तित्व, कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, सम्पादन व्यक्तित्व, यात्रा संस्मरणकार व्यक्तित्व, समालोचक व्यक्तित्व वा खोज अन्वेषक व्यक्तित्व पर्दछन् भने साहित्येतर व्यक्तित्वअन्तर्गत सामाजिक व्यक्तित्व, प्राध्यापन व्यक्तित्व, जीवनी व्यक्तित्व र कृतित्व लेखन बीच अन्तर्सम्बन्ध र निष्कर्ष रहेका छन् ।

चौथो परिच्छेदमा घनश्याम पुडासैनीको कृतित्वको अध्ययन तथा विश्लेषण शीर्षकमा पृष्ठभूमि तयार गरी परिचय लेखेर उनका प्रकाशित कृति 'अचुक अस्मिता' कवितासङ्ग्रहको कविता तत्त्वका आधारमा विश्लेषण गरिएको छ । यसक्रममा कवि पुडासैनीका साहित्यिक कृतिको सङ्क्षिप्त विश्लेषण गरिएको छ ।

पाँचौं परिच्छेदमा घनश्याम पुडासैनीको 'आत्मघातको अभिव्यक्ति' (२०६२) कथा लघुकथासङ्ग्रह अन्तर्गत कथाहरूको विश्लेषण तथा पात्र, परिवेश, भाषाशैली, दृष्टिबिन्दु र उद्देश्यहरू देखाइएको छ । उनका यस कथासङ्ग्रहमा वर्तमान स्वार्थी दुनियामा मान्छे मान्छे बीचको छलकपट, सामाजिक विकृति, विसङ्गति जस्ता कुराहरू देखाइएको छ । पुडासैनीका कथामा सामाजिक यथार्थ घटनालाई चित्रण गर्न खोजिएको छ ।

छैठौं परिच्छेदअन्तर्गत यस शोधपत्रको उपसंहार र निष्कर्ष प्रस्तुत गरिएको छ । सामग्रमा भन्नुपर्दा नेपाली साहित्यका क्षेत्रमा कथा, कविता, समालोचना, यात्रा संस्मरण, विभिन्न लेख तथा रचनामा कलम चलाएका पुडासैनी नेपाली साहित्यका एक कुशल स्रष्टा हुन् । नेपाली साहित्यका क्षेत्रमा पुडासैनीका कृतिहरूले उल्लेख्य योगदान पुऱ्याएका छन् ।

## ६.२ निष्कर्ष

घनश्याम पुडासैनी वि.सं. २०१० पौष १९ मा जीतपुरफेदी गा.वि.स. वडा नं. २ गैरीगाउँ (हाल तारकेश्वर नगरपालिका वडा नं. ७ काठमाडौँ) मा जन्मिएका हुन् । उनको बाल्यकाल आर्थिक अभावमा बिते तापनि हालको अवस्था राम्रो रहेको छ । मिलनसार तथा तृक्ष्ण बुद्धिका पुडासैनी नेपाली भाषा साहित्यमा स्नातकोत्तर (२०४७) र हाल विद्यावारिधि कार्यमा व्यस्त रहेका छन् । पुडासैनीले निजामती सेवाबाट निवृत्तिभरण भई हाल प्राध्यापन कार्यमा रहेका छन् । साथै विभिन्न साहित्यिक लेख रचनामा पनि सक्रिय रहँदै आएका छन् । त्यति मात्र नभएर उनी विभिन्न सङ्घ संस्थाहरूमा पनि आबद्ध रहँदै आएका छन् ।

घनश्याम पुडासैनीले २०३० सालमा काभ्रेपलाञ्चोकको भगवती गैरेसँग परम्परागत रूपमा विवाह बन्धनमा बाँधिएका थिए । उनीहरूबाट २ छोरा र १ छोरीको जन्म एको छ ।

कवि तथा कथाकार घनश्याम पुडासैनी राजधानी काठमाडौँमा रहेर नेपाल र नेपाली साहितयमा योगदान पुऱ्याउने साहित्यकार हुन् । यिनले नेपाली साहित्यका विविध विधामा कलम चलाएर नेपाली साहित्यलाई फराकिलो पार्न सफल भएका छन् ।

# परिशिष्ट – १

## घनश्याम पुडासैनीसँग लिइएको अन्तर्वार्ता

(१) तपाईंको जन्ममिति र स्थान भनिदिनुहोस् न ।

मेरो जन्म वि.सं. २०१० साल पौष १९ गते हो । म जीतपुरफेदी गा.वि.स. वडा नं. २ गौरीगाउँ जन्मिएको हुँ ।

(२) मातापिताको नाम, थर र पेसा के थियो ?

माताको नाम तुलसा पुडासैनी र पिताको नाम स्व. हरिप्रसाद पुडासैनी हो ।

(३) कस्तो खाना खान मन पराउनुहुन्छ ?

म 'शाहाकारी' खान खान मन पराउँछु ।

(४) तपाईंको न्वारनको नाम के हो ?

मेरो न्वारनको नाम पनि घनश्याम पुडासैनी नै हो ।

(५) साहित्य लेखन कोबाट प्रेरणा प्राप्त गर्नुभयो ?

सात्यि लेखन विद्यालयका शिक्षकबाट प्राप्त गरेँ ।

(६) तपाईंको रुचि के हो ?

साहित्यका विविध विधा कथा, कविता तथा पत्रपत्रिका पढ्नु र विभिन्न राष्ट्र अन्तर्राष्ट्रि भ्रमण गर्नु हो ।

(७) तपाईंका साहित्यिक कृतिहरू के कति रहेका छन् ?

मेरो साहित्यिक कृतिहरू दुईवटा रहेका छन् । (१) 'अचुक अस्मिता' कवितासङ्ग्रह ( २०६३) र (२) 'आत्मघातपछिको अभिव्यक्ति' (२०६२) हुन् ।

(८) हाल के गर्दै हुनुहुन्छ ?

हाल ग्रामीण आदर्श बहुमुखी क्याम्पस नेपालटार र जीतपुर फेदी बहुमुखी क्याम्पसमा प्राध्यापनरत छु र विद्यावारिधि कार्यमा पनि व्यस्त रहेको छु ।

(९) अहिले कुन ठाउँमा बसोबास गर्नु हुन्छ त ?

अहिले म काठमाडौँको नयाँबजारमा बस्दै आएको छु ।

(१०) तपाईंको विचारमा जीवन के हो ?

मेरो विचारमा जीवन एउटा सङ्घर्ष हो ।

# परिशिष्ट – २

# घनश्याम पुडासैनीका समालोचना कृतिको अध्ययन

## १. 'समानान्तर आकाश' उपन्यासमा नारी चेतनाको अध्ययन

### १.१ परिचय

समालोचक घनश्याम पुडासैनीका समालोचनात्मक कृतिहरू त्यति धेरै छैनन् जति छन् ती समालोचना सैद्धान्तिक रूपमा लेखिएका छन् । यस रूपमा लेखिएका उनका समालोचना क्रमशः **समानान्तर आकाश** उपन्यासमा नारी चेतना एउटा समालोचना रहेको छ भने अर्को समालोचना गुरुप्रसाद मैनालीको **नासो** कथामा पूर्वीय संस्कृतिको प्रभाव रहेका यी दुई फुटकर समालोचनाहरूको पनि समालोचनात्मक अध्ययन यसरी प्रस्तुत गरिएको छ ।

### १.२ 'समानान्तर आकाश' उपन्यासमा नारी चेतना

प्रस्तुत समालोचना **समानान्तर आकाश** उपन्यासकी स्रष्टा पद्‌मावती सिंहको जीवनी, व्यक्तित्व र **समानान्तर आकाश** उपन्यासमा नारी चेतना के कस्तो छ त्यसलाई नारीवादी समालोचनात्मक सिद्धान्तका आधारमा हेर्न खोजिएको छ । यस क्रममा यस समालोचनाको सैद्धान्तिक विश्लेषणलाई यसरी प्रस्तुत गरिएको छ ।

### १.३ सङ्क्षिप्त चिनारी

पिता परसुराम माथेमा र माता चन्द्रभुवनेश्वरीकी कान्छी सुपुत्री **समानान्तर आकाश** उपन्यासकी स्रष्टा पद्‌मावती सिंहको जन्म वि.सं. २००५ वैशाख १९ गते काठमाडौँको ओमबहालमा भएको थियो । पिता परसुरामभक्त माथेमाको संरक्षकत्व र लालनपालनमा हुर्कदै आएकी पद्‌मावती सिंह शिक्षित र सभ्य परिवारबाट धेरै कुरा सिक्दै अगाडि बढेकी छन् । बाल्यकालदेखि नै सहनशील र कर्तव्यपरायण देखिने उपन्यासकार साहित्यिक मोहमा झन झन रमाउँदै लागि पर्न थालिन तीन सन्तानकी आमा पद्‌मावती १९७४ देखि जागिरे जीवनमा प्रवेश गरेकी हुन् । सोह्र सत्र वर्षदेखि नै आफ्ना रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्दै आएकी सिंह आख्यान साहित्यमा बढी रुचि राख्ने उपन्यासकार हुन् । उनका विभिन्न पत्रपधिकामा प्रकाशित रचनाहरू **कथादि** (२०३८), **कथायान** (२०३९), **कथाकार**

(२०४४), **पद्मावती सिंहका कथाहरू** (२०६०) मा मौन स्वीकृति, समय, दमप आदि कथागत कृतिहरू प्रकाशन गर्न सफल भएकी छन् । आख्यान साहित्यमा प्रथम कृतिका रूपमा प्रकाशित **पद्मावती सिंहको समानान्तर आकाश** (२०६२) ले आख्यान साहित्यमा नवीन मूल्य र मान्यतासहित नौलो आयाम थपेको कुरा चर्चित रूपमा रहेको छ ।

उनको विभिन्न साहित्यिक कृतिहरूको उच्च मूल्याङ्कन गर्दै पुरस्कृत भएकी छन् । रत्नश्री सुवर्ण पदक (२०३९), मैनाली कथा पुरस्कार (२०४७), वीरेन्द्र ऐश्वर्य सेवा (२०५९), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५९), साझा पुरस्कार २०६२) जस्ता पुरस्कार पाएकी छन् ।

उनले भ्रमणका रूपमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय रूपमा गरेकी छन् । नेपाल राज्यका विभिन्न पहाड, हिमाल, उपत्यका र तराईका अधिकांश क्षेत्रका साथै भारत, बङ्गलादेश, थाइल्याण्ड, सिङ्गापुर, क्यानडा आदि मुलुकहरूको भ्रमण गर्दै ज्ञान हासिल गरेकी छिन् । उनका विभिन्न भागको भ्रमण गर्दै त्यस ठाउँमा बसोबास गर्ने नारीहरूको अन्तरआत्माको वेदनालार्य चिरफार गर्दै र नारी चेतनालाई उजागर गर्न सफल भएकी सिंह नारीवादी लेखिका हुन् ।

## १.४ औपन्यासिक प्रवृत्ति

पद्मावती सिंहका **समानान्तर आकाश** उपन्यास तथा उनका अरू कृतिहरूलाई हेर्दा उनी स्पष्ट रूपमा नारी अन्तर्मनका सुख, दुःख, पीडा, रोदन, चिरफार, हर्ष र विस्मात आदि अवस्थालाई केलाउँदै समस्याको निरूपण गर्न समाधानका लागि पुरुषको भर पर्नुको साटो नारी स्वयम् विचार, तर्क र संवेदनशील बन्दै अगाडि बढ्न उत्प्रेरित गराउन सफल छन् । शिष्ट यौवनाभूति उतार्नु पद्मावती सिंहको अर्को औपन्यासिक वैशिष्ट्य हो । पद्मावती सिंहको उपन्यासमा चित्रात्मक भाषाशैलीको प्रयोग आशावादी दृष्टिकोण, बिम्ब र प्रतीकतामा घटनाको चित्रा, विद्रोहात्मक अभिव्यक्ति, राष्ट्रिय भक्तिभाव, अरूको स्वतन्त्रताको कदर गर्दै आफ्नो स्वतन्त्रताको उपयोग, नारीको मात्र समस्यालाई नभई पुरुषको पनि समस्यालाई फुकाउन दुवै मिली लाग्नुपर्दछ भन्ने दृष्टान्त रहेको छ ।

नारी पुरुषको प्रशंसा गर्न पछि नपर्ने पद्मावती प्रमात जस्ता असल पुरुषको गुणगान गर्न पछि पर्दिनन् । जीवनमा आएका समस्यालाई डराएर होइन डटेर

सामना गर्नुपर्दछ भन्ने स्विटी एक उदाहरण हुन् । समानान्तर आकाशकी सुस्मिताले यस प्रसङ्गलाई पुष्टि गरेकी छन् । गाउँका नारीहरू सरल र सहज छन् तर काठमाडौँका नारीको आडम्बरका कारण नारीहरू अझै विसङ्गत भएका छन् भने अझै रुमलिँदै रहेका छन् । पात्रानुकूल भाषिक प्रयोग, यथार्थता, मनोवैज्ञानिकता, फोटो ग्रामी प्रस्तुति दमित होइन सृजनात्मक आत्मा उत्प्रेरणाको उचित व्यवस्था आदि उपन्यासकार पद्मावती सिंहका औपन्यासिक विशेषता हो ।

### (क) नारी को हुन् ?

नारीवादी सिद्धान्तका आधारमा **समानान्तर आकाश**लाई हेर्ने क्रममा नारी र पुरुष एक अर्काका अभिन्न अङ्ग हुन् । पुरुष र नारी बिनाको संसार कल्पना पनि गर्न सकिँदैन । विकासवादी सिद्धान्तका प्रतिपादकहरू यसै कुरालाई प्रमाणित मान्दछन् भने पूर्वीय विद्वान्हरू चाहिँ परमेश्वर त्यस्तो शक्तिदायनी तत्त्व थिए जसको स्त्री र पुरुष दुवै एकै रूप थियो । स्त्री र पुरुषको समान रूप भए तापनि प्रकृतिरूपी शक्ति र दायित्वको कुरा गर्ने हो भने पुरुषको भन्दा नारीको अवस्था माथि रहेका अवस्थालाई स्वीकार गर्नुपर्छ । उमा महेश्वर, सीताराम, लक्ष्मी नारायण, राधा कृष्ण आदि धर्मग्रन्थमा नारीको स्थान पुरुषको भन्दा उच्च रहेको देखाएका छन् ।

### (ख) नारी चेतनाको खोजी

**समानान्तर आकाश** उपन्यासमा नारी चेतनाको खोजी तीव्र रूपमा भएको देख्न सकिन्छ । यस उपन्यासमा नारीहरू चेतनशील देखिएका छन् । वर्गीय असमानता, लैङ्गिक विभेदन, समूहगत पीडितपन एवम् अविवेकी आदिले ग्रस्त समाजमा व्यक्तिका चेतनाहरू सुषुप्त रूपमा लोप हुँदै जान्छन् । थोरै समयका लागि शोषकहरू सुखी बन्लान तर कालान्तरमा 'आफूले खनेको खाडल आफै पर्नका लागि' भन्ने उखान सावित हुन पुग्छ र सामाजिक संरचना नै खलबल हुन जान्छ ।

नारी मातृशक्ति हुन् उनीभित्रको सुषुप्त चेतना अत्याधिक संवेदनशीलतामा जागृत रहेको हुन्छ । पुरुषका तुलनामा नारी बढी उदार, शहनशील, मृदुभाषी, स्थिर, धैर्य, स्वाभिमानी, गम्भीर, निश्छल, निष्कपट, सरल, सहज र सहदृदयी जस्ता महानतम गुणहरूले बढी सौर्यात्मक बनेका हुन्छन् ।

### (ग) 'समानान्तर आकाश' उपन्यासमा नारी चेतना पक्ष

नारीवादी उपन्यासकारका रूपमा परिचित पद्मावती सिंह **समानान्तर आकाश** उपन्यासकी स्रष्टा हुन् । उकै सिक्काका दुईपाटा जस्ता मानिने धर्ती र आकाश मानिसको जन्मनु र जीउनुको सार्थक आधार पनि हो । धर्तीमा जसले जति ठाउँ लिन्छ त्यति नै स्थानको सहज उपभोग उसले आकाशमा पनि गर्न पाउनु पर्छ, यो प्रकृतिगत सत्य विश्वास वा निष्ठा हो । स्त्री र पुरुष धर्ती र आकाशरूपी शक्ति हुन् । आधा स्थान पृथ्वीमा ग्रहण गर्ने स्त्रीका लागि आधा आकाश उपभोग गर्ने अधिकार रहन्छ । **समानान्तर आकाश** उपन्यास मानवीय जीवन जगत्का दुई वर्ग नारी र पुरुष एक अर्काका अभिन्न अङ्ग भएकाले यिनीहरू बीच अन्तरभेदीय व्यवहार गर्नु हुँदैन बरु समान व्यवहार र उचित आदर साथ समाजलाई अगाडि बढाउनु पर्ने मान्यता यस उपन्यासमा उजागर गरिएको छ ।

यी र यिनै प्रवृत्तिहरू **समानान्तर आकाश** उपन्यासमा भेट्न सकिन्छ ।

### १.५ निष्कर्ष

**समानान्तर आकाश** उपन्यासमा उपन्यासकार पद्मावती सिंहले नारी अन्तरमनका वेदनालाई चिरफार गर्न सक्षम भएकी र नारी चैतन्यलाई उजागर गर्न सफल भएकी नारीवादी लेखिका हुन् । नारी पुरुषको सहअस्तित्व स्वीकार गर्दै समाजमा असल पुरुषको प्रशंसा गर्न पछि नपर्ने पद्मावती प्रभात जस्ता असल पुरुषको गुणगान गाउन पछि पर्दिनन् । संसारका कैयौं स्थानमा यस्तो जटिल सामाजिक अवस्था छ जहाँ स्त्री र पुरुषबीच असमान व्यवहार मात्र नभई पुरुष पीडक स्त्री जातिको दुर्दशा र नारीद्वारा नै पीडित नारीको अवस्था कहाली लाग्दो पाइन्छ । यस उपन्यासमा पनि साहित्यकार पद्मावतीले 'नारी पुरुष एक सिक्काका दुईपटा' जस्तै हुन् भन्ने यथार्थतालाई देखाउन खोजेकी छन् ।

## २. गुरुप्रसाद मनौलीको 'नासो' कथामा पूर्वीय संस्कृतिको प्रभाव

### २.१ परिचय

समालोचक घनश्याम पुडासैनीका समालोचनात्मक कृतिहरूमध्येको अर्को फुटकर कृतिका रूपमा 'गुरुप्रसाद मैनालीको 'नासो' कथामा पूर्वीय संस्कृतिको प्रभाव' रहेको छ । यस कथासमालोचनामा मैनालीको कथामा पूर्वीय संस्कृतिलाई

हेर्न खोजिएको छ । यस क्रममा मैनालीको जीवनी, व्यक्तित्व र **नासो** कथामा पूर्वीय संस्कृतिको प्रभावलाई हेर्न खोजिएको छ । यस क्रममा उनको सैद्धान्तिक विश्लेषणलाई यसरी प्रस्तुत गरिएको छ ।

## २.२ 'नासो' कथामा पूर्वीय संस्कृति

आधुनिक नेपाली कथाकारको स्थान ओगट्न सफल गुरुप्रसाद मैनालीको पहिलो कथा **नासो** पूर्वीय संस्कृतिको द्योतक हो । यसका पात्रहरूको चरित्र घटनाकृति एवम् हरेक वाक्य वाक्यमा हाम्रो संस्कृतिको उपस्थिति रहेको छ । पुत्र प्राप्तिका निम्ति कोटीहोम र हरिवंश पुराण लगाउनु, चौतारो चिन्नु, बुटी जन्त र बाहुन पूजाआजा र धामी झाँक्री बसाउनु यी सबै क्रियाकलाप **नासो** कथा भित्रको संस्कृतिको उदाहरण हुन भने उता विवाह मण्डपमा बसेका दवैरमणले सुभद्रसँग विवाह भएको अवस्था सम्झनु, जन्ती बीचको ठट्टा दुलही (लक्ष्मी) भित्र्याउँदाको समय सुभद्राले डोले दमाईलाई बिदाइ गरेको स्थिति पनि संस्कृति नै हुन् । उता २/४ वर्षपछि सुशील छोरो खेल्दै गर्दा परेवा साथी बन्नु, सुभद्रा र लक्ष्मी 'कोखाई कोखाई' भन्दा सुशील सुभद्रासँग टाँसिनु, सुशीलले लक्ष्मीलाई दुलही र सुभद्रालाई आमा भन्नु आदि यस कथामा सांस्कृतिक विषय रहेका छन् ।

## २.३ मैनालीको सङ्क्षिप्त चिनारी

गुरुप्रसाद मैनालीको जन्म वि.सं. १९५७ भदौ २ गते धनकुटामा भएको र उनको पुर्ख्यौली थलो चाहिँ काभ्रेपलाञ्चोक कानपुर हो । मैनालीका बाबु धनकुटामा जागिर जीवन बिताइरहेका बखत आमा बाबु त्यहीँ रहेका कारण उनको जन्म धनकुटामा भए तापनि पछि कानपुर र त्यसपछि नुवाकोट कपिलासमा समेत बसोबास भएको भन्ने बुझिन्छ । वि.सं. १९७५ मा निजामती मध्यमा (११ पास) भएका र उक्त परीक्षामा उनी प्रथम भएका थिए । यसै शैक्षिक योग्यताका कारण उनी न्याय क्षेत्रमा २४ वर्षको उमेरमा जागिरमा प्रवेश गरी प्रमोसन हुँदै कानुन मन्त्रालयको उपसचिव र विभिन्न जिल्लाको न्यायाधिश हुनका साथै काठमाडौँ जिल्ला अदालको न्यायाधिश समेत हुन पुगेका देखिन्छन् ।

१९९९ जेष्ठको **शारदा** पत्रिकामा **नासो** कथा प्रकाशित गराएपछि नेपाली कथासाहित्यमा देखा परेका मैनाली नेपालमा प्रजातन्त्र स्थापना (२००७) पूर्व र

त्यसपछि वि.सं. २०२० सम्म लेखेका अन्य कथाहरूमा २०२० सालमा एघारवटा कथा सङ्कलित **नासो** कथासङ्ग्रह प्रकाशित हुन् पुग्यो । कथाकारले आफ्नो कथाहरूमध्ये श्रेष्ठ कथा **नासो** मानेकाले नै यस सङ्ग्रहको मूल शीर्षक **नासो** राखेका हुन् ।

मैनालीले नेपाली आधुनिक कथासाहित्यको श्री गणेशकर्ता बन्ने सौभाग्य पाए । जे होस् उनका कथाहरूमा नेपाली माटो, हावापानी, संस्कार र संस्कृति एवम् ग्रामीण जनजीवनका खुला दर्पण हुन् । कथामा अद्भूत चमत्कार देखाउँदै आधुनिकता आरम्भ गर्ने मैनाली जागिर जीवन पश्चात् मधुमेश रोगले पीडित बन्दै वि.सं. २०२८ जेष्ठ २५ गते देहान्त हुन पुगे ।

## २.४ मैनालीका कथामा प्रवृत्ति

गुरुप्रसाद मैनालीका कथाहरूमा तत्कालीन समाजमा देखिएको नारी समस्या तिनीहरूको मनोदशा र सामाजिक यथार्थलाई चित्रण गर्ने क्रममा सामाजिक घटनाको आरम्भ, विकास र फलागम एवम् समाप्तिका घटनागत संरचना स्वाभाविक भएकाले कथा आकर्षक बन्न पुगेका छन् ।

मैनालीको **नासो** कथाभित्र नैसर्गिक रूपमा रहेको पूर्वीय संस्कृतिको सम्बन्धमा गहन अध्ययनका साथै मूल्याङ्कन गर्न मैनालीका कथागत विशेष्ताको पहिचान गर्नु सान्दर्भिक भएकाले निम्न प्रकृतिहरू बुँदागत आधारमा प्रस्तुत गरिएको छ ।

(१) पूर्वीय संस्कृतिको प्रभावमा आधारित

(२) आदर्शोन्मुख सामाजिक यथार्थ

(३) नारी चेतना र मनोवैज्ञानिकता

(४) नैतिक दृष्टान्त उपमा र उपमेयमा आधारित

(५) भूल, पश्चाताप तथा क्षमा याचना

(६) घटनाप्रधान, घटनाको साङ्गठनिक सुव्यवस्था

(७) आदर्शप्रेम, निम्न तथा मध्यम वर्गीय परिवारका दम्पतीको स्थिति चित्रण

(८) ग्रामीण परिवेश, ग्रामीण जीवनशैली

(९) चरम द्वन्द्वको अवसान र सुधारको उपेक्षा

(१०) धर्म, दर्शन, नीति, निष्ठा आदिको पहिचान आदि गुरुप्रसाद मैनालीको **नासो** कथामा पाइने कथागत प्रवृत्तिहरू हुन् ।

## २.५ निष्कर्ष

गुरुप्रसाद मैनालीका कथामा पाइने अन्य विषयवस्तु र सन्दर्भका पक्षहरूलाई केलाउँदै मूल्यान गर्दै आएको देखिए तापनि उनका कथामा रहेका महत्त्वपूर्ण पक्ष संस्कृतिको प्रभाव सम्बन्धमा व्याख्या र विश्लेषण गर्नु अति उपयोग हुने कुरा मध्येनजर गर्दै सबै कथालाई एक एक गर्दै विश्लेषण गर्न आवश्यक छ । यस लेखमा मैनालीका **नासो** कथामा पाइने पूर्वीय संस्कृतिको प्रभाव सम्बन्धमा अध्ययनका साथ विश्लेषणात्मक तर्क पेश गर्न खोजिएको छ । आदर्श व्यक्तित्व निर्माण र मानवतावादी जीवन दर्शनमा आधारित हाम्रो संस्कृति पूर्वीय हो । यही संस्कृतिले फलिभुत भएको समाज पूर्वीय संस्कृतिमा अगाडि बढिरहेको छ । त्यसैले हाम्रा सबै विधाका साहित्यिक ग्रन्थहरू हाम्रै संस्कृतिका उपज हुन् । संस्कृति मानिस मात्रमा रक्त सञ्चार जस्तै नैसर्गिक रूपमा आबद्ध रहेको हुन्छ । त्यसको मूल्य मान्यता र धारणाको निर्माण संस्कृतिले गरेको हुन्छ ।

# सन्दर्भ सामग्रीसूची

आचार्य, लुमणी (२०६६), *केही समीक्षा केही संस्मरण,* प्रथम सं., काठमाडौँ : दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोष ।

उपाध्याय, केशवप्रसाद (२०४९), *साहित्य प्रकाश,* काठमाडौँ : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), *समकालीन नेपाली कविता प्रवृत्ति,* काठमाडौँ : पैरवी प्रकाशन ।

पुडासैनी, घनश्याम (२०६३), *अचूक अस्मिता,* प्रथम सं., काभ्रेपलाञ्चोक : जनमत प्रकाशन ।

---, (२०७२), "आत्मघातपछिको अभिव्यक्ति", *संस्करण दायित्व वाङ्मय प्रतिष्ठान,* प्रथम सं., नेपाल पुडासैनी दिपेन्द्र तारकेश्वर आवाज, वर्ष १, अङ्क ६, पूर्णाङ्क ६, पौष ।

बराल, कृष्णहरि, एटम नेत्र (२०६९), *नेपाली कथा र उपन्यास,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* काठमाडौँ : ने.प्र.प्र. ।

**पत्रिकाहरू**

हुलाक पत्रिका (२०४२ चौमासिक सङ्कलन पुस १४ गते)

समसामयिक सँगालो (२०४५)

आरोहण साहित्यिक (२०४५, वर्ष ८, अङ्क २)

कान्तिपुर कोशेली (२०५० शनिबार कार्तिक २८)

अभिव्यक्ति साहित्यिक पत्रिका (२०६० दुई महिने सामान्य साहित्यिक पत्रिका वर्ष ३४, अङ्क गृस्मऋतु, पूर्णाङ्क ११४ असार)

चैतन्य ज्योति (२०६१ पूर्णाङ्क ८)

चैतन्य ज्योति (२०६२ वर्ष ८, पूर्णाङ्क ११)

जनमत प्रकाशन (२०६३ प्रथम संस्करण फागुन)

दामोदर घिमिरे (२०६३ प्रथम संस्करण)

Rural Aurora 1 (2012, Vol. 1, No. 1)

Rural Aurora 2 (2013, Vol. 2, No. 2)

सिर्जनात्मक सौगात (२०६९ वर्ष १, अङ्क १ वैशाख)

सिर्जनात्मक सौगात (२०७०, वर्ष ४, अङ्क ४ पौष)

सिर्जनात्मक सौगात (२०७१ वर्ष ५, अङ्क ५)

दायित्व वाङ्मय प्रतिष्ठान (२०७२ मंसिर)

जीतपुर दर्पण स्मारिका (२०७४, वर्ष १, अङ्क १)

सिर्जनात्मक सौगात (२०७६ वर्ष १७, अङ्क ६)

मनमैजु सांस्कृतिक समाज (२०७७, २४ औँ वर्षमा प्रवेश रजतजयन्ती प्रकाशन)